# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ विषयपरिचय

पदम विश्वकर्मा २०२४ असोज १४ गतेका दिन लमजुङ जिल्लाको बलिथुङ भन्ने गाउँमा जन्मेका हुन् । उनी पिता बुद्धिराम विश्वकर्मा र माता जैमाया विश्वकर्माका कान्छो छोरा हुन् । उनले नेपाली साहित्यका विविध विधामा कलम चलाएका छन् । विश्वकर्मा नेपाली साहित्यमा सानैदेखि रूचि राख्ने व्यक्तित्व हुन् । उनले माध्यमिक तहको अध्ययन गर्दा गर्दै २०४० सालतिर राष्ट्रव्यापी रूपमा भएको निबन्ध प्रतियोगितामा भाग लिएर तेस्रो स्थान पनि हासिल गरेका थिए । विक्रम संवत् २०४० सालको प्रतियोगितामा पुरस्कृत भएको 'मानवता' शीर्षकको निबन्ध गोरखापत्रमा प्रकाशित भएसँगै विश्वकर्माको साहित्यिक यात्राको सुरूआत भएको हो । नेपाली साहित्यमा अत्यन्तै रूचि राख्ने विश्वकर्मा आमाको निधन पछिका दिनहरू *गौरी, मुनामदन* जस्ता काव्य रचनाहरू पढेर दिन बिताउँथे । त्यसका अलावा उनले *शिरीषको फूल, दोषी चस्मा* तथा अन्य विभिन्न कविता सङ्ग्रहहरू पनि पढ्ने मौका पाएका थिए भने उनले माध्यमिक तहको अध्ययनमा समेत नेपाली विषयमा सबैभन्दा बढी अङ्क ल्याएका थिए ।

पदम विश्वकर्मा पारिजात, विश्वेश्वरप्रसाद कोइराला, गुरूप्रसाद मैनाली जस्ता दिग्गज साहित्यकारहरूका साहित्यिक रचनाहरूबाट बढी प्रभावित भएका थिए । विश्वकर्मा पछिल्लो समय कृष्ण धराबासी, अमर न्यौपाने, नीलम कार्की निहारिका, नारायण ढकाल आदि साहित्यकारहरूको साहित्यिक कृतिहरूबाट बढी प्रभावित देखिन्छन् ।

अमेरिकालाई कर्मथलो बनाएर बस्दै आएका साहित्यकार पदम विश्वकर्मा प्रवासमा रहेर पनि नेपाली साहित्यलाई अत्यन्तै माया गर्ने र साहित्यिक क्षेत्रमा लागिरहने एक साहित्य साधक हुन् । उनी प्रवासमा रहेर त्यहाँ रहेका नेपालीहरूको जीवन भोगाइलाई आफ्ना रचना मार्फत प्रस्तुत गर्ने साहित्यकार हुन् । विश्वकर्मा प्रवासमा रहेर पनि नेपाली भाषा र साहित्यमा निरन्तर लागिरहने कुशल स्रष्टा हुन् ।

विश्वकर्माका कविता, कथा र उपन्यास औपचारिक रूपमा प्रकाशित कृति भए पनि उनको औधि मनपर्ने विधा चाँहि निबन्ध हो । साहित्यका यी विधा बाहेक उनले गीत, गजल, नियात्रा, स्मरण जस्ता रचनाहरूमा पनि कलम चलाएका छन् । यी विविध विधामा कलम चलाउने स्रष्टा विश्वकर्माका रचनाहरूमा प्राय गरेर प्रवासीको पीडा, स्वदेश प्रतिको प्रेम र जातीय विभेदका विषयवस्तु समेटिएका हुन्छन् ।

नेपाली साहित्यमा अनवरत रूपमा कलम चलाउँदै आएका विश्वकर्माका हालसम्म ***'शब्द सुमन'*** *(२०७०) कविता सङ्ग्रह,* ***'तमसुक'*** *(२०७६) कथा सङ्ग्रह र* ***'क्वारेन्टाइन'*** *(२०७८)* उपन्यास गरी जम्मा तीनवटा कृतिहरू प्रकाशित छन् । प्रायः गरेर मध्यम आयामका कृतिहरूको रचना गर्ने विश्वकर्मा डा. अम्वेडकर अन्तर्राष्ट्रिय पुरस्कार लगायत अन्य विभिन्न पुरस्कार र सम्मानबाट सम्मानित व्यक्तित्व हुन् । *अर्न्तदृष्टि* पत्रिकाका सम्पादक, नेपाल रेडक्रस सोसाइटीका वरिष्ठ अधिकृत जस्ता पदमा रहेर उनले काम गरेका छन् । नेपाली साहित्यका क्षेत्रमा आफ्नो पहिचान बनाइसकेका विश्वकर्मा र उनको कृतिहरूको अध्ययन पनि एउटा अनुसन्धानको विषय बन्न पुगेको छ । यिनै पदम विश्वकर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन एवं विश्लेषण यस शोधकार्यमा गरिएको छ ।

## १.२ समस्याकथन

नेपाली साहित्यका क्षेत्रमा आबद्ध रहेका पदम विश्वकर्मा साहित्यका कथा, कविता, उपन्यास आदि विधामा कलम चलाउने सिर्जनशील व्यक्तित्व हुन् । नेपाली साहित्यका यी विविध विधामा कलम चलाउने विश्वकर्माका बारेमा खासै मह□वपूर्ण खोज तथा अनुसन्धान भएको देखिदैन । विश्वकर्माको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा अहिलेसम्म पनि खोजी गरेर उनको साहित्यिक योगदानलाई बाहिर ल्याउन नसक्नु नै समस्याको विषय भएको छ । प्रस्तुत शोधपत्रमा विश्वकर्माको जीवनी, व्यक्तित्व र कृतित्वका विभिन्न पक्षहरूलाई प्रकाशमा ल्याउनका लागि निम्नलिखित समस्याहरू तय गरिएको छ :

१. पदम विश्वकर्माको जीवनी केकस्तो रहेको छ ?

२. पदम विश्वकर्माको व्यक्तित्व केकस्तो रहेको छ ?

३. पदम विश्वकर्माका कविता केकस्ता रहेका छन् ?

४. पदम विश्वकर्माको उपन्यास केकस्तो रहेको छ ?

५. पदम विश्वकर्माका कथा केकस्ता रहेका छन् ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधकार्यको समस्या कथनमा उठाइएका समस्याहरूको समाधान गर्नु नै यस शोधकार्यको मूल उद्देश्य रहेको छ । यस शोधकार्यका लागि विशिष्ट उद्देश्यहरू निम्नलिखित रूपमा प्रस्तुत गरिएका छन् :

१. पदम विश्वकर्माको जीवनीको अध्ययन गर्नु

२. पदम विश्वकर्माको व्यक्तित्वको अध्ययन गर्नु

३. पदम विश्वकर्माका कविताको अध्ययन र विश्लेषण गर्नु

४. पदम विश्वकर्माको उपन्यासको अध्ययन र विश्लेषण गर्नु

५. पदम विश्वकर्माका कथाको अध्ययन र विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

आधुनिक नेपाली साहित्यको समसामयिक धारामा देखापरेका पदम विश्वकर्मा साहित्यका विविध विधामा कलम चलाउने प्रतिभावान साहित्यकार हुन् । विभिन्न पत्रपत्रिकाहरूमा कृतिको समीक्षा र प्रकाशित कृतिहरूमा भूमिका लेखन बाहेक उनको समग्र जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा आजसम्म खासै अध्ययन अनुसन्धान भएको देखिदैन । हालसम्म उनका बारेमा जे जति अध्ययन भएका छन् तिनीहरूलाई निम्नलिखित रूपमा प्रस्तुत गरिएको छ :

प्रा.डा. खगेन्द्रप्रसाद लुइटेलले *'शब्द सुमन'* (२०७०) कविता सङ्ग्रहको भूमिकामा पदम विश्वकर्माका लेखनाभ्यासको पहिलो पुस्तकाकार कृति भएकोले यसले विशेष मह�व राख्छ तर यसैबाट यिनको समग्र कवित्वको मापन भने हुँदैन । आगामी दिनमा यिनको लेखनले प्रदान गर्ने निरन्तरता र स्तरीयताले यिनको कवित्व पनि क्रमशः खारिँदै माझिँदै जाने कुरामा विश्वस्त रहेको कुरा व्यक्त गरेका छन् ।

मनु ब्राजाकीले *'शब्द सुमन'* (२०७०) कविता सङ्ग्रहमा विश्वकर्माको कविता सङ्ग्रह पहिलो भएकाले कविले पाठकलाई शिल्पचातुर्यले अल्मल्याउने कुरा व्यक्त गरेका छन् । उनले सरलता, भावप्रवणता र वैचारिक स्पष्टता कविताका प्रेयगुण र वैशिष्ट्य बनेको कुरा पनि उल्लेख गरेका छन् ।

गीता खत्रीले *'शब्द सुमन'* (२०७०) कविता सङ्ग्रहमा विश्वभर छरिएका नेपाली भाषाभाषीहरूको थरीथरीका सिर्जनाका फूलहरू टिप्दाटिप्दै एउटा माला उन्ने प्रयास

अनेसासले गरेको र तिनै फूलहरूमध्येको एउटा फूल विश्वकर्माको *शब्दसुमन* कविता सङ्ग्रह भएको कुरा उल्लेख गरेकी छन् ।

ज्ञानेन्द्र गदालले *'शब्द सुमन'* (२०७०) कविता सङ्ग्रहमा शुभकामना दिँदै यस कविता सङ्ग्रहभित्र रहेका कविताहरूलाई मालामा प्रयोग गरिएका कविता, गीत, गजलरूपी फूलहरू (विचार र भाव) अत्यन्त सुन्दर हुँदाहुँदै पनि मालामा आकर्षण (कलापक्ष) अलिकति कमजोर देखिएको कुरा उल्लेख गरेका छन् ।

ज्ञानु अधिकारीले *'तमसुक'* (२०७६) कथा सङ्ग्रहको भूमिकामा पदम विश्वकर्माका कथामा विषम परिस्थितिको चित्रण शीर्षक राखेर कथा सङ्ग्रहको सङ्क्षिप्त विश्लेषण गरेकी छन् । उनले यसमा कथाकार कथाहरूमा आफू स्वयं कतै भोक्ताका रूपमा, कतै स्रोताका रूपमा र कतै द्रष्टाका रूपमा उपस्थित भएको बताएकी छन् । राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशका विषय सन्दर्भ प्रस्तुत भएका कथाहरू छोटा र सतही भएको र आगामी दिनमा परिष्कृत र परिमार्जन भएर आउने अपेक्षा गरेकी छन् ।

माया ठकुरीले *'तमसुक'* (२०७६) कथा सङ्ग्रहमा पदम विश्वकर्माका कथाहरूमा समाजमा भएका विकृति, साँघुरो मानसिकता र असन्तुष्ट चाहनाले गर्दा छरपष्ट भएका जीवनहरूको पीडालाई रोचक किसिमले उजागर गरिएको कुरा उल्लेख गरेकी छन् ।

नीलम कार्की निहारिकाले *'तमसुक'* (२०७६) कथा सङ्ग्रहमा शुभकामना व्यक्त गर्दै उनले वर्तमानमा घरदेखी परदेशसम्मको जीवन भोगाई आयामका सामाजिक चित्रणका साथै उहाँको सुखद आगमन भएको कुरा व्यक्त गरेकी छन् ।

अरूणबहादुर खत्री नदीले *अक्षरमार्ग* (२०७९ माघ चैत्र) मा *'क्वारेन्टाइन'* माथि दुईचार कुरा शीर्षक दिएर समीक्षा गरेका छन् । उनले उपन्यासकार पदम विश्वकर्माको कलमले नेपाली समाजका अन्य अँध्यारा पक्षको अनुशीलन गर्दै नयाँ कृतिहरू जन्मन सकोस् भन्ने अपेक्षा राखेका छन् ।

उपर्युक्त विवरणहरू बाहेक पदम विश्वकर्माका बारेमा विस्तृत अध्ययन तथा अनुसन्धान भएको देखिदैन । माथिका विवरणले पनि विश्वकर्माका बारेमा समग्र रूपमा जानकारी दिनसकेको देखिदैन । यसरी उनका बारेमा विस्तृत चर्चा परिचर्चा नभएकाले यस अभावलाई पूर्ति गर्ने उद्देश्यले प्रस्तुत शोधपत्रमा पदम विश्वकर्माको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा समग्र अध्ययन एवं विश्लेषण गरिएको छ ।

## १.५ शोधकार्यको मह□व र उपयोगिता

पदम विश्वकर्माको धेरै चर्चा परिचर्चा भएको देखिदैन । केही अध्येताहरूले उनका बारेमा धेर थोर मात्रामा जानकारी दिएको भए तापनि ती पर्याप्त छैनन । यसकारण पदम विश्वकर्माको जीवनी, व्यक्तित्व र कृतित्वका सम्पूर्ण पक्षहरूको विस्तृत र व्यापक अनुसन्धान गरी सही निष्कर्ष प्रस्तुत गरिएकोले यो शोधकार्य स्वतः औचित्यपूर्ण रहेको छ । यसका साथै थप अध्ययन गर्न चाहने अन्य जिज्ञासु पाठकवर्ग तथा शोधकर्ताहरूका लागि मार्गनिर्देश गर्न पनि यो शोधकार्य सहयोगी र उपयोगी रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्यको क्षेत्र पदम विश्वकर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन एवं विश्लेषण हो । उनको जीवनीका विविध पाटाहरूका साथै उनका कृतिहरूको अध्ययन र विश्लेषण गर्नु यस शोधकार्यको सीमा रहेको छ ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्यलाई पूरा गर्न आवश्यकता अनुसार प्रत्यक्ष भेटघाट, प्रश्नोत्तर, अनलाइन, वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । पुस्तकालयीय र क्षेत्रीय विधिबाट सामग्रीलाई परम्परित र वैज्ञानिक दुबै सैद्धान्तिक पद्धतिको आवश्यक उपयोग गरी अध्ययन विश्लेषण गरिएको छ । जीवनी र व्यक्तित्वका लागि जीवनीपरक र प्रभावपरक पद्धति अपनाइएको छ । कृतिको अध्ययनका लागि विश्लेषणात्मक दृष्टिकोण अपनाइएको छ । प्रस्तुत शोधकार्यलाई विश्वसनीय र पूर्ण प्रमाणिक ढङ्गले सम्पन्न गर्न सामग्रीको सङ्कलन र अध्ययनको आवश्यकता रहेको छ । प्रस्तुत शोधकार्य पूरा गर्न प्राथमिक सामग्रीका रूपमा पदम विश्वकर्माका प्रकाशित साहित्यिक कृतिहरूलाई लिइएको छ । द्वितीयक सामग्रीको रूपमा शोध नायकसँगको अन्तर्वार्ता र उनका बारेमा लेखिएका लेख तथा विभिन्न पुस्तकाकार कृतिहरूका साथै विभिन्न व्यक्तिहरूबाट आवश्यक जानकारी लिइएको छ साथै आवश्यकता अनुसार पुस्तकालयीय अध्ययन विधिको समेत उपयोग गरिएको छ ।

### १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सात परिच्छेदमा विभाजन गरिएको छ । प्रत्येक परिच्छेदमा शीर्षक राखी आवश्यकतानुसार उपशीर्षक राखेर विस्तृत अध्ययन गरिएको छ । शोधपत्रको रूपरेखा यसप्रकार रहेको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : पदम विश्वकर्माको जीवनी

तेस्रो परिच्छेद : पदम विश्वकर्माको व्यक्तित्व

चौथो परिच्छेद : पदम विश्वकर्माको कविताकृतिको विश्लेषण

पाँचौं परिच्छेद : पदम विश्वकर्माको उपन्यासको विश्लेषण

छैटौं परिच्छेद : पदम विश्वकर्माको कथासङ्ग्रहको विश्लेषण

सातौं परिच्छेद : सारांश तथा निष्कर्ष

सन्दर्भग्रन्थ सूची

# दोस्रो परिच्छेद
# पदम विश्वकर्माको जीवनी

## २.१ विषय परिचय

पदम विश्वकर्मा नेपाली साहित्यका बहुमुखी प्रतिभाका धनी व्यक्तित्व हुन् । २०२४ सालमा जन्मेका विश्वकर्मा नेपाली साहित्यका साधक हुन् । उनले नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएका छन् । प्रवासमा बसेर पनि नेपाली साहित्यलाई अत्यन्तै माया गर्ने विश्वकर्माको जीवनी यसप्रकार रहेको छ :

### २.१.१ जन्म र जन्मस्थान

पदम विश्वकर्माको जन्म २०२४ साल असोज १४ गतेका दिन बलिथुङ लम्जुङमा भएको हो । उनका पिताको नाम बुद्धिराम विश्वकर्मा र माताको नाम जैमाया विश्वकर्मा हो । पदम विश्वकर्माको वास्तविक नाम पदम बहादुर विश्वकर्मा हो ।

### २.१.२ बाल्यकाल

पदम विश्वकर्माको बाल्यकाल एउटा निम्नवर्गीय परिवारमा बितेको देखिन्छ । उनको परिवार बलिथुङबाट बसाई सरेर धमिलिकुवामा आएको थियो । उनको बाल्यकाल धमिलिकुवामा खेल्दै रमाउँदै बित्यो । उनका बुवा मलायामा सुनका गहना बनाउने सिलसिलामा केही वर्ष विदेशिनु भएको देखिन्छ । उनका जेठा दाइ २० वर्षको भएपछि मात्र माइला दाइको जन्म भएको देखिन्छ । माइला दाइ ४ वर्षको हुँदा मात्र पदम विश्वकर्माको जन्म हुन पुग्यो । उनी जन्मदा उनको आमाको उमेर ४५ वर्षको थियो । विश्वकर्मा १३ वर्षको हुँदा उनको आमाको निधन भएको देखिन्छ । १३ वर्षको कलिलो उमेरमा आमा गुमाउन पुगेका विश्वकर्मा १८ वर्षको उमेरमा बुवा पनि गुमाउन पुग्छन् । सानैमा बुवा आमा गुमाएका विश्वकर्माको बाल्यकाल सङ्घर्षमै बितेको छ ।

### २.१.३ शिक्षादीक्षा

पदम विश्वकर्माको शिक्षादीक्षा ६ वर्षको उमेरमा धामिलिकुवा स्थित निम्नमाध्यमिक विद्यालयबाट आरम्भ भएको छ । निम्नमाध्यमिक तहसम्मको अध्ययन धामिलिकुवामै गरेका विश्वकर्माको हाइस्कूलको अध्ययन चाहिँ कालिका माध्यमिक विद्यालय तनहुँबाट पुरा भएको

छ । माध्यमिक तहको अध्ययन तनहुँबाट सकेपछि विश्वकर्मा उच्च शिक्षाको खोजीमा देशको राजधानी काठमाडौँ आएका छन् । काठमाडौँमा रहेका विभिन्न कलेजहरू मध्ये विश्वकर्मालाई प्रदर्शनीमार्ग स्थित रत्न राज्यलक्ष्मी क्याम्पस उनको रोजाइमा पऱ्यो र उनले त्यहीबाट आइ ए सम्मको अध्ययन पुरा गरे । आइ ए को पढाइ सकिएपछि विश्वकर्मा स्नातक तहको अध्ययनका लागि घण्टाघरस्थित त्रिचन्द्र क्याम्पसमा भर्ना भएर स्नातक तहको अध्ययन पुरा गरे । स्नातक तहसम्म नेपाली साहित्यमा अध्ययन गरेका विश्वकर्माले स्नातकोत्तर तह भने विश्वविद्यालय क्याम्पस कीर्तिपुरबाट समाजशास्त्र मानवशास्त्र विषय अध्ययन गरेका छन् ।

### २.१.४ विवाह तथा दाम्पत्य जीवन

पदम विश्वकर्माको विवाह २०४८ साल फागुन महिनामा कमला विश्वकर्मासँग भएको हो । २४ वर्षको उमेरमा वैवाहिक जीवनमा बाँधिएका विश्वकर्माको जीवन सामान्य तरिकाले नै व्यतित भइरहेको छ । उनका हाल दुई छोरा र जीवनसँगिनी सहित हाँसीखुशी जीवन बिताइरहेका छन् । विश्वकर्मालाई श्रीमतीको साथ र सहयोग सबैतिरबाट मिलेको छ । अझै भनौँ पहिलो चिनजान अर्थात एस.एल.सी. परीक्षाको तयारी गर्ने सिलसिलाबाट नै उनको सहयोग रहेको छ । आफ्नो दाम्पत्य जीवन सुखमय र खुशीमय तरिकाले बिताइरहेको र आगामी दिनहरू पनि यसरी नै बिताउन पाइयोस भन्ने विश्वकर्माको चाहना रहेको छ । विश्वकर्मा आफ्नो दाम्पत्य जीवनबाट अत्यन्त सन्तुष्ट रहेका छन् ।

### २.१.५ पारिवारिक तथा आर्थिक अवस्था

पदम विश्वकर्माको बाल्यकाल निम्न मध्यम वर्गीय परिवारमा बितेको थियो । उनको बाल्यकाल दुःखपूर्ण अवस्थामा गुज्रिरहे तापनि अहिले चारजनाको सुखी परिवार रहेको छ । सन्तानको उज्ज्वल भविष्यका लागि सङ्घर्षरत रहेका विश्वकर्मा आफ्नो कमाई साथै व्यवसायबाट जीवन अगाडि बढाइरहेका छन् । विश्वकर्मा आफुलाई दुःखसँग लड्न सक्ने व्यक्तिका रूपमा चिनाउछन् । उनको बाल्यकाल गरिबी र दुःखमा बितेको छ । आफ्नै मिहिनेतले पढाई सकेको हुँदा गरिबीलाई जरैदेखि उखेल्नका लागि उनी अमेरिका पुगेका हुन् । काठमाडौँमा रहँदा रेडक्रस सोसाइटीमा अधिकृतस्तरको जागिर गरिरहेका उनी त्यसबाट आएको कमाईले केवल गुजारामात्र चल्ने र गरिबीलाई निवारण गर्न नसकिने देखेर आफ्नो मेहनतलाई अमेरिकामा बेच्ने सोचाई बनाएर अमेरिका आएका हुन् । सानै उमेरमा

आमा र बुवा दुबै गुमाएका विश्वकर्माले आफ्नो देशमा जे जति दुःख भोग्नुपर्‍यो अमेरिकामा पनि त्यति नै दुःख र संघर्ष गर्नुपरेको कुरा उल्लेख गरेका छन् ।

### २.१.६ स्वभाव र बानी व्यवहार

स्वभाव भनेको आनीबानी, चालचलन, आदत, जन्मजात तथा प्राकृतिक गुण हो । हरेक मान्छेको स्वभाव फरक फरक हुन्छ । कुनै पनि मानिसको स्वभाव अरू कसैसँग मिल्दैन । कुनै मानिस हेर्दाखेरी नै रिसाहा रुढजस्तो लाग्छ भने कुनै मानिस शान्त, हँसिलो । पदम विश्वकर्मा शान्त र गम्भीर स्वभावका व्यक्ति हुन् । उनी सरल, नम्र, मृदुभाषी र कुशल सङ्गठक पनि हुन् । विश्वकर्माको बोलेर भन्दा काम गरेर देखाउने स्वभाव रहेको छ । उनी समाजमा रहेको कथित तल्लो वर्गका नाममा माथिल्लो वर्गले गर्ने छुवाछुत र विभेदका विरुद्धमा आवाज उठाउछन् र त्यसको खुलेर विरोध गर्दछन् ।

हँसिलो स्वभावका विश्वकर्मा शान्त र गम्भीर छन् । आफूलाई म केही पनि होइन भन्ने ठान्ने विश्वकर्मा दुःखसँग लड्नसक्ने व्यक्तिका रूपमा आफूलाई चिनाउछन् । उनी दुःखसँग लडेर पनि जिन्दगीमा केही गर्नुपर्छ भन्ने सकरात्मक मान्यता बोकेका व्यक्ति हुन् । निम्नवर्गीय परिवारमा जन्मेका विश्वकर्मा सानैदेखि नेपाली साहित्य पढ्न रूचाउँथे । आफ्ना जेठा दाइले काठमाडौं, पोखरा जाँदा साहित्यका पुस्तकहरू ल्याउने भएकाले तिनै पुस्तकहरू पढ्ने आदत हुँदै जाँदा उनी नेपाली साहित्यप्रति आकर्षित भएको देखिन्छ । नेपाली साहित्यकारका कृतिहरू बढी रुचाउने विश्वकर्मा पारिजात, विश्वेश्वरप्रसाद कोइराला, गुरूप्रसाद मैनाली तथा पछिल्लो समयका कृष्ण धराबासी, अमर न्यौपाने, नीलम कार्की निहारिका र नारायण ढकाल आदि व्यक्तित्वहरूका रचना बढी मन पराउछन् । विदेशको बसाइ, काम र जिम्मेवारीको व्यस्तता भएर पनि साहित्यतिर लाग्ने, समय मिलाएर पढ्ने र लेख्ने गर्दछन् । साहित्यका विभिन्न विधामा कलम चलाएका विश्वकर्माको रूचि भने कथा, उपन्यास, नियात्रा र निबन्ध लेखनमा बढी रहेको पाइन्छ ।

### २.१.७ सेवा अनुभव

पदम विश्वकर्मा आफूले बाँचेको जीवनलाई अनुभवहरूको सङ्गालो मान्दछन् । २०४८ सालदेखि २०५८ सालसम्म नेपाल रेडक्रस सोसाइटीमा लामो समयसम्म अधिकृतस्तरको जागिरे जीवन बिताएका विश्वकर्मा अमेरिका गएदेखि भने व्यापारमा क्रियाशील रहेको देखिन्छ ।

### २.१.८ भ्रमण

विभिन्न ठाउँहरूमा घुमफिर गर्न रुचाउने पदम विश्वकर्माले नेपालका धेरै क्षेत्रहरूको भ्रमण गरिसकेका छन् । उनले छिमेकी देश भारत लगायत स्वीट्जरल्याण्ड, थाइल्याण्ड, सिङ्गापुर आदि देशको भ्रमण गरेका छन् ।

### २.१.९ संस्थागत संलग्नता

पदम विश्वकर्मा फरक फरक अनुभव लिन विभिन्न संघसंस्थामा आवद्ध भएका छन् । २०४८ सालदेखि नै विभिन्न संघसंस्थामा आवद्ध भएर काम गरिरहेका उनी हाल अमेरिकाको अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास), बोर्ड अफ ट्रष्टीको अध्यक्षका रूपमा काम गरिरहेका छन् । हालसम्म पदम विश्वकर्मा निम्नलिखित संस्थाहरूमा आबद्ध रहेको देखिन्छ :

- कार्यक्रम अधिकृत एवं प्रशासनिक अधिकृत, नेपाल रेडक्रस सोसाइटी (दश वर्ष),
- अध्यक्ष, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, कोलोराडो च्याप्टर २०१०–२०१२,
- महासचिव, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, केन्द्रीय कार्यसमिति २०१२–२०१४,
- अध्यक्ष, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, केन्द्रीय कार्यसमिति २०१४–२०१८,
- सल्लाहकार, नासो कम्युनिटी, अमेरिका,
- सल्लाहकार, ब्लड डोनर्स अफ अमेरिका,
- वरिष्ठ उपाध्यक्ष, जातीय भेदभाव विरुद्ध विश्वमञ्च,
- अध्यक्ष, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको बोर्ड अफ ट्रस्टी,

यसरी पदम विश्वकर्मा विभिन्न साहित्यिक संस्थाहरूमा आबद्ध रहेर नेपाली साहित्यको विकासमा ईँटा थप्ने काम गरिरहेका छन् । त्यस्ता संस्थाहरूको संस्थापक अध्यक्ष देखि लिएर कार्यसमिति अध्यक्षसम्म रहेका विश्वकर्मा नेपाली साहित्यका एक कुशल साहित्यकार हुन् ।

### २.१.१० लेखनको प्रारम्भ र प्रकाशनको थालनी

सानै उमेरमा आमाको अभाव खट्किदा *गौरी र मुनामदन* जस्ता काव्यकृतिहरू अध्ययन गरेर आफ्नो दुःख भुलाउँदै सानै देखि साहित्यमा औधि रूचि राख्ने पदम विश्वकर्माले २०४० सालबाट औपचारिक रूपमा साहित्य क्षेत्रमा प्रवेश गरेका हुन् । अग्रज

व्यक्तित्वहरूका रचना पढेर आफूलाई पनि साहित्य लेखनतिर अगाडि बढाउने प्रयास गर्ने विश्वकर्माले हाइस्कूल तहदेखि नै विभिन्न जिल्लास्तरीय प्रतियोगिताहरूमा भाग लिंदै आए र पुरस्कार समेत पाए । २०४० सालमा लेखिएको *मानवता* शीर्षकको निबन्ध उनको साहित्यिक यात्राको पहिलो खुड्किलोका रूपमा रहेको छ ।

कृति प्रकाशनको शुभ दिनका लागि भने पदम विश्वकर्माले २०७० साललाई पर्खनु परेको देखिन्छ । २०७० सालमा प्रकाशित भएको कविता सङ्ग्रह *'शब्द सुमन'* नै उनको पहिलो पुस्तकाकार कृति रहेको छ । तीनवटा कृतिहरू प्रकाशन गरिसकेका विश्वकर्माका कृतिहरूमा *'तमसुक'* (२०७६) कथा सङ्ग्रह र *'क्वारेन्टाइन'* (२०७८) उपन्यास रहेका छन् ।

यसरी २०४० सालबाट साहित्यिक यात्राको थालनी गरेका पदम विश्वकर्माको यात्रा निरन्तर अगाडि बढिरहेको छ । विश्वकर्माले अझै उत्कृष्ट कृतिहरूको सिर्जना गरेर नेपाली साहित्यको क्षेत्रमा अरू योगदान गर्ने सम्भावना रहेको छ ।

### २.१.११ प्रकाशित कृतिहरू

पदम विश्वकर्माले २०७० सालमा *'शब्दसुमन'* कविता सङ्ग्रह प्रकाशन गरेर आफ्नो कृति प्रकाशनको यात्रा सुरू गरेको देखिन्छ । विश्वकर्माका कविता, कथा र उपन्यास प्रकाशित छन् जुन यसप्रकार देखाइएको छ :

| क.सं. | कृतिहरू | विधा | प्रकाशित साल | प्रकाशक |
|---|---|---|---|---|
| १ | *शब्द सुमन* | कविता | २०७० | अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, संयुक्त राज्य अमेरिका |
| २ | *तमसुक* | कथा | २०७६ | शिखा बुक्स |
| ३ | *क्वारेन्टाइन* | उपन्यास | २०७८ | साङ्ग्रिला पुस्तक प्रा.लि. |

यसरी पदम विश्वकर्माले तीनवटा कृतिहरू प्रकाशित गरेर नेपाली साहित्यमा मह□वपूर्ण योगदान पुऱ्याएका छन् । उनका कृतिहरू सामाजिक विषयवस्तुमा अडेर तथा सामाजिक मुद्दामा रहेर छुवाछुत, विभेद, गरिबी जस्ता विषयवस्तु माथि व्यङ्ग्य हान्न खप्पिस छन् ।

### २.१.१२ सम्पादन

बहुमुखी प्रतिभाले ओतप्रोत व्यक्तित्व पदम विश्वकर्माले विभिन्न क्षेत्रमा आफ्नो कुशलता प्रदर्शन गरेका छन् । उनले *अन्तर्दृष्टि* (२००३ देखि २००५, २०१२ देखि हालसम्म) पत्रिकाको सम्पादकको रूपमा काम गरेका छन् भने *अनेसास कोलोराडो, अनेक डायस्पोरामा देवकोटा, पत्र अनेसास केन्द्र* जस्ता पत्रिकाहरू तथा विभिन्न पुस्तकहरू पनि सम्पादन गरेको देखिन्छ ।

### २.१.१३ सम्मान तथा पुरस्कार

पदम विश्वकर्माले नेपाली साहित्यको सेवा गर्नुका साथै अन्य विभिन्न संस्थामा संलग्न रहेर काम गरेका छन् । कुनै पनि कर्मठ व्यक्तिलाई हौसला, उत्प्रेरणा र साहस दिनका लागि सम्मानित वा पुरस्कृत गर्नुपर्दछ अनिमात्र त्यो व्यक्ति आफ्नो कामप्रति दत्तचित्त भएर काममा निरन्तर लागिपर्दछ । पदम विश्वकर्मालाई पनि दर्जनौं मानसम्मानले हौसला बढाएको देखिन्छ ।

निरन्तर रूपमा साहित्यको पुजारी बन्दै आएका विश्वकर्मा डा. अम्वेडकर अन्तर्राष्ट्रिय पुरस्कार (२०१८) तथा अन्य थुप्रै पुरस्कार एवं सम्मानबाट सम्मानित भएको देखिन्छ ।

### २.१.१४ प्रभाव र प्रेरणा

पदम विश्वकर्मा नेपाली साहित्यमा परिचित नाम हो । आफ्नो मेहनत र दुःख सुखले अगाडि बढ्दै गएका विश्वकर्माले साहित्यिक फाँटमा आफूलाई फराकिलो बनाउँदै गएका छन् । उनी आफ्ना अग्रजका पुस्तक रचना पढेर प्रभावित भएका छन् । सानै उमेरमा बुवा आमा गुमाएका विश्वकर्मा साहित्यिक कृतिहरू पढेर आफ्नो मन बुझाउने गर्दथे । सानैमा साहित्यिक कृति पढ्दै गर्दा उनलाई नेपाली साहित्यप्रति निकै रूचि बढ्दै गएको देखिन्छ । माध्यमिक तहदेखि नै विभिन्न साहित्यिक प्रतियोगितामा सहभागी हुँदै आएका विश्वकर्मा विद्यालयस्तरदेखि नै नेपाली विषयमा रूचि राख्दथे । पारिजात, विश्वेश्वरप्रसाद कोइराला, गुरूप्रसाद मैनाली आदि साहित्यकारहरूको साहित्यबाट प्रभावित भएर साहित्यतिर लागेका विश्वकर्मा पछिल्लो समय कृष्ण धराबासी, अमर न्यौपाने, नीलम कार्की निहारिका, नारायण ढकाल आदिका रचनाहरू बढी मन पराउँछन् । नेपाली साहित्यमा लाग्नका लागि उनको प्रेरणाको स्रोत जेठा दाजुलाई लिन्छन् । उनका दाइ उपन्यासहरू पढ्ने र पोखराबाट घर

फर्कदा विभिन्न किताबहरू लिएर आउने भएकाले उनी बाल्यकालदेखि नै तिनै पुस्तक पढेर नेपाली साहित्यप्रति रूचि राख्न थाले ।

### २.१.१५ धारणा/मान्यता

पदम विश्वकर्मा परिश्रमी, लगनशील र सकरात्मक सोचाइ भएका व्यक्ति हुन् । उनी जहिल्यै पनि आफू दुःखसँग लड्न सक्ने व्यक्तिका रूपमा चिनाउछन् । उनी समाजमा रहेका जातीय विभेदका विरूद्धमा सधैँ साहित्य र सिर्जना मार्फत वकालत गर्दछन् । उनी समाजमा रहेका विभिन्न विभेदहरू अन्त्य हुनुपर्छ भन्ने धारणा राख्दछन् । आफ्ना गल्ती, कमी, कमजोरी सजिलैसँग स्वीकार गर्ने विश्वकर्मा एक सकरात्मक, उर्जाशील र परिवर्तनशील सोच भएका व्यक्ति हुन् ।

### २.१.१६ निष्कर्ष

पदम विश्वकर्मा नेपाली साहित्यका एक कुशल व्यक्तित्व हुन् । लम्जुङ जिल्लामा जन्मिएका विश्वकर्माको पठनपाठन सोही जिल्लाको धमिलिकुवा भन्ने गाउँबाट सुरू भएको छ । गरीब परिवारमा जन्मेका विश्वकर्माले सानै उमेरमा आमा बुबा गुमाएका छन् । आमाबुवाको मृत्युपछि नेपाली साहित्यका कृतिहरू पढ्दै आफ्नो मन बुझाउने विश्वकर्मा पछि साहित्यतिर आकर्षित भएका छन् । आफ्नो अध्ययन सकेर विवाह बन्धनमा बाँधिएका विश्वकर्माको दाम्पत्य जीवन सुखमय रहेको देखिन्छ । निम्नवर्गीय परिवारमा बाल्यकाल विताएका विश्वकर्माको आर्थिक अवस्था अहिले राम्रो रहेको छ । हँसिलो अनुहार र शालीन व्यक्तित्व भएका विश्वकर्माले सानै उमेरमा थुप्रै सेवा र अनुभवहरू बटुलेका छन् । विभिन्न संघ संस्थाहरूमा संलग्न रहेका विश्वकर्मा कामकै सिलसिलामा विभिन्न देशको भ्रमण गरेका छन् । साहित्यका विभिन्न विधामा कलम चलाएर साहित्यकार व्यक्तित्व बनाइसकेका विश्वकर्मा सम्पादक व्यक्तित्वका रूपमा पनि चिनिन्छन् । अग्रज साहित्यकारहरू गुरूप्रसाद मैनाली, विश्वेश्वरप्रसाद कोइराला आदिका कृतिहरूबाट प्रभावित भएका छन् । विश्वकर्मा परिश्रमी, लगनशील र सकरात्मक सोचाइ राख्नुपर्छ भन्ने मान्यता राख्दछन् ।

# तेस्रो परिच्छेद

# पदम विश्वकर्माको व्यक्तित्व

## ३.१ विषय परिचय

पदम विश्वकर्मा नेपाली साहित्यमा बहुमुखी प्रतिभाका धनी व्यक्तित्व हुन् । उनले साहित्यका कविता, कथा, उपन्यास लगायत अन्य विधाहरूमा पनि कलम चलाएका छन् ।

व्यक्तित्व भनेको कुनै पनि व्यक्तिको निजी गुण वा विशेषता हो । व्यक्तिको मानसिक प्रक्रियामा हुने एकरूपताको निर्माण नै व्यक्तित्व हो । जुनसुकै व्यक्तिको व्यक्तित्व निर्माणमा उसले आफ्नो जीवन जगत्मा भोगेका, अनुभव गरेका आरोह अवरोह, उतार चढाव, मोड उपमोड, सुख दुःख आदिले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यिनका अतिरिक्त शिक्षा दीक्षा, पेशा, रूचि, सङ्गत र जीवन जगत्प्रतिको दृष्टिकोणले पनि व्यक्तित्व निर्माणमा सहयोग गर्दछ । व्यक्तिको व्यक्तित्व बाह्य र आन्तरिक गरी दुई प्रकारका हुन्छन् । व्यक्तिको बाह्य व्यक्तित्व उसको शारीरिक बनोट, रूपाङ्ग, हाउभाउ अर्थात बाहिरबाट हेर्दा पहिचान गर्न सकिने शारीरिक व्यक्तित्वसँग सम्बन्धित हुन्छ भने आन्तरिक व्यक्तित्व व्यक्तिमा अन्तर्निहित गुण, स्वभाव, आचार, विचार, प्रवृत्ति, क्षमता, योग्यता, विशेषता आदिसँग सम्बन्धित हुन्छ । यसै आधारबाट हेर्दा जुनसुकै व्यक्तिको पनि बाह्य भन्दा आन्तरिक व्यक्तित्व नै महत्त्वपूर्ण र अर्थयुक्त हुने गर्दछ ।

पदम विश्वकर्मा नेपाली साहित्यका कविता, कथा र उपन्यास तथा अन्य गीत, गजल, निबन्ध आदि विधामा कलम चलाउने सशक्त साहित्यकार हुन् । विश्वकर्माले साहित्यका साथै साहित्येतर क्षेत्रमा पनि धेरै महत्त्वपूर्ण कार्य गरेका छन् । सर्जक व्यक्तित्वमा कविता, कथा र उपन्यास विधाबाट चर्चित उनी लामो समयसम्म नेपाल रेडक्रस सोसाइटी संस्थासँग आबद्ध रहेर सेवा गरेका छन् भने अन्य विभिन्न संघसंस्थामा आबद्ध रहेर पनि साहित्येतर व्यक्तित्व निर्माण गरेका छन् ।

### ३.१.१ बाह्य वा शारीरिक व्यक्तित्व

कुनै पनि व्यक्तिको शारीरिक व्यक्तित्व बाहिरबाट हेरेरै पहिचान गर्न सकिन्छ । पदम विश्वकर्माको व्यक्तित्वलाई हेर्दा आकर्षक र गम्भीर प्रकृतिका देखिन्छन् । गहुँगोरो वर्ण, ठूलो मोहडा, मिलेको शरीर, सेता दन्त लहर र मोटो अनि अग्लो जिउडाल भएकोले उनी सुन्दर देखिन्छन् । ५.५ फिट उचाई र ७५ केजी तौल, गम्भीर र ठूलो तथा हँसिलो अनुहार भएका उनी सरल, विनम्र र मिलनसार स्वभावका छन् । परिस्थिति अनुकूल आफूलाई पनि हिडाउनु पर्छ भन्ने उनी कठिन अवस्थामा पनि विचलित नभएर धैर्य र साहस जुटाएर सधैँ क्रियाशील रहने स्वभावका व्यक्तित्व हुन् । पदम विश्वकर्मा हामी सबैका लागि प्रेरणाका स्रोत हुन् ।

### ३.१.२ व्यक्तित्वका विभिन्न पाटाहरू

जीवनमा आफ्नो कार्यप्रति सक्रिय र साधनारत रहने पदम विश्वकर्माले विभिन्न क्षेत्रमा निर्वाह गरेको भूमिका र योगदानको कारण उनको व्यक्तित्व बहुआयामिक बन्न पुगेको देखिन्छ । पदम विश्वकर्माले लेखनका अतिरिक्त विभिन्न कर्म र पेशा पनि गरेका छन् । यसका साथै उनी सामाजिक क्षेत्रमा पनि संलग्न छन् । पदम विश्वकर्माको बहुआयामिक व्यक्तित्वलाई विभिन्न पाटाहरूमा विभाजन गरी तलको तालिकाको आधारमा विश्लेषण गर्न सकिन्छ :



### ३.१.२.१ साहित्यकार व्यक्तित्व

प्रस्तुत शोधमा पदम विश्वकर्माको साहित्यिक व्यक्तित्व र कृतित्वको बारेमा अध्ययन गरिएको छ । उनले साहित्यका विभिन्न विधामा कलम चलाएका छन् । उनलाई लेखनका क्षेत्रबाट हेर्दा उनका कवि, कथाकार र उपन्यासकार व्यक्तित्वहरू देखिन्छ ।

#### क. कवि व्यक्तित्व

पदम विश्वकर्माको नेपाली साहित्य लेखनका विभिन्न विधाहरू जस्तै उनको कविता विधा पनि मनपर्ने विधा हो । कवि व्यक्तित्वका रूपमा चिनाउने उनको *'शब्द सुमन'* (२०७०) कविता सङ्ग्रह रहेको छ । विश्वकर्माको पुस्तकाकार प्रकाशनका दृष्टिले पनि कविता सङ्ग्रह नै पहिला प्रकाशित भएको हो । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज वाशिङ्टन डीसी अमेरिकाद्वारा प्रकाशित कविता सङ्ग्रहमा प्रा.डा. खगेन्द्रप्रसाद लुइटेलको भूमिका रहेको छ । यस कविता सङ्ग्रहमा रहेका कविताहरू सामाजिक विषयवस्तु, छुवाछुत, विभेद, युद्धका पीडा, देशप्रतिको माया र परदेशी भएर बस्दा जन्मभूमिप्रतिको अथाह माया आदि विषयवस्तुलाई समेटेर लेखिएका छन् ।

#### ख. कथाकार व्यक्तित्व

पदम विश्वकर्मा कथाकार व्यक्तित्वको रूपमा पनि चिनिन्छन् । कविता सङ्ग्रहको प्रकाशन गरेर साहित्य क्षेत्रमा प्रवेश गरेका विश्वकर्माको *'तमसुक'* (२०७६) कथा सङ्ग्रह दोस्रो पुस्तकाकार कृति हो । विश्वकर्माको कथाकार व्यक्तित्वलाई *'तमसुक'* (२०७०) कथासङ्ग्रहले प्रतिनिधित्व गरेको छ । यस कथासङ्ग्रहमा विश्वकर्माको २३ वटा कथा समावेश भएका छन् । विभिन्न परिवेशमा आफूले देखेका, भोगेका दृश्य, घटना र अनुभूतिलाई नै आधारभूमि बनाएर लेखिएका कथा यसमा समावेश रहेका छन् ।

उनका कथामा विशेष गरेर नेपालीहरूको विडम्बनायुक्त जीवन भोगाईलाई देखाउने प्रयास गरिएको छ । सामाजिक विषयवस्तुलाई अङ्गालेर लेखिएका उनका कथामा विभिन्न खाले भोगाइ, गरिबीको पीडा, विदेशी भूमिमा रहेर गर्नुपरेका सङ्घर्ष, यौन पीडा, कुलतमा लाग्दा आइपर्ने दुर्घटना जस्ता विषयवस्तु स्पष्ट रूपमा देखिन्छ । यस कथा सङ्ग्रहभित्र रहेका कथाहरू आयामका रूपमा कोही लामा र कोही छोटा भए पनि यसभित्र विविध कथावस्तुलाई समेटेर निश्चित दिशा दिनसक्नु उनको विशेषता हो ।

### ग. उपन्यासकार व्यक्तित्व

पदम विश्वकर्माले आफ्नो साहित्यिक यात्राको सुरूवात कविता विधाबाट गरेका भए पनि रूचिको विधा भने आख्यान हो । कविता र कथा सङ्ग्रह प्रकाशन भए पछि विश्वकर्माले उपन्यासमा कलम चलाएका छन् । *'क्वारेन्टाइन'* (२०७८) उपन्यास विश्वकर्माको प्रतिनिधि उपन्यास हो । *लुसु* र एउटा अर्को उपन्यास पनि निकट भविष्यमा नै बजारमा आउने कुरा विश्वकर्माले बताएका छन् ।

*'क्वारेन्टाइन'* (२०७८) सामाजिक विषयवस्तुमा आधारित उपन्यास हो । साङ्ग्रिला पुस्तक प्रा.लि.ले प्रकाशन गरेको यो पुस्तक विश्वभर फैलिएको कोरोना महामारीबाट अकालमा ज्यान गुमाएका लाखौँलाख आत्माहरूप्रति समर्पण गरी लेखिएको हो । यस उपन्यासमा सन् २०१९ को अन्त्यमा विश्वभर महामारीको रूप लिएर फैलिएको कोरोनाको कारण मान्छेमा भएको डर, त्रास, अकालमा ज्यान गुमाउनुपरेको, विश्वभर बन्दाबन्दीले ठप्प पारेको र त्यसबाट मानव जगत्ले भोग्नु परेका अवस्था आदि विषयवस्तुलाई कलात्मक रूपमा प्रस्तुत गरिएको छ । यस उपन्यासमा कोरोनाले मानव जगत्लाई तहसनहस बनाएको र कैयौँले अकालमै मृत्युवरण गर्नुपरेको कुरालाई देखाइएको छ । यसको पात्र विनयले आफ्ना सम्पूर्ण आफन्त गुमाएको अवस्थामा पनि आफूलाई सम्हालेर र मानवीय धर्म बचाइरहेको कुरा व्यक्त गरिएको छ भने पार्वती पनि आफ्ना सम्पूर्ण आफन्तजन गुमाएर पनि विनयको अभिभावकत्वका कारण नयाँ जीवन बाँच्ने रहर पलाएको कुरालाई देखाइएको छ । समाजमा कैयौँ मानिसहरू मानवीय स्वभावका हुन्छन् भने कतिपय कोरोनाका कारण मानिसलाई बोल्दैमा कोरोना सर्ला जस्तो गरेर बोल्नै डराउने मानवीय धर्म हराएका हुन्छन् भन्ने सन्देश यस उपन्यासले दिएको छ ।

### घ. सम्पादक व्यक्तित्व

बहुमुखी प्रतिभाका धनी पदम विश्वकर्माले धेरै क्षेत्रमा आफ्नो कुशलता प्रस्तुत गरेका छन् । विश्वकर्माले पत्रिकामा सम्पादक भएर पनि आफ्नो कुशलताको प्रस्तुति गरेका छन् । *अन्तर्दृष्टि* नामक साहित्यिक त्रैमासिक पत्रिकाको सम्पादन (सन् २००३ देखि २००५, २०१२ देखि हालसम्म), त्यस्तै नेपाली साहित्य सङ्गम, अनेसास कोलोराडो, अनेक डायस्पोरामा देवकोटा, अनेसास केन्द्र तथा विभिन्न पुस्तक पत्रपत्रिकामा सम्पादक भएर

काम गरेका छन् । यसरी पदम विश्वकर्माले सम्पादन कार्य पनि कुशलतापूर्वक निर्वाह गरेका छन् ।

यसरी पदम विश्वकर्माले उपन्यास विधामा पनि आफ्नो निपूर्णता प्रस्तुत गर्दै नेपाली उपन्यास क्षेत्रमा एउटा इँटा थप्ने काम गरेका छन् ।

### ३.१.२.२ साहित्येतर व्यक्तित्व

विभिन्न क्षेत्रसँग सम्बद्ध र क्रियाशील रहेका पदम विश्वकर्माले लेखन क्षेत्र बाहेक साहित्येतर व्यक्तित्व उनको रूचि, पेशा विभिन्न क्षेत्रहरूमा भएको सहभागिता तथा उनको प्रतिभाका कारणले निर्माण भएको देखिन्छ । विभिन्न क्षेत्रहरूमा संलग्न तथा सक्रिय कार्यदक्षताले उनको व्यक्तित्व, कार्यप्रतिको लगनशीलता, कर्तव्यको कुशल निर्वाह, उच्च विद्वता आदिको निर्माण भएको देखिन्छ । पदम विश्वकर्माको व्यक्तित्वलाई निम्नलिखित प्रकारले विभाजन गरी अध्ययन गरिएको छ :

#### क. सामाजिक व्यक्तित्व

पदम विश्वकर्माको सामाजिक व्यक्तित्व निकै क्रियाशील रहेको छ । जहिले पनि सामाजिक गतिविधिमा अगाडि देखिने विश्वकर्मा समाजमा विशेष गरेर जातीय विभेदको अन्त्य हुनुपर्छ भन्ने भावना भएका व्यक्ति हुन् । उनले समाजमा रहेका विभिन्न सुधारहरू गर्नेदेखि लिएर विभिन्न क्लब, संघसंस्थाहरूमा आबद्ध भएर काम गरेका छन् । समाजसेवा गर्नु, समाजमा विविध कारणले पछि पारिएका वर्गहरूको उत्थान गर्नु र सदियौँ देखि समाजमा जरा गाडी बसिरहेको छुवाछुतलाई अन्त्य गर्नुपर्छ भन्नु र त्यसका लागि निरन्तर लागिपर्नु उनको रूचिको विषय हो ।

जिन्दगीलाई सुख दु:खको सङ्गालो मान्ने विश्वकर्मा नेपाल रहँदा होस् या अमेरिका रहँदा सधैंभरी सामाजिक कार्यमा योगदान पुऱ्याइरहेका हुन्छन् । यतिमात्र नभएर विदेशमा नेपाली साहित्यलाई अगाडि बढाउनका लागि अहोरात्र खटिरहेका उनी अनेसास वोस्ट जस्तो संस्थालाई अगाडि बढाउन यसको अध्यक्ष जस्तो गरिमामय पदमा रहेका छन् ।

#### ख. संस्थापक व्यक्तित्व

मन, वचन र कर्मले नेपाली साहित्यमा समर्पित पदम विश्वकर्माको साहित्येतर व्यक्तित्वको अर्को पक्ष भनेको संस्थापक व्यक्तित्व रहेको छ । विश्वकर्माको सक्रिय

सहभागितामा पदम विश्वकर्मा साहित्य प्रतिष्ठानको स्थापना भएको छ । संस्थापक समेत रहेका विश्वकर्माले उक्त संस्थालाई जन्मदिने काममात्र गरेनन् त्यसलाई मलजल गरेर हुर्काउने काम समेत गरे । उनको यस संस्थाले साहित्यमा रूचि भएका नवसर्जकहरू अझ विशेष गरेर कक्षा ९ देखि कक्षा १२ सम्ममा अध्ययनरत दलित छात्रछात्राहरूलाई साहित्यप्रति आकर्षित गर्नका लागि मह□वपूर्ण भूमिका खेलेको छ ।

### ३.१.२.३ जीवनी, व्यक्तित्व र कृतित्वबीच अन्तरसम्बन्ध

पदम विश्वकर्मा आफ्नो जीवनयात्रामा अनेक क्षेत्रसँग संलग्न भई मह□वपूर्ण कार्यहरू गर्दै आइरहेका व्यक्ति हुन् । यिनै मह□वपूर्ण कार्यहरूले विश्वकर्माको जीवनी एक सामान्य व्यक्तिभन्दा भिन्न र राष्ट्रिय व्यक्तित्वका रूपमा स्थापित हुनपुग्यो । उनले गरेका कार्यहरूबाट निर्मित उनको राष्ट्रिय व्यक्तित्व र उनीद्वारा लिखित कृतिहरूका बीचको परस्पर सम्बन्ध रहेको छ ।

विश्वकर्माको पारिवारिक पृष्ठभूमि निम्न मध्यम वर्गीय भए पनि सानै उमेरमा आमाको मृत्यु भएका कारण उनको बाल्यकाल दुःखपूर्ण नै बितेको पाइन्छ । शिक्षा आर्जन गर्नका लागि सुरूमा त्यति सङ्घर्ष गर्नु नपरे पनि उच्च शिक्षाका लागि भने केही सङ्घर्ष नै गर्नुपरेको छ । सानैदेखि गम्भीर स्वभावका विश्वकर्माले आफू जन्मेको समाजमा गरिने जातीय विभेद, अन्याय, छुवाछुत जस्ता कुराहरू प्रत्यक्ष भोग्न पाएकाले यिनै विषयवस्तु आफ्ना रचनामा प्रस्तुत गरेका छन् । उनले गरेका स्वदेश तथा विदेशका भ्रमण र त्यस समयमा अनुभव गरेका र प्रत्यक्ष भोगेका घटनाहरूको प्रभाव पनि यिनका साहित्यिक लेखनमा पर्न गएको छ ।

विश्वकर्माको मूल कार्यक्षेत्र भनेको साहित्य लेखन र त्यससँग संलग्न गतिविधि नै हो । प्रारम्भमा सहज सिर्जनाबाट अगाडि बढेको उनको क्षेत्र बिस्तारै गहन क्षेत्रतिर अगाडि बढ्दै जाने देखिन्छ । यसरी हेर्दा पदम विश्वकर्माको समग्र जीवन मूलभूत पक्षहरू, मह□वपूर्ण कार्यक्रम र तिनवाट बनेको उच्च व्यक्तित्व तथा तिनै जीवनका विविध पक्ष र व्यक्तित्वको प्रभाव उनका कृति लेखनमा परेको देखिन्छ । तिनमा पनि उनको पारिवारिक अवस्था, तत्कालीन सामाजिक परिवेश, पत्रपत्रिका सम्पादन, विभिन्न क्लव तथा संघसंस्थामा सक्रिय सहभागिता आदि कार्यहरूको परिणाम स्वरूप उनले नेपाली साहित्यका क्षेत्रमा ठूलो योगदान गरेको देखिन्छ । यसरी हेर्दा अत्यन्त लगनशील, कर्मठ, व्यस्त, गहन अध्येता

विश्वकर्माको जीवनी, व्यक्तित्व र कृतित्वका बीच परस्पर अन्तर्सम्बन्ध स्थापित भएको देखिन्छ ।

### ३.१.२.४ निष्कर्ष

समग्रमा शालीन, भद्र र हसिलो स्वभावका पदम विश्वकर्मा सकरात्मक सोचाइ भएका व्यक्तित्व हुन । नेपाली साहित्यका क्षेत्रमा कलम चलाउँदै आएका विश्वकर्माले साहित्य लगायत अन्य क्षेत्रमा पनि महत्त्वपूर्ण योगदान गरेका छन् । उनले कविता, कथा, उपन्यास विधामा कलम चलाएर सजग व्यक्तित्व निर्माण गरेका छन् भने सामाजिक कार्यमा लागेर समाजसेवी व्यक्तित्व पनि निर्माण गरेका छन् । साहित्यबाहेक उनी सामाजिक व्यक्तित्व, संस्थापक व्यक्तित्वको रूपमा आफूलाई चिनाउने काम गरेका छन् । उनले आफू प्रवासमा रहेर पनि नेपाली साहित्य र समाजका लागि उल्लेख्य कामहरू गर्दै आइरहेका छन् । परदेशमा रहेका व्यक्तिहरूका पीडा, त्यहाँको जनजीवन, दुःख संघर्ष, कष्टकर जीवन भोगाइलाई साहित्य मार्फत अभिव्यक्त गर्दै उनीहरूलाई आफूले सकेको सहयोग पनि गरेका छन् । यतिमात्र नभएर देशमा रहेको दलित समूदायमाथिको अन्याय, अत्याचार, छुवाछुत जस्ता कुसंस्कारका विरूद्ध उनले आवाज उठाउँदै र त्यसका लागि सक्रीय रहँदै आएका छन् । त्यसैले उनका यस्ता विविध कार्यहरूले गर्दा उनलाई एक समाजसेवी, कर्मठ एवं लगनशील व्यक्तित्वका रूपमा चिन्न सकिन्छ ।

# चौथो परिच्छेद

# पदम विश्वकर्माको कविता सङ्ग्रहको विश्लेषण

## ४.१ विषय परिचय

*'शब्द सुमन'* कवि पदम विश्वकर्माको कविता सङ्ग्रह हो । यस कविता सङ्ग्रहमा २०५५ देखि २०७० सम्म लेखिएका कविताहरू समेटिएका छन् । यी कविताहरूमा समाजले दलितमाथि गर्ने व्यवहार, परदेशमा बस्ने परदेशीहरूको मातृभूमि प्रतिको माया र तत्कालीन समयमा देशमा भइरहेको राजनीतिक अवस्थाको चित्रण गरिएको छ । यस कविता सङ्ग्रहलाई अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज अमेरिकाले २०७० सालमा प्रकाशन गरेको हो । यस कविता सङ्ग्रहमा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित तथा महोत्सव र प्रतियोगितामा पुरस्कृत कविताहरू सङ्गृहित छन् । ४७ वटा कविताहरू समावेश भएको यस कृतिले ७६ पृष्ठको आफ्नो आकार ग्रहण गरेको छ । कविले यस कविता सङ्ग्रहभित्र मौलिक सिर्जनाशक्तिमा रचना गरेका कविताहरू समावेश गरेका छन् ।

विश्वकर्माका कवितामा विशेष गरेर प्रेमले महत्त्वपूर्ण रूप धारण गरेको छ । उनले यस कविता सङ्ग्रहभित्र मानवीय प्रेम, मातृभूमि प्रतिको प्रेम, प्रकृतिप्रतिको प्रेम र इश्वरीय प्रेम आदिको प्रयोग गरेका छन् । उनी २०५५ सालदेखि नेपाली कविता क्षेत्रमा प्रवेश गरेका हुन् । नेपाली समाजमा व्याप्त जातीय छुवाछुत, देशको राजनैतिक अवस्था र परदेशमा रहँदा घरदेश सम्झेर बस्नेहरूको मातृभूमि प्रतिको माया आदि पीडाहरूको कवितात्मक प्रस्तुति यस *'शब्द सुमन'* (२०७०) कविता सङ्ग्रहमा भएको छ । सामाजिक जीवनमा फैलिएको व्याप्त राजनैतिक विसङ्गति, विकृति, जातीय भेदभाव, विदेशिएकाहरूको पीडा आदि विषयवस्तुलाई सरल र स्वभाविक ढङ्गमा प्रस्तुत गरेका छन् । उनी थोरै लेखेर पनि धेरै विषयलाई समेटन सक्ने एक कुशल कवि हुन् । उनी समाजमा अछुतका नाममा आफ्नो हक र अधिकारबाट बञ्चित रहेका व्यक्तिहरूका हक र हितका लागि तथा समाजसेवाका लागि हरपल लडिरहने व्यक्ति हुन् । यस कविता सङ्ग्रहभित्र विश्वकर्माका भोगाई, अनुभूति र भाव रहेका छन् भने समाजका पीर व्यथाहरू पनि त्यत्तिकै सशक्त रहेका छन् । यहाँ उनका

कवितालाई विधातत्वका आधारमा विश्लेषण गरिएको छ । कविताका विधातत्वहरू विषयवस्तु, मूलभाव, परिवेश, उद्देश्य, दृष्टिविन्दु र भाषाशैलीय विन्यास हुन् ।

## ४.२ मूलभावका आधारमा पदम विश्वकर्माका कविता

साहित्यको उद्देश्य र प्रयोजनले एउटै कुरालाई जनाउँछ । यसले अपेक्षित परिणाम र वैयक्तिक प्रयोजनका लागि हुने सहभागिता समेतलाई बुझाउँछ । हरेक विधामा साहित्यिक कृतिको सिर्जना उद्देश्यमूलक ढङ्गले गरिने हुँदा साहित्य सिर्जनाका पछाडि प्रत्यक्ष वा परोक्ष रूपमा कुनै न कुनै प्रकारको उद्देश्य अन्तर्निहीत हुन्छ । बिना उद्देश्य कुनै पनि साहित्यिक कृतिको रचना गरिदैन र हरेक कृति कुनै न कुनै प्रयोजन पूर्तिकै लागि रचिन्छ । काव्य लेखनको उद्देश्य वा प्रयोजनको बारेमा धेरै पहिलेदेखि नै पूर्व र पश्चिम दुबैतिर विशेष मह[illegible]वका साथ अनेक चर्चा परिचर्चा गरिएको पाइन्छ । दुबैतिरका विभिन्न विद्वान्हरूद्वारा प्रस्तुत गरिएका काव्य प्रयोजनसम्बन्धी अवधारणाहरू प्रायः उस्तै उस्तै खालका देखिन्छन् । मनोरञ्जन, शिक्षा, आनन्द, लोककल्याण, यथार्थको प्रष्टिकरण आदिलाई कृति लेखनको प्रमुख उद्देश्य रहेको देखिन्छ (लुइटेल, २०६७, पृ. २२) ।

पदम विश्वकर्माको यस *'शब्द सुमन' (२०७०)* कविता सङ्ग्रहको उद्देश्य युगीन सन्दर्भको विविध पाटाहरूलाई प्रस्तुत गर्नु हो । (लुइटेल, भूमिका २०७०) नेपाली समाजमा व्याप्त बेरोजगारी, विदेश पलायन, युद्ध, पीडा, राजनीतिक स्थिति, धोका, स्वार्थ, विकृति, विसङ्गति, जातीय भेदभाव, देशप्रतिको माया, प्रकृति प्रतिको प्रेमभाव निम्त्याएको विषम परिवेशप्रति असन्तोष व्यक्त गर्दै जनजीवनमा भैपरी आउने तीता मिठा घटनाहरूलाई समेट्न सक्नु र त्यसका विषयमा कविता सिर्जना गर्नु कविको मूल उद्देश्य हो । यिनै दृश्य र अदृश्य घटनाहरूलाई लिएर नराम्रा पक्षको समापन र सत्य पक्षको उद्घाटन गर्न सक्नु नै यस कविता सङ्ग्रहको उद्देश्य रहेको छ । शीर्षक तथा मूलभावका आधारमा पदम विश्वकर्माका कविताहरूलाई देहायअनुसार देखाइएको छ :

| शीर्षक | मूलभाव |
|---|---|
| १. शब्द सुमन | प्रस्तुत कविताले अमेरिकाको अरौरा शहरमा भएको नरसंहार घटनालाई अभिव्यक्त गरेको छ । यस कवितामा कविले त्यहाँ भएका बमकाण्डहरू, मानवीय त्रास तथा हत्याका बारेमा उल्लेख गरेका छन् । त्यस घटनादेखि आफू निकै दुखी भएको कुरा उल्लेख गर्दै |

| | |
|---|---|
| | ज्यान गुमाउने हजारौँ व्यक्तिहरूप्रति गहिरो श्रद्धासुमन व्यक्त गरेका छन् । |
| २. परदेशी भए पनि | प्रस्तुत कवितामा आफ्नो देश छोडेर प्रवासतिर गएका नेपालीहरूले जन्मभूमिप्रति गरेको प्रेमलाई प्रस्तुत गरिएको छ । आफू भौतिक रूपमा परदेशमा भएपनि आफ्नो जन्मभूमि, खोलानाला, पाखा, पखेरो आदि परिवेशलाई सधैँ सम्झनु र जन्मभूमिप्रतिको माया प्रस्तुत गर्नु यस कविताको मूलभाव हो । |
| ३. म शुन्यमा हराएँ | प्रस्तुत कवितामा नेपालजस्तो जन्मभूमि छोडेर परदेश गई उतैका रमझममा भुलेका व्यक्तिहरूको अवस्थालाई चित्रण गरेको छ । कविले आफ्नो देश छोडी परदेश जानु, उतैको सस्तो सुविधामा रमेको देखाउनु यस कविताको मूलभाव हो । |
| ४. सगरमाथा रोइरहेछ | प्रस्तुत कवितामा नेपाललाई विश्वभरी चिनाउने सर्वोच्च शिखर सगरमाथालाई मानवीकरण गरेर कविले बुद्धको जन्मस्थलबारेको विवाद, सुगौली सन्धिबाट खुम्चिएको अवस्था, सत्ता र स्वार्थमा रुमलिएको राजनैतिक अस्तव्यस्तता आदि कुरालाई व्यक्त गरेका छन् । |
| ५. समुन्द्रको छाल | प्रस्तुत कवितामा समुन्द्रका छालजस्तै हृदयका छालहरू पनि तरङ्गित भइरहने, स्थिर हुन नसक्ने तथा पुग्न खोजेका गन्तव्यमा पुग्न नसकेका कुरालाई चित्रण गरिएको छ । समुन्द्रका छालहरू गन्तव्यविहीन भएजस्तै हृदयका इच्छाहरूपनि गन्तव्यमा पुग्न नसकी अल्मलिइरहने कुरालाई उक्त कवितामा व्यक्त गरिएको छ । |
| ६. सुन्दर तारा | प्रस्तुत कवितामा कविले प्रकृतिप्रतिको प्रेम चित्रण गरेका छन् । कवि प्रकृतिमा मग्न रहेका छन् । उनी आकाशका चकमन्न तारा गन्न, तिनीहरूलाई हेर्न तथा तिनीहरूसँगै कुरा गर्न खोजिरहेका छन् । प्राकृतिक सौन्दर्यतामा नै रमाइरहेको कुरा प्रस्तुत गर्नु यस कविताको मूलभाव हो । |
| ७. झरना | प्रस्तुत कविता प्रकृतिप्रेमले भरिएको कविता हो । यस कवितामा प्राकृतिक सौन्दर्य बोकेको झरनाको चित्रण गरिएको छ । यसमा |

| | |
|---|---|
| | झरनामा हुने निश्छलता, चञ्चलता तथा आनन्दित प्रवृत्तिको चित्रण गरिएको छ । झरनाको वस्तुगत चित्रण गर्नु यस कविताको मूलभाव हो । |
| ८. रगत सबको रातै हुन्छ | प्रस्तुत कवितामा समाजमा परम्परादेखि चल्दै आएको जातीय विभेदको चित्रण गरिएको छ । यसमा जात जे भएपनि मान्छे–मान्छे एउटै हुन्छ तरपनि समाजले तल्लो जात र माथिल्लो जात भनेर विभेद सिर्जना गरेको छ भन्ने भाव व्यक्त गरेको छ । |
| ९. धिक्कार | प्रस्तुत कवितामा जातीय विभेद भएको समाजमा आफु तल्लो जात भएर जन्मिएकोमा आफूले आफैलाई धिक्कार गरेको कुरा व्यक्त गरिएको छ । प्रस्तुत कवितामा सामाजिक दृष्टिकोणमा तल्लो जातमा जन्मिएर समाजले गरेका जातीय विभेद सहन नसकी निरासा व्यक्त गरिएको भाव रहेको छ । यसरी जातीय विभेदले एउटा व्यक्तिमा भएको नैराश्यतालाई यस कविता मार्फत प्रस्तुत गरिएको छ । यस कवितामा कविले जातीय समानताको पक्षधरता व्यक्त गरेका छन् । नेपाली समाजमा व्याप्त छुवाछुत प्रथाको अन्त्यको कामना गर्नु यस कविताको मूलभाव हो । |
| १०. मिरिकका आचार्यहरू | प्रस्तुत कवितामा विश्वकर्माले आपसी सद्भावको चित्रण गरेका छन् । यस कवितामा देशमा सधैं युद्ध र ध्वंश होइन शान्ति चाहिन्छ । यस्ता कार्यहरू त्यागौं र सबैजना मिलेर बस्न सकौं भन्ने कुरा व्यक्त गरेका छन् । त्यस्तै पुरानो समय गइसकेकाले अव सबैले सबैको आदर गर्न सक्नुपर्छ । पुरानो घाउहरू नकोट्याउ । सहेर बस्ने दिनहरूको अन्त्य भइसकेको र आफ्नो हकका लागि आवाज उठाउने भइसकेकाले कसैले कसैलाई कमजोर नठान्न आग्रह गरिएको छ । त्यस्तै सबै जाति एकै भइसकेकोले जातीय एकता गरौँ र सबै मिलेर बसौँ भन्ने भाव व्यक्त गरेका छन् । |
| ११. पराधीन अस्तित्व | कवि विश्वकर्माले प्रस्तुत कवितामा नेपाली पराधीनताको चित्रण गरेका छन् । प्रस्तुत कवितामा देशको आफ्नो अस्तित्व सङ्कटमा पर्दै गएको, हराउँदै गएको कुरालाई व्यक्त गरिएको छ । स्वतन्त्रताको |

| | |
|---|---|
| | लागि गरिएका विभिन्न जनसङ्घर्षहरूले पनि वास्तविक स्वतन्त्रता पाउन नसकेको, जसले गर्दा स्वतन्त्रताको अस्तित्व घट्दै गएको कुरालाई प्रस्तुत गरिएको छ । साथै राजनीतिक अस्थिरता र विदेशीले चलाएको राज्यसत्तालाई समेत यसले प्रस्तुत गरेको छ । |
| १२. सुनसान घर | प्रस्तुत कवितामा युद्धबाट उत्पन्न विनाशका साथै युद्धजन्य परिस्थितिको चित्रण पाइन्छ । यस कवितामा कविले देशमा चलेको युद्धका कारण घर, आँगन, छिमेक, मन्दिर आदि सबै सुनसान रहेको, युद्धबाट भएको विनाश र युद्धको डर त्रासले गर्दा सबै मानिसका अनुहार मलीन रहेको आदि कुराको भाव यस कविता मार्फत व्यक्त गरिएको छ । |
| १३. सुनसान बस्तीहरू | प्रस्तुत कवितामा पनि युद्धबाट उत्पन्न विनाशका साथै युद्धजन्य परिस्थितिको भाव व्यक्त गरिएको छ । कविले यस कविताका माध्यमबाट युद्धका कारण बस्तीहरू सुनसान भएको, मानिसहरू डर र त्रासले विदेशिनु परेको र सम्पूर्ण बस्तीहरू जसरी बेथान र होलेरी युद्धभूमिमा परिणत भएका छन् त्यसरी नै सम्पूर्ण मानव बस्तीहरू युद्धभूमिमा परिणत भइरहेको कुरा व्यक्त गरेका छन् । त्यसैगरी युवा युवतीहरूको भविष्य अन्धकार भएको र विदेशिने युवाहरू आफ्नो बस्तीलाई सम्भेर छटपटाई रहेको कुरा यस कविताका माध्यमबाट व्यक्त गरिएको छ । |
| १४. भविष्यको खोजीमा | प्रस्तुत कवितामा कविले सङ्घर्षशील जीवनको चित्रण गरेका छन् । कविले यस कवितामा भविष्य कठिन रहेको र अनन्त यात्रारत रहेको कुरा व्यक्त गरेका छन् । भविष्य खोज्दाखोज्दै अनेकन दुःख गरेको र अभ्मैंपनि जीवन सङ्घर्षरत रहिरहेको भाव यस कविता मार्फत व्यक्त गरिएको छ । |
| १५. सुन्दर देश नेपाल | प्रस्तुत कवितामा देशमा रहेको राजनैतिक यथार्थको व्यङ्ग्यात्मक अभिव्यक्ति चित्रण गरेका छन् । उनले यस कवितामा भोट र आश्वासनको लोभ देखाएर चुनाव जित्नेहरू देश निर्माणमा होइन आफ्ना महल सजाउनमा व्यस्त रहेको कुरा उल्लेख गरेका छन् । |

| | |
|---|---|
| १६. भोट | प्रस्तुत कवितामा हिजो भोट मागेर सत्ताको दुरूपयोग गरेर आफ्नो स्वार्थ मात्र पुरा गर्ने नेताहरूलाई भोट नदिन आग्रह गरिएको छ । प्रस्तुत कवितामा विगतमा जनताले दिएका भोट स्वतन्त्रता, प्रजातन्त्र र राष्ट्रभक्तिका लागि नभएर नेताका आफ्ना ऐस आरामका लागि भएकामा रोष प्रकट गरिएको छ । यदि अब भोट दिनु परेमा न्यायप्रेमी, राष्ट्रभक्त, घुस नखानेहरू, देश वेचविखन नगर्ने र स्वाभिमान महापुरुषलाई मात्र दिने अभिव्यक्ति दिइएको छ । |
| १७. भित्ताहरूमा संविधान | प्रस्तुत कवितामा नेपालमा संविधान नबनाएकामा यहाँका नेताहरूप्रति व्यङ्ग्य गरिएको छ । कविले यस कवितामा नेताहरूले संविधान लेख्न भनी पटक पटक आश्वासन दिएको तर संविधान नलेखेकोमा रोष प्रकट गरेका छन् । नेताहरूले नयाँ संविधान लेखेको पढिरहन मन भएको तर उनीहरूले संविधान नलेखेर जनता संविधान पर्खदा पर्खदै मृत्युवरण गर्न लागिसकेको भन्ने भाव यस कवितामा व्यक्त गरेका छन् । |
| १८. कहीँ नभएको जात्रा हाँडीगाउँमा | प्रस्तुत कवितामा वर्तमान युगीन नेपाली राजनीतिका क्षेत्रमा देखापरेका चरम विकृति र विसङ्गतिमूलक यथार्थको चित्रण गरिएको छ । प्रस्तुत कवितामा जताततै जात्रैजात्रा भएको, सबै कुराको अभाव भएको, बन्द हडताल, आन्दोलन, चक्काजाम जस्ता कार्यहरू मात्रै भएको, यसले गर्दा जनताले दुःख खेप्नुपरेका पीडालाई व्यक्त गरिएको छ । देश गृहयुद्धमा होमिनु, देशको सीमाना अतिक्रमण हुनु, शान्ति सुरक्षा तथा कानुन व्यवस्था केही पनि नहुनु, देश बनाउने नेताहरू फोहोरी खेलमा भासिनु र देशको शासनसत्ता कर्मचारीको हातमा पर्नु जस्ता कुराहरू उल्लेख गर्नु यस कविताको मूलभाव हो । |
| १९. बन्दुकहरू अन्त्य हुनैपर्छ | प्रस्तुत कवितामा युद्धबाट उत्पन्न भएको विनाशका साथै युद्धजन्य परिस्थितिको चित्रण पाइन्छ । यस कवितामा विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय ऐतिहासिक सन्दर्भसहित हत्या हिंसाको विरोध गरिएको छ । |

| | |
|---|---|
| २०. शुभकामना सन्देश | यस कविताले नववर्षमा बाँडिने शुभकामना सन्देशहरूको बारेमा चित्रण गरिएको छ । शुभकामना के को हो भन्ने प्रष्ट नभए तापनि आयु छोट्याउने सन्दर्भले नववर्षको हो भन्ने कुरा आँकलन गर्न सकिन्छ । यस कविताले शुभकामनाका सन्देश फगत भएको कुरालाई व्यक्त गरेको छ । मानिसहरू व्यर्थै शुभकामनाका सन्देशहरू पठाउँछन् । सामाजिक सञ्जालका भित्ताभरी अनावश्यक रूपमा शुभकामनाका सन्देशहरू पठाउँछन् तर नववर्षसँगै आयु छोटिइरहेको थाहा पाउँदैनन भन्ने भाव यहाँ प्रस्तुत गरिएको छ । |
| २१. अर्थहीन माया | प्रस्तुत कवितामा मानवीय प्रेमको अभिव्यक्ति पाइन्छ । कवितामा माया मनभित्र, तनभित्र र हृदयभित्र खोज्न आग्रह गरिएको छ । यसमा मायाका खोजीमा भौतारिरहेका मूर्खहरूलाई सर्वप्रथम निस्वार्थ रूपमा माया गर्न, वृद्ध वृद्धाहरूको भावना साट्न आग्रह गरिएको छ । यसमा माया भनेको गरीब, रोगी, भोकाएका पेटहरूमा, कठ्याङ्ग्रिएका रातहरूमा रहेको र यिनीहरूलाई आफूले सकेको सहयोग निस्वार्थ रूपमा गर, यिनीभित्र माया लुकेको छ, माया भनेर अन्यत्र कतै आडम्वरमा अर्थहीन माया खोज्नु पर्दैन भन्ने भाव व्यक्त गरेको छ । |
| २२. ममताको प्रतीक | प्रस्तुत कवितामा मानवीय प्रेमको अभिव्यक्ति पाइन्छ । यसमा आएको 'प्रतीक' शब्दको पुनरावृत्ति भएको कविता हो । यसमा कविले प्रतीकलाई भावना, माया, व्यवहार, प्रेम, प्यार, आनन्द, उमङ्ग, सबै सबै ठाउँमा आएको कुरा व्यक्त गरेका छन् । प्रतीकले माया, प्रेम, भावना मात्र नभएर रोग, शोक आदि दिएको र अव मेरो इच्छा जीवनसाथी पाउने छ त्यो पनि पाऊँ भन्ने भाव व्यक्त भएको छ । |
| २३. तिम्रा नयनहरू | प्रस्तुत कवितामा मानवीय प्रेमको अभिव्यक्ति पाइन्छ । यसमा कविले आफूले कसैलाई माया गरेको, उसैसँग समर्पित हुन खोजेको भए तापनि उनी अरू कसैसँग लिप्त भइसकेको भन्ने भाव पोखिएको छ । |

| | |
|---|---|
| २४. टुहुरिएको क्षण | प्रस्तुत कवितामा कविले चरम भावुकताको अभिव्यक्ति चित्रण गरेका छन् । यसमा कविले आफू टुहुरिएको क्षणको अवस्थालाई व्यक्त गरेका छन् । आफू पढिरहेको, उद्देश्य लिएर अगाडि बढिरहेको, प्रेमका कथाहरू मनभरी उम्रिरहेको आवश्यकता र चाहनाहरू पनि चुलिँदै गएको बेलामा आफू टुहुरो भइसकेको र एक्कासी आफ्ना जोस, जाँगर, सपना, इच्छा, आकाङ्क्षा, चाहनाहरू सबै अवरुद्ध भएको भाव व्यक्त गरिएको छ । |
| २५. जिन्दगी | प्रस्तुत कवितामा कविले आध्यात्म, प्रेम वा इश्वरीय प्रेमको चित्रण गरेका छन् । यस कवितामा कविले मान्छे अथाह आनन्दका लागि ठूला सपना देख्दै कल्पनामा उडिरहेको, स्वार्थ, लोभ, लालचमा रमेको र त्यसकै पछि लागिरहेको कुरा व्यक्त गरेका छन् । जिन्दगी खोक्रो छ, जिन्दगीको लीला कति दिनलाई हो भन्ने नबुझेर मान्छे जिन्दगीको अन्तिम क्षणसम्म नाटककै पात्र बनेर बस्ने गरेको भावलाई यसमा व्यक्त गरिएको छ । |
| २६. जीवन | प्रस्तुत कविता स्वच्छन्दवादी भावधारामा अभिव्यञ्जित रहेको छ । कविले यस कवितामा जन्म, मृत्यु, सुख, दुःख भन्ने कुरा जीवनका नियमित प्रकृयाहरू भएको कुरा व्यक्त गरेका छन् । मानिस भएर जन्मिसकेपछि मृत्यु अनिवार्य हुन्छ, त्यसैले बाँचुन्जेल फूलजस्तै प्रियपात्र बन्न सक्नुपर्छ । अभद्र, असन्तोष र घृणाको जीवन भन्दा सुन्दर, संयम र सौहार्द जीवन बाँच्नुपर्छ भन्ने भाव यस कवितामा व्यक्त गरिएको छ । |
| २७. म आकाश | प्रस्तुत कविता पनि स्वच्छन्दतावादी भावधारामा रचिएको कविता हो । यसमा कविले आकाशलाई निर्मल र निश्चल रहेको कुरा व्यक्त गरेका छन् । यसमा कविले आकाश निश्चल, निस्वार्थ र निष्कलङ्क रहेको र यसलाई कसैले कलङ्क लगाउने चेष्टा नगर्न आग्रह गरिएको छ । |
| २८. मन | प्रस्तुत कविता कवि विश्वकर्माले स्वच्छन्दतावादी भावधारालाई अङ्गालेर लेखेका छन् । यस कवितामा कविले मानिसको मन, |

| | |
|---|---|
| | प्रकृति र सौन्दर्यपूर्ण रहेको स्वविवेकले जडित भएको मन विशाल हुन सक्ने कुरा बताएका छन् । यतिमात्र नभएर मनभित्र कुण्ठाहरू पनि कुण्ठित हुन सक्छन्, मन बतासझैँ तरङ्गिन सक्छ, पूर्ण दीप्त हुन सक्छ, बहकिन सक्छ र स्वर्गका अप्सराहरूसँग आनन्दित हुन सक्छ भन्ने भाव व्यक्त गरिएको छ । |
| २९. मृत्यु चाहेको छु | प्रस्तुत कवितामा कवि विश्वकर्माले चरम निराशावादी ढङ्गबाट स्वच्छन्दतावादी भावकै अभिव्यक्ति प्रस्तुत गरेका छन् । यस कवितामा कवि अकस्मात घाइते भएको, हृदय छियाछिया भएको, अनवरत रूपमा रोइरहेको, घात र प्रतिघातले हृदय छिन्नभिन्न भएको र जिन्दगी अन्धकारमा मोडिएको प्रसङ्ग उठाएका छन् । यस्तै धर्तीमा आफू सबैदेखि अलगिगएको, सम्बन्धहरू दिनदिनै खोक्रिदै गएको, घमण्डले झनै बलिरहेको, घृणाको पात्र बन्दै टाढा बन्न पुगेको र जीवनदेखि हार खाएर जीवन होइन मृत्यु चाहेको भाव व्यक्त गरिएको छ । |
| ३०. कवि महान हुन्छ | प्रस्तुत कवितामा कवि विश्वकर्माले कविको महिमागान गरेका छन् । यस कवितामा कवि महान हुने, उसको हृदय विशाल रहेको, लोभ लाभ त्यागेर योगी जस्तै बन्न सक्ने, आफू भोकै रहेर भए पनि अरूलाई खुशी राख्न सक्छ, उजाड भूमिमा पनि कवि हृदयले फूल फूलेको देख्छ, कल्पनामा डुब्न सक्छ, आकाशमाथि सपनाको महल देख्न सक्छ, चन्द्रमाको छाँयामुनी दिव्य मुहार देख्न सक्छ, उसको स्वभाव पनि शान्त, कोमलभाव भएको हुन्छ, कवि महान हुन्छ, सबैको भलो चाहानामै उसको जीत भएको देख्छ, कवि मैनबत्ती जसरी पग्लन सक्छ, त्यसैले कवि महान हुन्छ भन्ने भाव यस कवितामा व्यक्त गरिएको छ । |
| ३१. स्मृतिमा डायना | प्रस्तुत कवितामा कविले डायनाको रूप सौन्दर्यको वर्णन गरेका छन् । उनले डायनाको रूपको सम्झनामा प्रस्तुत कविता रचना गरेका छन् । |
| ३२. धराशायी | यसमा वर्तमान समाजमा बढ्दै गइरहेको हत्या, हिंसा, वर्तमान |

| | |
|---|---|
| एल्लोस्टोन | भट्टीजन्य मानवीय भूगोलमा विध्वंशका कार्यहरू भइरहेका छन् । विध्वंश मच्चिनका साथै हातहतियार निर्माण हुँदैछन् । यसले समाजलाई विखण्डनतिर तानिरहेको छ । यसै कारणले वर्तमान समाज सन्त्रास र भयमा बाँचिरहेको छ भन्ने भावलाई प्रस्तुत गरिएको छ । |
| ३३. मृत्युवरण | प्रस्तुत कवितामा मानिस जन्मेपछि मृत्यु ध्रुवसत्य रहेको, संसारमा कुनै पनि प्राणी जीवित नहरने हुनाले कसैलाई पनि कुकर्म नगर्न आग्रह गरिएको छ । यसमा मानव स्वभाव लोभ लालचमा जकडिएको, क्षणमै त्याग्नुपर्ने भौतिक भोगविलास पनि अन्तिम श्वाससम्म च्यापिरहने, नजन्मिदा केही थियो न त मरेपछि केही लिएर जान्छ केवल उदायो अस्तायो, आफूसँगैको श्रीसम्पत्ति सबै त्यागि कफनको बाकसमा जानुपर्छ । यो संसारिक प्रपञ्च छोडेर जाने भएकाले सबै लोभलालच त्याग्न भनिनु यस कविताको मूलभाव हो । |
| ३४. समय सन्दर्भ | प्रस्तुत कवितामा समयको महिमागानलाई चित्रण गरिएको छ । यसमा कविले समयलाई समुन्द्रको छालजस्तै एकछिनमा आउँछ र छिनमै हराउँछ, भन्ने कुरा व्यक्त गरेका छन् । समयलाई कसैले रोक्न नसक्ने भएकोले समयलाई चिनेर समयसँगै हिड्न सक्नुपर्छ, नत्र समयले मान्छेलाई मिल्काउन सक्छ । मानिस शक्ति र शासनमा एकछिनका लागि रमाए पनि त्यो सत्ता फुत्कन सक्छ । समय तुफान जस्तै आउँछ, त्यसलाई उपयोग गर्न सक्नुपर्छ, त्यो फुत्क्यो भने फर्कदैन, समय बलवान छ, यसको सदुपयोग गर्न सक्नुपर्छ भन्ने भाव व्यक्त गरिएको छ । |
| ३५. लेख्न बाँकी कविता | प्रस्तुत कवितामा देशमा रहेको व्याप्त राजनीतिक अवस्था र विभिन्न कालखण्डमा भएका युद्ध, हत्या र हिंसाको चित्रण गरिएको छ । यस कवितामा सुस्ता र कालापानी बेचिएकोप्रति सिङ्गो राष्ट्र नै दुखेको कुरा व्यक्त गरिएको छ । देशमा युद्धका नाममा कति मानिसहरूले ज्यान गुमाउनु परेको, कति चेलीहरूको सिन्दुर पुछिएको, देश |

| | |
|---|---|
| | रणभूमिमा होमिएको, अस्पतालहरू औषधी विहीन भएर मानिसहरू मर्नुपरेको, खाना नपाएको, चरम गरिबी बढेको कुरालाई व्यक्त गरिएको छ । राणाकालीन अवस्थामा पनि देशमा विभिन्न हत्याहरू भएका र अन्त्यमा सबै चेलीहरू बाँच्नुपरेको, देशका जनशक्ति युवाहरू विदेशिनु परेको कुराहरूलाई यस कविता मार्फत व्यक्त गरिएको छ । |
| ३६. नयाँ वर्ष | प्रस्तुत कवितामा सम्पूर्ण देशवासीहरूलाई शुभकामनाका सन्देशहरू व्यक्त गरिएको छ । यस कवितामा कविले सम्पूर्ण देशमा शान्ति, समृद्धि र सुख फैलियोस् भन्ने कामना गरेका छन् । यसमा सबै बालकहरू भविष्यको रेखा कोरून्, वृद्धहरू सबै बाँचिरहुन्, रोगभोक सबै भागेर बन्दुक, गोली र युद्ध होइन सबै मिलेर देश हाँकून् भन्ने चाहना व्यक्त भएको छ । |
| ३७. मर्स्याङ्दी | प्रस्तुत कवितामा प्रकृति प्रतिको प्रेम प्रस्तुत गरिएको छ । स्वच्छन्दतावादी भाव धारामा लेखिएको यस कवितामा कविले मर्स्याङ्दी नदीको सुन्दरतालाई वर्णन गरेका छन् । यसमा कविले हिमालमुनी बग्ने मर्स्याङ्दी निष्कलङ्क बगिरहने, स्वच्छ, निर्मल र कञ्चन रहेको, शिरमा हिमाल, फेदमा नागवेली भएर बग्ने नदीलाई कविले सधैं सम्झिरहने र कहिल्यैं पनि नबिर्सने र आजन्म प्यारो लाग्ने कुरा व्यक्त गरेका छन् । यसमा कविले प्रकृतिको बयान गरेका छन् । आफू परदेशमा रहेर आफ्ना पाखा पखेरा सम्झिरहेको, तड्पिरहेको, परदेशमा त्यस्ता कुराहरू नरहेको र आफू परदेशमा मर्नुपरे पनि आफ्नो अस्थि मर्स्याङ्दीको तटमा जलाऊन् र नत्र भने आफू त्यहाँ नपुगेसम्म प्राण क्यै गरी पनि जाँदैन भन्ने भाव व्यक्त गरिएको छ । |
| ३८. सम्झनामा पोखरा | प्रस्तुत कवितामा कविले पोखराको रमणीय ठाउँहरूको वर्णन गरेका छन् । स्वच्छन्दतावादी भावधारामा रचिएको यस कवितामा कविले पोखराका विभिन्न प्राकृतिक बनावटले सुन्दर रहेको ठाउँ र प्रकृतिको क्रिडास्थल भएको कुरा उल्लेख गरेका छन् । कविले यहाँको |

| | |
|---|---|
| | माछापुच्छ्रे, फेवाताल, रूपाताल, सेती नदी, डेभिस फल्स, वेगनासताल, हिउसरी टल्कने हिमाल आदि कुराले गर्दा पोखरा साँच्चिकै रमाइलो रहेको र सबैको मन खुशी पार्नलाई पोखरा अतिनै राम्रो भएको कुरा व्यक्त गरिएको छ । |
| ३९. टुहुरो | प्रस्तुत कवितामा कविले आमा बुवा दुबै गुमाएर एक्लै बाँचिरहेको टुहुरो बालकको अवस्थालाई चित्रण गरेका छन् । कविले बालकलाई अभागी भएको, वर्षौं वर्ष दुःखमा बिते पनि ममताकी खानी आमा फर्केर नआएको, एउटा बालक जसको संसार नै अन्धकार रहेको, चिसो भोक र छट्पटी मात्र रहेको र जगत्मा जन्मदिने आमासरी अरू कोही पनि नरहेको भनी आमाको महिमागान गाएका छन् । |
| ४०. जन्मभूमि प्यारो हुन्छ | प्रस्तुत कवितामा जन्मभूमिप्रतिको प्रेमभावको चित्रण पाइन्छ । यस कवितामा कविले आफू जहाँ गए पनि आफू जन्मेको माटो जस्तो अरू देशको नहुने र जन्मभूमिजस्तो प्यारो अरू कुनै पनि देश नहुने कुरा व्यक्त गरेका छन् । यस कवितामा आफ्नो जन्मभूमिमा रहेका प्राकृतिक सौन्दर्यहरूले कवि जहाँ रहे पनि आफूलाई पछ्याईरहेको जस्तो लाग्ने कुरा अभिव्यक्त गरेका छन् । |
| ४१. देश आज लास भयो | प्रस्तुत कवितामा देशमा रहेको राजनैतिक अवस्थाको चित्रण गरिएको छ । देशलाई नेताहरूले लुछाचुँडी गरेको, हत्या हिंसा, हड्ताल, आन्दोलन, महङ्गी, अत्याचार, नेपालबन्द, बत्ती पानी मट्टितेलको अभाव आदि कुराले चरम सीमा नाघेको र नेताहरू देशलाई शक्ति र सत्ता बाँडफाँडमा केन्द्रित रहेको र देशलाई लास बनाएको कुरालाई यस कवितामा व्यङ्ग्य गरिएको छ । यी सबै कुरा त्यागी देशमा सुखशान्ति ल्याउन आग्रह गरिएको छ । |
| ४२. सम्भनाकी परी | प्रस्तुत कविता मानवीय प्रेमभावले भरिएको कविता हो । यस कवितामा कविले सम्भनामा आउने परीको चित्रण गरेका छन् । सम्भनामा आउने परी सुन्दर रहेको, आफूलाई लोभ्याउन नजिक आउने र छोप्न जाँदा भाग्ने, सपनामा म्वाँई खाने, जिस्काएजस्तै लाग्ने परीलाई कवि खोज्दा खोज्दै थाकेको, कहाँ भेटूँ कहाँ देखूँ जस्तै |

| | |
|---|---|
| | भएको भन्ने भाव व्यक्त गरेका छन् । |
| ४३. बार सालको आशिष | प्रस्तुत कवितामा मानवीय प्रेमभावको चित्रण गरिएको छ । यस कवितामा दिनरात गन्दा गन्दै महिना वर्ष बितेको, बाँच्ने आशा गर्दा गर्दै आधा उमेर ढलेको, बैंसालु उमेरमा जता हेऱ्यो उतै सुन्दर देखिने, मायालुलाई कुर्न मन लाग्ने, कुर्दाकुर्दै आधा उमेर ढल्केको तर पनि नभेटिने लेखेको भएर होला सालहरू बिस्तारै बितेको कुरा व्यक्त गरिएको छ । बार सालपछि भेट भएर मन झिलिमिली भएकोमा सम्पूर्ण मानवजाति सुख, शान्ति र खुशीको आशिष लागोस् भन्ने कामना गरिएको छ । |
| ४४.गाह्रो भयो | प्रस्तुत कवितामा जिन्दगीका व्यथाहरू साह्रो भएको र आफ्ना व्यथाहरू चित्रण गरिएको छ । यस कवितामा जिन्दगीमा साथ दिने कोही नभेटिएको, जहाँ जाँदा पनि अन्धकारले नछोड्ने, सुखका लागि भगवानको भक्ति गरे पनि भोक, रोग सबै थेग्न गाह्रो भएको र मानिसमा मानवीय गुणहरू हराउँदै गएको केवल स्वार्थ मात्र रहेको कुरा व्यक्त गरिएको छ । |
| ४५. फुल्न दिनुपर्छ | प्रस्तुत कवितामा मानवीय प्रेमभावको चित्रण गरिएको छ । यसमा जिन्दगीमा हार खानु हुन्न, रिसराग सबै त्यागेर हाँसी खुशी रहनुपर्छ जवानीको यौवनमा मायाप्रीति राम्रो हुन्छ र पिरतीको बीऊ फुल्न दिनुपर्छ मरिलानु केही नभएकोले मिलीजुली भविष्यलाई फुल्न दिनुपर्छ भन्ने अभिव्यक्ति पाइन्छ । |
| ४६. व्यथा | प्रस्तुत कवितामा कविले जिन्दगीमा भोगेका पीर व्यथाहरूलाई चित्रण गरेका छन् । यसमा उनले निराशावादी भावना व्यक्त गरेका छन् । फूल भनी टिप्न खोज्दा काँडाले दुःख दिने, सुगन्ध ठानी बास्ना लिँदा विष बन्ने, आफू हिड्दा हिड्दै थाकिसकेको, कसैलाई आफ्नो ठानेर रमाउन खोज्दा शत्रु बन्ने चलन, अमृतमा विष हुनु, माया सर्प बनी डस्ने आदि पीर व्यथाहरू प्रस्तुत गरेका छन् । यहाँ कोही पनि आफ्नो नहुनु जिन्दगी खोक्रिएको बोट जस्तै रहेको कुरालाई व्यक्त गरिएको छ । |

| | |
|---|---|
| ४७. परदेशीको कथा | प्रस्तुत कवितामा जन्मभूमिप्रतिको प्रेमभावको अभिव्यक्ति पाइन्छ । उक्त कवितामा परदेशमा रहेका परदेशीहरूको पीडा र व्यथालाई चित्रण गरिएको छ । यस कवितामा परदेशिनु परेको व्यथा, त्यहाँ भोग्नुपरेका दुःख कष्ट पीडाहरू दशैँ तिहार आउँदै गर्दा बुढी आमाको हातको टीका लाउन नपाउँदा, प्रियसीसँग भेट नभएर आधा जीवन बितेको, बालबच्चा ठुला भएका, बाल्यकालमा साथीहरूसँगको यादको वर्णन गर्दै परदेशी जीवन बिताएपनि आफ्नै देश जन्मभूमिको मिठो माया याद आउने भन्ने भाव व्यक्त गरिएको छ । |

## ४.३ विषयवस्तुका आधारमा पदम विश्वकर्माका कविता

कविताको प्रमुख आधारभूत संरचक घटक मानिने भाव वा विचार कविताको मूल वस्तु हो । यो कार्यव्यापारमा अन्तर्निहित हुन्छ । कविता सिर्जनाका लागि प्रयुक्त मूल विषयवस्तु र अवधारणालाई भाव वा विचार भनिन्छ । विषयवस्तुको चयनमा कवि पुरै स्वतन्त्र हुन्छ र ऊ निर्बाध रूपमा स्वेच्छापूर्वक अनेक विषयवस्तुको चयन गरी त्यसमा आफ्नो विचारलाई समेत मिसाएर काव्य सिर्जना गर्दछ । काव्य सिर्जनाका लागि जीवन जगत्का यावत विषयवस्तु अर्थात संसारका जुनसुकै वस्तु, प्रकृति, संस्कृति, प्रेम, भूगोल, राजनीति, इतिहास, धर्म, मानवीय स्वभाव, अनुभूति, तत्कालिक यथार्थ वस्तुस्थिति आदि ग्रहण गर्न सकिन्छ ।

यहि विषयवस्तुको चयनगत स्वतन्त्रता र आसिनताका कारण कवितामा पनि अनेक रूप र विविधता पाइन्छ । जीवन भोगाइका सुख दुःख, हर्ष बिस्मात, उज्याला अँध्यारा आदि पाटाहरू मध्येबाट आफुलाई प्रभावित र आकर्षित तुल्याउने जुनसुकै विषयमा कविता सिर्जना गर्न सकिने हुँदा कविताको विषयवस्तु अनन्त हुन्छ र कविता सिर्जनाको मूल आधार पनि हो । कविताको विषयवस्तु त्यसको बीजविचार वा प्रमुख भाग हो । यसको मूलभाव विषयवस्तु मात्र नभएर विषयवस्तुको निर्माण गर्ने कथन पनि हो । कविताको विषयवस्तु नैतिक, औपदेशिक, भावात्मक, रागात्मक, सौन्दर्यमूलक आदि जे पनि हुनसक्छ (लुइटेल, २०६२ पृ. २१९) ।

यस *शब्द सुमन* (२०७०) कविता सङ्ग्रहमा विषयगत विविधता पाइन्छ । जहाँ सामाजिक, आर्थिक, प्राकृतिक, जातीय विभेद, युद्धजन्य अवस्था, राजनैतिक र मातृभूमि

प्रतिको प्रेम जस्ता विविध पक्षलाई विषयवस्तुका रूपमा प्रयोग गरिएको छ । उदाहरण सहित निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ :

### १. मानवता

*'शब्द सुमन'* भित्रका कवितामा मानवीय प्रेमलाई केन्द्र बनाएर लेखिएका पाँचवटा 'अर्थहीन माया', 'ममताको प्रतीक', 'तिम्रा नयनहरू', 'सम्झनाकी परी', 'बार सालको आशिष' जस्ता कवितामा माया प्रेमका कुराको वर्णन गरिएको पाइन्छ । यिनका यी कवितामा स्वच्छन्दतावादी अभिव्यक्तिले आश्रय पाएको छ । उदाहरणका लागि तलका पङ्क्तिलाई लिन सकिन्छ :

मायाका खोजीमा भौँतारिरहेका मूर्खहरू हो,<br>
माया दिएर हेर, मन भरीभरी छचल्किएका छन्,<br>
माया लिएर हेर, आँशुका थोपाहरू टल्पलाएका छन्,<br>
जीवन आखिर के नै रहेछ र<br>
माया दिनु र लिनुमा नै संसारको रीत रहेछ ।

*(अर्थहीन माया, पृ. ३९)*

माथिका हरफमा मायाको खोजी गर्दै भौतारिनु भन्दा पहिले आफुले अरूलाई माया दिन जान्नुपर्छ अनिमात्र अरूबाट माया पाइन्छ भनिएको छ । जीवन भनेको माया लिनु र दिनु हो । संसारकै चलन यहि छ भने हामी पनि अरूलाई माया गरौँ नत्र अर्थहीन माया नगरौँ भन्ने भाव यसमा व्यक्त गरिएको छ ।

### २. जन्मभूमिप्रतिको प्रेम

कवि पदम विश्वकर्माका कवितामा जन्मभूमिप्रतिको माया अभिव्यक्त गरिएको छ । उनका कतिपय कवितामा जन्मभूमि र आमाको महिमागान गर्दै मातृप्रेमको पनि प्रस्तुति पाइन्छ । उदाहरणका रूपमा निम्नलिखित कवितांशलाई लिन सकिन्छ :

हुन्न रैछ आफ्नो जस्तो माटो कतै गएपनि<br>
जन्मभूमिभन्दा प्यारो, हुन्न अरू केही पनि ।

*(जन्मभूमि प्यारो हुन्छ, पृ. ६९)*

माथिका हरफमा वैदेशिक रोजगारी भनौँ या पढाइको सिलसिलामा विदेशिन पुगेका युवा युवतीहरूले आफ्नो जन्मभूमिलाई सम्झिएको र जहाँ गए पनि आफ्नो मातृभूमि भन्दा प्यारो अरू नहुने कुरा बताइएको छ ।

**३. प्रकृतिपरक चित्रण**

पदम विश्वकर्माको *शब्द सुमन* कविताभित्र प्रकृतिलाई केन्द्र बनाएर लेखिएका कविताहरू 'झरना', 'सम्झनामा पोखरा', 'मर्स्याङ्दी', 'सुन्दर तारा' आदि जस्ता कवितामा नेपाली प्रकृतिको वर्णन गरिएको छ । उदाहरणका रूपमा निम्नानुसारका हरफहरू प्रस्तुत गर्न सकिन्छ :

जुनेली रातमा सुसाउँछ अविरल, न भोक छ अनि रोक
लाग्छ चुमिदिउँ अँगालोमा लिई, स्वर्गकी परीसरी
बगी आउ म जता छु लोक, मर्स्याङ्दी बगी आऊ
लाग्छ अति प्यारो मलाई यसको पुज्छु म तिम्रो पाऊ ।

*(मर्स्याङ्दी, पृ. ६५)*

माथिका हरफमा अविरल बगिरहने मर्स्याङ्दी नदीको सौन्दर्यतालाई कलात्मक रूपमा प्रस्तुत गरिएको छ ।

**४. राजनीतिक सचेतना**

यस कविता सङ्ग्रहमा राजनीतिक विषयवस्तुहरूलाई समय सान्दर्भिक रूपमा प्रस्तुत गरिएको छ । देशमा भएको राजनीतिक अस्थिरता र खिचातानीलाई कवि विश्वकर्माले यस कविताको विषयवस्तु बनाएका छन् । उदाहरणका लागि केही कवितांशहरू निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

शान्ति छैन, अमन छैन, देश हाम्रो नरक बन्यो
भविष्यको बाटो हेर्दै देश आज लास भयो ।

*(देश आज लास भयो, पृ. ७०)*

माथिका हरफमा देशमा शान्ति, अमन चयन भन्ने कुरा नभएको, स्वर्गजस्तो देशलाई राजनीतिक दलका स्वार्थका कारण नरकजस्तो बनाइएको साथै भविष्यमा केही राम्रो होला कि भन्दा भन्दै देश लाश बनेको, सबैमा निराशा छाएको कुराले राजनीतिक अवस्थालाई चित्रण गरिएको छ ।

### ५. जातीय विभेद

यस कविता सङ्ग्रहमा जातीयताको अन्त्य हुनुपर्छ र भेदभाव रहीत समाजको निर्माण हुनुपर्छ र सबै जात जातिमा सद्भाव, शान्ति, मैत्रीभाव र जातीय एकता हुनुपर्छ भन्ने भावना व्यक्त गरिएको छ । उदाहरणका रूपमा केही कवितांशहरू निम्नप्रकार रहेका छन् :

सिर्जनाका यात्रा हुन् ती
मात्रै दुई जात हुनुपर्छ
छोरा अनि छोरी मान्छे
प्रकृतिका रथ बन्नैपर्छ
मान्छेबीचमा भेदभाव गर्ने
नीति अन्त्य हुनैपर्छ
रूपरङ्ग स्वभाव फरक
रगत सबैको रातै हुन्छ ।

*(रगत सबको रातै हुन्छ, पृ. १५)*

माथिका पङ्तिमा सृष्टिका यात्री भनेका नारी र पुरुष मात्रै हुन् । यी दुई प्रकृतिका रथ हुन् र जात भनेको छोरा र छोरी अर्थात नारी र पुरूष मात्रै हुन् । यसका अलावा मान्छेका विचमा तल्लो माथिल्लो जात हुँदैन । मान्छेको रूप, रङ्ग र स्वभाव फरक होला तर सबैको रगत रातै हुने भएकाले कसैले तल्लो जात भनेर जातीय विभेद नगर्न आग्रह गरिएको छ ।

### ६. युद्धको विरोध

यस *'शब्द सुमन'* कविता सङ्ग्रहमा सङ्कलित कविताहरूमा युद्धको विरोध गरिएको छ । युद्धले कहिल्यै पनि शान्ति ल्याउँदैन, जहिले पनि रगत बगाउँछ भन्दै युद्ध रोक्नुपर्छ र शान्तिको स्थापना हुनुपर्छ भन्ने भाव व्यक्त गरिएको छ । उनको यस कविता सङ्ग्रहमा राष्ट्रिय, अन्तर्राष्ट्रिय, ऐतिहासिक सन्दर्भ सहितको हत्या र हिंसाको विरोध गरिएको छ । उदाहरणका लागि केही कवितांशहरू निम्नलिखित रूपमा प्रस्तुत गर्न सकिन्छ :

सुनसान बस्तीहरू
बेथान र होलेरी जस्तै

युद्धभूमिमा परिणत भएका छन्
युवा युवतीहरू अन्धकारमा रुमल्लिरहेका छन्
बालबच्चाहरू त्रासदीमा निसास्सिरहेका छन्,
लड्दा लड्दै
मेरो देशका बस्तीहरू
सुनसान सुस्ताइरहेका छन् ।

*(सुनसान बस्तीहरू, पृ. २४)*

माथिका हरफमा युद्धका कारण वस्तीहरू सुनसान भएको, बेथान र होलेरी जस्तै जतासुकै युद्धभूमि बन्न पुगेका र युद्धकै कारण सुनौलो भविष्य खोज्दै हिड्ने युवाहरू डर र त्रासमा रूमल्लिएका र जतासुकै युद्ध र त्रासदि छाएको कुरा अभिव्यक्त गरिएको छ ।

यसरी *'शब्द सुमन'* कविता सङ्ग्रहमा प्रेम, प्रकृति, राजनीति, जातीय, युद्ध आदि विषयवस्तु समावेश गरिएको छ । धेरैजसो कविता प्रेममा आबद्ध छन् ।

**४.४ सहभागीका आधारमा पदम विश्वकर्माका कविता**

साहित्यिक कृतिमा रहेका व्यक्ति, पात्र वा चरित्रलाई सहभागी भनिन्छ । कृतिमा रहेका पात्र मानवीय तथा मानवेत्तर पनि हुन्छन् । कृतिमा आएका विभिन्न व्यक्ति तथा नामहरूलाई सहभागी मानिन्छ । कृतिमा रहेका सहभागीहरू वक्ता, स्रोता, सम्बोधक, प्रेषक, प्रापक आदि रूपमा उपस्थित हुन्छन् । सहभागीहरू कृतिमा निर्दिष्ट भूमिका निर्वाह गर्न आउछन् । सहभागीहरू अवस्था अनुसार प्रमुख, सहायक, गौण, गतिशिल, स्थिर, वर्गीय, बद्ध, मुक्त आदि अनेक भूमिकामा रहेका हुन्छन् ।

प्रगीतात्मक, आख्यानात्मक र नाटकीय तीनै खाले कवितामा विभिन्न प्रकारका सहभागीहरूको प्रयोग गरेको पाइए तापनि प्रगीतात्मक कवितामा स्वेच्छिक रूपमा र अन्य दुईमा अनिवार्य रूपमा सहभागी आवश्यक हुन्छ । साहित्यिक कृति सङ्लग्न सहभागीहरूलाई लिङ्गका आधारमा पुरुष, स्त्री र कार्यका आधारमा प्रमुख, सहायक र गौण, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल, स्वभावका आधारमा गतिशील र स्थिर, जीवन चेतनाका आधारमा वर्गीय र व्यक्तिगत, आसन्नताका आधारमा नेपथ्य र मञ्चीय, आबद्धताका आधारमा बद्ध र मुक्त गरी विभाजन गरिन्छ । हरेक कृतिमा सहभागीहरूको सङ्ख्या घटी बढी भए पनि तिनको उपस्थिति चाहिँ अनिवार्य रहन्छ (लुइटेल, २०६७, पृ. २०) ।

पदम विश्वकर्माको कविता सङ्ग्रह *'शब्द सुमन'* (२०७०) मा सहभागीका रूपमा केही व्यक्तिको नाम प्रयोग गरिएता पनि ती सहभागी नभएर भावभूमिमै गाँसिएर आएका छन् (लुइटेल, भूमिका, २०७०) । यस कृतिमा म, सगरमाथा, गीतकारहरू, फोटोग्राफर, लालाबाला, प्रेमी प्रेमिका, छोराछोरी, मातापिता, मिरिकका आचार्यहरू, युवा, बिधवा, युवती, डार्विन, लिङ्कन, वोसवाल्ड, ज्याक रुवी, चन्द्रमा, अप्सराहरू आदि पात्रहरूको प्रयोग भएको छ । यसरी प्रस्तुत कविता सङ्ग्रहमा मानवीय पात्रको प्रयोग भएको छ । यस कविता सङ्ग्रहमा सहभागीहरू कविताको भावलाई बिस्तार गर्ने क्रममा आएका छन् । यिनीहरू गतिशील पात्रको रूपमा नभई स्थिर पात्रको रूपमा कवितामा प्रस्तुत भएका छन् ।

### ४.५ परिवेश

कृतिमा प्रयुक्त चरित्रहरूले कार्यव्यापार सम्पन्न गर्ने तथा घटनाहरू घटित हुने ठाउँ, समय र वातावरणलाई परिवेश भनिन्छ । यसलाई देश, काल, वातावरण, कार्यपिठीका, पृष्ठभूमि आदि भनेको पाइन्छ । घटना कहिले, कहाँ र कसरी घटित भयो भन्ने कुरालाई परिवेशले जनाउछ । यसले ठाउँ, समय, वातावरणका साथै घटना घटित हुने भौतिक स्थितिलाई समेत बुझाउँछ । वास्तवमा परिवेश भनेको देश, काल र वातावरण हो । देशले कार्यव्यापार सम्पन्न हुने स्थान, कालले कार्यव्यापार सम्पन्न हुने समय तथा वातावरणले कार्यव्यापारबाट उत्पन्न हुने प्रभावलाई जनाउछ । यसरी घटना घटित हुने स्थान, समय र परिस्थिति नै परिवेश हो (लुइटेल, २०६७, पृ. २१) ।

परिवेश बाह्य र आन्तरिक दुबै हुन सक्छ । बाह्य परिवेशलाई भौतिक तथा आन्तरिक परिवेशलाई मानसिक परिवेश पनि भन्न सकिन्छ । परिवेशभित्र वस्तु र सहभागीका अतिरिक्त विचारको पनि प्रस्तुति हुन सक्छ । सहभागीको मानसिकतामा सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक, साँस्कृतिक आदि विभिन्न कुराहरू पैदा गर्नसक्ने सन्दर्भहरू पनि परिवेशभित्रै पर्दछन् । प्रगीतात्मक, आख्यानात्मक र नाटकीय संरचनामा भएका तीनै खाले कविताकृतिमा कुनै न कुनै रूपले केही न केही अंशमा परिवेश चित्रित भएकै हुन्छ । यो कतै सिधै वर्णित हुन्छ भने कतै सङ्केतात्मक वा प्रतीकात्मक रूपमा वर्णित हुन्छ (लुइटेल, २०६७, पृ. २१) ।

पदम विश्वकर्माको यस कविता सङ्ग्रहका कवितालाई जनाउने समय, वातावरण र स्थान त्यति व्यापक र विस्तृत नभए पनि परदेशको केही ठाउँहरू र पश्चिम नेपालको पोखरा, लम्जुङतिरको केही स्थानहरू समावेश गरिएको छ ।

प्रस्तुत कविता सङ्ग्रहभित्र परिवेशको उति विस्तृत र व्यापक नभई आशा र निराशाकै वरपर घुमेको छ । (लुइटेल, भूमिका, २०७०) यसमा केही मात्रामा भौगोलिक एवं मानसिक दुबै परिवेशको चित्रण पाइन्छ । भौगोलिक परिवेश अन्तर्गत अरौरा, डाँडा, भिरपाखा, चेपेखोला, मधेस, फाँट, लिगलिगकोट, रागिनासकोट, फेवाताल, बेगनास ताल, मेची, कोशी, राप्ती, महाकाली, नारायणी, दशैं, तिहार, इन्द्रजात्रा, भोटोजात्रा, स्वयम्भु, पशुपति, लुम्बिनी, मनकामना, विन्ध्यवासिनी, महल, गाडी, परदेश, सडक गल्ली, हिमाल, सगरमाथा, भारत, नेपाल, टिस्टा, सतलज, काँगडा, हनुमान ढोका, समुन्द्र, तारा, आकाश, सूर्य, झरना, जनकपुर, दिल्ली, सिंहदरबार, घर, बस्ती, मर्स्याङ्दी, जङ्गल आदि छन् ।

मानसिक परिवेश अन्तर्गत माया, प्रेम, दुःख, पीडा, व्यथा, अशान्ति, गरीबी, भोकमरी, विवशता आदिको चित्रण पाइन्छ । भौगोलिक परिवेशका केही उदाहरणहरू *सगरमाथा पनि भारत सर्न के बेर, देशको बागडोर दिल्लीमा समाहित बनिरहेको छ* (पराधीन अस्तित्व, पृ.२०) । *टिष्टा, सतलज र काँगडासम्म लम्केको नेपालको भूमि र सगरमाथा रोइरहेछ (ऐ. पृ.७), लिगलिगकोट र रागिनासकोट दरबारसँग मेरो मितेरी गाँसिएको छ* (परदेशी भएपनि, पृ.२) । *अरौरा नरसंहारमा परिणत भइसकेका बेला* (शब्दसुमन, पृ.१), *मर्स्याङ्दी नदी त्यो हिमालमुनी बग्छ निरन्तर* (मर्स्याङ्दी, पृ.६५), *सुस्ता र महाकालीको यादले चिमोट्न थाल्छ* (लेख्नबाँकी कविता, पृ.६२), *कोशी, गण्डकी बिकी सम्झौतामा सुम्पिए* (भोट, पृ.३०), मानसिक परिवेशका केही उदाहरण *परदेशका दुख कष्ट कतिमात्रै लेख्दै जाऊँ* (परदेशीको कथा, पृ.७६), *आफ्ना भन्ने छैनन कतै, खोज्दाखोज्दै थाकिसकेँ* (व्यथा, पृ.७५), *यसपाली त पक्कै हाम्रो भेट हुने भयो* (बार सालको आशिष, पृ.७२), *बत्ती छैन पानी छैन, मट्टितेल छैन कतै* (देश आज लास भयो, पृ.७०), *धिक्कार लाग्छ जन्म जन्मदैमा अछुत बन्ने कुरीतिको संस्कार मेरो* (धिक्कार, पृ.४०) आदि ।

यसरी परिवेशका दृष्टिकोणले पदम विश्वकर्माका कविता भरिपूर्ण नै रहेका छन् । उनका कवितामा देशका विभिन्न ठाउँ लगायत अन्य देशको परिवेश पनि रहेको छ ।

## ४.६ दृष्टिबिन्दु

साहित्यिक कृतिलाई पाठक समक्ष उपस्थिति गर्ने पद्धतिलाई दृष्टिबिन्दु भनिन्छ । सामान्यतया हेराइको कोण वा परिप्रेक्षलाई जनाउने दृष्टिबिन्दु साहित्यिक कृतिको प्रस्तुतीकरणसँग सम्बन्धित तत्व हो । यो कृतिमा भएका विचारधारालाई पक्रने बुझ्ने सरल विधि पनि हो । लेखक आफ्ना विचारहरू कुनै कृतिमा सहभागी (प्रथम पुरुष) र कुनै असहभागी (तृतीय पुरुष) समख्याताका माध्यमबाट प्रस्तुत गर्दछ । कृतिमा भूमिका हुने समख्यातालाई सहभागी र भूमिका नहुने समख्यातालाई असहभागी भनिन्छ । वस्तुको प्रस्तुतीकरण गर्न वा आफ्नो कथा भन्नका लागि रचनाकारले एक वा अनेक दृष्टिबिन्दुको चयन गर्दछ । सहभागिताकै आधारमा दृष्टिबिन्दुलाई सहभागी (प्रथम पुरुष) दृष्टिबिन्दु र असहभागी (तृतीय पुरुष) दृष्टिबिन्दु गरेर दुई भागमा विभाजन गरेको पाइन्छ (लुइटेल, २०६७, पृ. २३) ।

प्रस्तुत कविता सङ्ग्रहका कवितामा मूलतः प्रथम र तृतीय पुरूष दुबै दृष्टिबिन्दुको प्रयोग पाइन्छ । (लुइटेल, भूमिका २०७०) उनको कविता सङ्ग्रहमा समावेश भएका कविता कुनै प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरेर लेखिएका छन् भने कुनै तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरेर लेखिएका छन् । जस्तै : *हर शुभ बज्ने मन्दिरमा घण्टीहरू मेरो कानमा गुञ्जिरहन्छन्* (परदेशी भए पनि, पृ. ३) । *म पढिरहन्छु अनवरत एवं भित्ताका पानाहरू जस्तै* (भित्ताहरूमा संविधान, पृ.३१) । *म आकाश, आकाश जस्तै निर्मल छु, निश्चल छु र निष्कलङ्क छु* (म आकाश, पृ.४८) ।

## ४.७ भाषाशैलीय विन्यासका आधारमा पदम विश्वकर्माका कविता

भाषाशैली विन्यास कविताको एक महत्वपूर्ण तत्व हो । विन्यास भनेको सुव्यवस्थित ढङ्गले क्रमबद्ध रूपमा राख्ने काम हो । कृतिको संरचक सन्दर्भमा भाषा, शैली, विम्ब, प्रतीक, लय, छन्द, अलङ्कार आदिको व्यवस्थापनलाई भाषाशैलीय विन्यास भनिन्छ ।

भाषा भनेको कृतिलाई प्रस्तुत गर्ने माध्यम हो । भावाभिव्यक्तिको सर्वप्रमुख र सशक्त साधन भाषाका माध्यमबाटै साहित्यिक कृतिको रचना गरिन्छ । यस दृष्टिबाट भाषालाई साहित्यको माध्यम घटक मानिन्छ । हरेक कृतिको साहित्यिक संरचना भएजस्तै भाषा संरचना पनि हुन्छ र यसका संरचनाभित्र ध्वनि व्यवस्था, शब्द व्यवस्था, व्याकरण व्यवस्था र अर्थव्यवस्था पर्दछन् । साहित्यका सबै विधाको अभिव्यक्ति भाषाका माध्यमबाटै गरिए पनि

कविता र अन्य गद्य विधामा प्रयोग गरिने भाषामा भिन्नता रहन्छ । शुरुमा गद्य भाषाको स्थूल र न्यून लयात्मक रूपले प्रयोग गरिन्छ भने पद्यमा भाषाको सुक्ष्म र लयात्मक रूपको प्रयोग गरिन्छ । गद्यमा प्रयुक्त भाषा कमबद्ध रूपले प्रवाहित हुन्छ भने पद्यमा प्रयुक्त भाषा प्रायः विचलनयुक्त ढङ्गले खण्ड खण्डमा प्रवाहित हुन्छ । गद्यमा सामान्यतया सोझो अभिव्यक्ति र व्याकरण सम्मत भाषाको प्रयोग हुन्छ भने पद्यमा विशिष्ट अभिव्यक्ति र विचलनयुक्त भाषिक प्रयोग हुन्छ (लुइटेल, २०६७, पृ. २५) ।

भाषा र शैलीका बीचमा अन्योन्याश्रित सम्बन्ध छ । भाषा अभिव्यक्तिको माध्यम हो भने शैली अभिव्यक्तिको तरिका हो । गद्य वा पद्यमा गरिने अभिव्यक्तिको ढाँचागत अभिलक्षणलाई शैली भनिन्छ । कुनै पनि भनाई वा काम गराईको तरिका शैली हो । कृतिगत सन्दर्भमा लेखकीय अभिव्यक्तिको तरिका वा ढाँचालाई शैली भनिन्छ । यसले साहित्यिक कृति लेखिने तरिका वा लेखकले आफ्ना भाव वा विचारलाई पाठक साम‍ु अभिव्यक्त गर्दा प्रयोग गर्ने ढाँचालाई जनाउँछ । सामान्यार्थमा कुनै काम गर्ने ढङ्ग वा तरिका तथा साहित्यिक सन्दर्भमा भाषिक अभिव्यक्तिको ढङ्ग वा तरिका नै शैली हो (लुइटेल, २०६७, पृ. २६, २७, २८) ।

*'शब्द सुमन' (२०७०)* कविता सङ्ग्रहभित्र रहेका कविता प्रायः शुद्ध भाषिक विन्यास पाइने पदम विश्वकर्माका कवितामा प्रयुक्त भाषाशैली अन्त्यन्त सरल भएकाले यिनका कविता बुझ्न कत्ति पनि परिश्रम गर्नु पर्दैन (लुइटेल, भूमिका, २०७०) । यस सङ्ग्रहभित्र रहेका कविताको भाषाशैली अत्यन्त सरल र सरस छन् । यी कविताको भाव बुझ्न सजिलो छ । यसभित्र रहेका कवितामा बिम्ब र प्रतीकहरूको प्रयोग पनि पाइदैन । यसभित्र रहेको *ममताको प्रतीक* नामक कवितामा शाब्दिक पुनरावृत्ति पाइन्छ भने नयाँ वर्ष नामक कवितामा तुकबन्दीयुक्त भाषिक विन्यास पाइन्छ । (लुइटेल, भूमिका, २०७०) यसमा रहेका कविताहरू लयात्मक रहेका छन् । त्यसैगरी *म शुन्यमा हराएँ* नामक कवितामा अङ्ग्रेजी शब्दको प्रयोग गरिएको छ । *हाइ, हाउ, आर यु र ह्याभ अ गुड डे* आदि ।

## ४.८ निष्कर्ष

विश्वकर्माको पहिलो कविता सङ्ग्रह *'शब्द सुमन'* हो । यस कविता सङ्ग्रहभित्र उनले विभिन्न खाले विषयवस्तुलाई उठाएका छन् । उनका कवितामा युगीन राजनीतिक, सामाजिक तथा मानवीय अवस्थाको चित्रण गरेको पाइन्छ । उनका कवितामा देशमा रहेको

विद्यमान राजनीतिक अवस्था, समाजमा जरा गाडेर रहेको जातीय छुवाछुत, गरिबीका कारण विदेशिनुपरेका युवाहरूको पीडा, देश छोडेर विदेशिन पुगेका युवा युवतीहरूको आफ्नो जन्मभूमि प्रतिको माया र सम्झना, आफु जन्मेको ठाउँको पाखापखेरा, कलकल बग्ने नदीनाला, झरनाहरू, विश्वसामु नेपालको शिर ठाडो बनाउने सगरमाथाको गौरव जस्ता कुराहरू व्यक्त गरिएको छ । यसका साथै देश तथा विदेशमा हुने गरेका युद्धको अवस्था, देशमा रहेको राजनीतिक विकृति र विसङ्गति, पीडा, व्यथा आदि कुराहरू यस कविता सङ्ग्रहभित्र सफल रूपमा देखाइएको छ । उनका कविताहरूको भाषा सरल र सहज रहेको छ । विश्वकर्मा गद्य लयमा कविता लेख्न र विषयवस्तुलाई चिरफार गर्न सफल भएका छन् ।

## पाँचौं परिच्छेद

# पदम विश्वकर्माको उपन्यासको विश्लेषण

### ५.१ विषयपरिचय

पदम विश्वकर्माले साहित्यका विभिन्न विधामा कलम चलाएका छन् । प्रस्तुत उपन्यास *क्वारेन्टाइन (२०७८)* उनको एकमात्र उपन्यास हो । २०७८ सालमा साङ्ग्रिला पुस्तक प्रा.लि.ले यस पुस्तकलाई प्रकाशनमा ल्याएको हो । १८४ पृष्ठको मध्यम आकारमा उपन्यासले आफ्नो आकार ग्रहण गरेको छ । यस उपन्यासलाई छोटा छोटा गरी जम्मा चालीस अङ्कमा विभाजन गरिएको छ । पृष्ठ ७ बाट अङ्क एक शुरु भएको छ र चालीस अङ्क १८१ पृष्ठमा सकिएको छ । अन्त्यमा भनेर लेखकले अन्तिममा आफ्नो भनाइ राखेका छन् । यस उपन्यासलाई अङ्क एक र दुईलाई आदि भाग, अङ्क ३ देखि २८ सम्मलाई मध्य भाग र २९ देखि ४० सम्मलाई उपसंहारको रूपमा उपन्यासको अन्त्य भाग मान्न सकिन्छ । यथार्थ विषयवस्तुमा आधारित यस उपन्यासमा विश्वभरी फैलिएर रहेको कोरोनाले अकालमै ज्यान गुमाएकाहरू र आफन्त गुमाउनुपरेको पीडा कतिसम्म गाह्रो हुँदोरहेछ र आफन्त गुमाइसकेपछि पनि मान्छेले आफ्नो जीवनलाई कसरी सम्हाल्दै अगाडि बढ्ने भन्ने यथार्थ घटनालाई प्रस्तुत गरिएको छ । हाम्रै अगाडि मानिसहरूले भोग्नुपरेको पीडालाई यस उपन्यासका पात्र मार्फत अभिव्यक्त गरिएको छ । प्रस्तुत शोधपत्रको यस परिच्छेदमा *क्वारेन्टाइन* उपन्यासलाई उपन्यासका विधातत्वका आधारमा विश्लेषण गरिएको छ ।

### ५.२ कथानक

कथानक उपन्यासको महत्वपूर्ण तत्व हो । धनञ्जयले यसलाई नाटकका सन्दर्भमा वस्तु र अरिस्टोटलले अनिवार्य तत्व वा आत्मा भनेको पाइन्छ । यसैले पाठकलाई सर्वप्रथम आकर्षित गर्दछ । घटनाहरूको सङ्गटनबाट कथानकको निर्माण गरिन्छ । कथानकले घटनालाई शृङ्खलाबद्ध रूपमा कार्यकारण शृङ्खलामा जोड्ने काम गर्छ । उपन्यासका घटना विभिन्न स्रोतबाट लिइन्छन् । यस्ता स्रोतहरू ऐतिहासिक, पौराणिक र सामाजिक हुन्छन् । कथानक सरल र जटिल हुन्छन् । अविच्छिन्न घटना भएको कथानक सरल, कथानक र स्थिति विपर्यय भएको कथानक जटिल कथानक हो । कथानक मूल र सहायक हुन्छन् । एकोन्मुख ढाँचामा अगाडि बढेको कथानक सरल कथानक हो भने नयाँ नयाँ मोड आउने

कथानक जटिल कथानक हो । कथानकलाई आदि, मध्य र अन्त्य गरी तीन भागमा विभाजन गर्न सकिन्छ । घटनाको विकासमा यसपछि के हुन्छ भन्ने जिज्ञाशा कौतुहल हो । यसमा आउने विचार वा पात्रको सङ्घर्ष द्वन्द्व हो । ढाँचागत दृष्टिले हेर्दा कथानक रैखिक र अरैखिक हुने गर्दछ ।

अङ्क : १

फेब्रुवरी महिना कोलोराडोको सहर चारैतिरबाट हिउले घेरिएको अवस्थाबाट सुरू भएको छ । नातिको बर्थडे मनाउन जान्छु र केही समय पछि फर्कन्छु भनी बुढा बा आमा लस एन्जलस जान्छन् । उमेरले सत्तरी पुगेकी आमालाई विनयले नाइनास्ती गर्न सक्दैन । आमा पनि उच्च रक्तचापको रोगी भएकाले चिसो मौसममा कठिन हुन्छ । आमाको प्रस्तावबारे जमुना र विनयविच छलफल हुन्छ । एकातिर श्रीमतीको असहमति अर्कातिर बुवा आमाको रहरले गर्दा श्रीमतीको कुराले विनय दोधारमा पर्छ । जमुनाको कुरा पनि गलत छैन । अन्त्यमा आमासँगै बुवालाई पनि पठाउन प्रस्ताव राख्छ र बुवा आमा दुबैका लागि हवाई टिकट लिन्छ । बुवा आमा हवाईजहाज मार्फत लसएन्जलस पुग्छन् । यता विनयको घरमा बुवाआमा नहुँदा घर सुनसान हुन्छ । उता बुवा आमाको उपस्थितिमा छोराको बर्थडे रमाइलो साथ मनाउछन् । त्यहाँ हुँदा बुढाबुढी बिरामी नभएको महसुस गर्छन । बुवा आमा निरोगी जस्तो देखिदा छोरी आफैसँग बस्न जिद्दी गर्छिन तर छोरी ज्वाइँको घरमा बस्न नहुने नेपाली समाजको परम्परालाई सम्झेर घर फर्कन्छन् ।

अङ्क : २

बा आमा घर फर्किएपछि विनयको घरको माहोल उत्सवमय बन्छ । सबैजना खुशी हुन्छन् । हप्तादिनपछि आमालाई हल्का खोकी लाग्न थाल्छ । कोलोराडोको चिसो मौसमका कारण खोकी लागेको आशङ्का गर्छन । घरमै जीरा, ज्वानो, अदुवा, वेसार जस्ता घरायसी उपचारका साथै केही मेडिकल औषधि पनि प्रयोग गर्छन । सुरूमा आमा सामान्य फ्लु ठानेर चेकअप गर्न जान मान्दिनन् । औषधिले खोकीमा कुनै पनि प्रकारको फरक नदेखिएपछि आमा अब माथि जानेबेला भए जस्तो छ भन्ने आशङ्का गर्न थाल्छिन् । घरायसी उपचारले केही पनि उपाय नलागेपछि आमालाई अस्पताल लैजान खोज्छन् तर आमाले मान्दिनन् । अमेरिकामा नयाँ खालको रोग देखा परेसँगै सबैजना भकाभक थला पर्छन । जतातत‌ै बिरामीहरू पर्न थाल्छन् । त्यसैगरी आमाको स्वास्थ्य दिनानुदिन नाजुक हुँदै जान्छ ।

आमालाई गाह्रो भइसकेपछि एम्बुलेन्समा हालेर विनय र जमुना अस्पताल जान्छन् । बुवा पनि श्रीमतीसँगै जान खोज्छन् तर उहाँलाई घरमै बसाइन्छ । अस्पतालमा जता पनि बिरामी राख्ने बेड र कम्प्यूटर जडित तारहरू देखिन्छन् । आमालाई आकस्मिक कक्षमा स्वास्थ्य जाँच गरिन्छ । जतातते कोरोना भएका कारण कोरोनाको आशङ्का गरिन्छ । यता जमुना र विनयको रात छटपटीमै बित्छ । बिहान डाक्टरले आमालाई कोरोना भएको कुरा बताउछन् । जमुना र विनय दुबै झस्किन्छन् । आमालाई भेट्न दिइदैन र भेट्न नपाउँदा यी दुबै चिन्तित हुन्छन् ।

अङ्क : ३

विनयका बा पनि अस्पताल आइपुग्छन् । आमालाई भेट्न नपाएका बा आमाको अवस्थाप्रति चिन्तित भएपनि विनयलाई सम्झाउदै मान्छेको कहाँ र कसरी मृत्यु हुन्छ भन्ने कुराको टुङ्गो नभएको तर मर्नु त सबैले पर्छ भन्ने कुरा व्यक्त गर्छन । विनयलाई आफू लाहुरे भएर दक्षिणतिर लागेको र आमाले बालबच्चा हुर्काउन गरेको दुःख बयान गर्दै विभिन्न देशहरूमा भएका युद्ध र त्यसबाट भोग्नुपरेको क्षतिको सम्पूर्ण कुरा बताउछन् । यसका साथै विश्वभर भएको प्रथम विश्वयुद्ध र दोस्रो विश्वयुद्धका घटनाहरू पनि सुनाएका छन् । यी विभिन्न देशहरू बिच भएका युद्ध, आक्रमण, झगडा, काटमार आदिको बयानमा तेस्रो अङ्क सकिएको छ ।

अङ्क : ४

यस अङ्कमा औषधिका कारण आमाको ज्वरो र खोकी केही कम भएको खबर डाक्टरले दिन्छन् । खोकी र ज्वरो कम भए पनि आमालाई श्वास फेर्न भने निकै कठिन भइरहेको र प्रतिरक्षा शक्ति निकै कमजोर हुँदै गएको छ । यस अङ्कमा आमालाई अलि गाह्रो भएकोले विनय निकै डराउँछ । यस्तै बुवाको मुख पनि कालो निलो हुन्छ र आँखाबाट आँशु तप्प चुहिन्छ । उता विनयको पनि धीरताको बाँध फुटिसकेको हुन्छ तर बाका अगाडि ऊ रुन नसकेर संयमित हुन्छ । विनयले बुवालाई छाड्न सक्दैन ऊ बासँगै बस्छ । आमाले भोगेका सम्पूर्ण व्यथाहरू बुवाले विनयसँग व्यक्त गर्दछन् । विनय र बा आमालाई भेट्न चाहन्छन् तर उनीहरूलाई कोरोना सर्ने डरले भेट्न दिइदैन । अस्पतालमा बस्न गाह्रो हुने भएकाले बालाई जमुनासँगै घर पठाइएको छ ।

अङ्क : ५

यस अङ्कमा आइपुग्दा बा पनि बिरामी भएको खबर विनयलाई जमुनाले दिन्छे । घरमा जमुनाले फ्लुका लागि औषधि दिँदा पनि ज्वरो नघटेको हुँदा एम्बुलेन्स बोलाएर बालाई पनि अस्पताल पुऱ्याइएको छ । देखिएका लक्षणहरूका आधारमा बालाई आकस्मिक कक्षमा भर्ना गरिएको छ । आमा आइसीयुमा बा इमर्जेन्सीमा हुँदा विनयको दिमागले काम गर्न छोड्छ । आमाको तुलनामा बा अलि हृष्टपुष्ट हुन्छन् । नर्सहरूले कोरोनाको परीक्षण गर्न नाकको प्वालमा कपास राख्छिन । विनय र जमुना भने घरमै छटपटाइरहेका छन् भने अर्कातिर अस्पताल बिरामीले खचाखच भरिँदै गएको छ ।

अङ्क : ६

यस अङ्कमा कोरोनाको उत्पत्ति कहाँ र कहिले भएको हो भन्ने बारेमा वर्णन गरिएको छ । चीनको वुहान प्रान्तबाट सुरू भएको कोरोना डा. लिले पत्ता लगाएको कुरा उल्लेख छ । साथै मानव इतिहासमा विभिन्न समयमा विभिन्न रोग महामारीका रूपमा फैलिएको र यसले ठूलो मात्रामा मानवीय क्षति गरेको कुरा उल्लेख गरिएको छ ।

अङ्क : ७

यस अङ्कमा पनि चीनबाट कोरोना फैलिएको र बजारमा विभिन्न थरीका हल्लाहरू फिजिएको कुरा उल्लेख गरिएको छ । कसैले रोग चमेरोबाट सरेको, कसैले सर्प, भ्यागुता, मुसा आदिबाट सरेको र कसैले फट्याङ्ग्राबाट सरेको भनी हल्ला गरेको विषय पनि उल्लेख गरिएको छ । यसमा अमेरिकी राष्ट्रपतिले कोरोना चीनबाट फैलिएको हुनाले यसलाई चाइनिज भाइरस भनेका छन् । त्यसैगरी मानिसहरू विभिन्न चर्चहरूमा प्राथनाका लागि घण्टी बजाइरहेका छन् भने एम्बुलेन्सहरू साइरन बजाइरहेका छन् । बेला बेलामा विनयलाई आफ्नो देशको मायाले सताएको छ । यदि नेपालमा यो महामारी फैलियो भने नेपाल सरकारले कसरी नियन्त्रण गर्न सक्ला ? विदेशमा रहे पनि विनयको देशप्रतिको प्रेम भने उत्तिकै रहेको कुरा यस अङ्कमा उल्लेख गरिएको छ ।

अङ्क : ८

उपन्यासको यस अङ्कमा आमाको खुशीको खबर सुन्न हतारिएका विनय र जमुना दुबैलाई डाक्टरले बस्न आग्रह गर्दै आमालाई लाखौं कोशिस गर्दापनि बचाउन नसकिएको कुरा सुनाएका छन् र विनयलाई सान्त्वना दिन आमालाई विभिन्न रोगहरूले ग्रसित

बनाएकाले आमालाई बचाउन गाह्रो भएको भनेर आफ्नो कामतिर फर्कन्छन् । आमाको मृत्युको खबरले जमुना र विनय दुवै भावविह्वल हुन्छन् । विनयले संसारमा सबैभन्दा धेरै माया गर्ने आमा गुमाएको छ । विनयको मानसपटलमा आफ्नो बाल्यकालको सम्झना घुमिरहेको छ । आमाको अन्तिम इच्छा आफ्नै जन्मभूमिमा सासफेर्ने भएकाले त्यो पुरा नहुँदा विनयलाई दुखी बनाएको छ । उता अस्पतालले आमालाई प्लाष्टिकमा बेरेर बाहिर निकाले पनि विनयले आफुलाई जन्मदिने आमालाई समेत छुन पाइरहेको छैन । आमाको अन्त्यष्टि चर्चमा गरिने कुरा भएको छ । आमाको मृत्युको कारण भाव विह्वल भएको विनयको बुवाको अवस्था पनि अत्यन्तै नाजुक रहेको छ । त्यसैदिन बुवाको स्वास्थ्यमा सुधार आउन नसकेको कुरा डाक्टरले विनयलाई सुनाइरहेका थिए । आमाको मृत्युको अर्कोदिन डाक्टरले आमाको खबरझैं बुवाको मृत्युको खबर पनि सुनाएका छन् । यता विनयलाई आफूलाई जन्मदिने बुवा आमा एकैदिन गुमाउनुपर्दाको पीडाले होसमा हुँदैन । बा आमाको मृत शरीर एकैचोटी लिएर विनय र जमुनाले टाढैबाट फूल र पानीका थोपा बर्साएका छन् । परदेशमै भए पनि आफ्ना बुवा आमाको मृत्युमा जमुना र विनय दुबैले १३ दिनसम्म किरिया बारेर बसेका छन् ।

अङ्क : ९

यस अङ्कमा विश्वव्यापी रूपमा फैलिएको कोरोना महामारीका बेलामा विश्ले नै लगाएको लकडाउनको चर्चा गरिएको छ । यसमा कोरोनाका कारण सबैतिर बन्द र सुनसान रहेको कुरा उल्लेख गरिएको छ ।

अङ्क : १०

यस अङ्कमा महामारीका रूपमा विश्व नै त्राही त्राही रहेको अवस्थामा सम्पूर्ण सञ्चार जगत्ले कोरोनाबाट सचेत रहन र सावधानी अपनाउन आग्रह गरेको कुरा उल्लेख गरिएको छ । साथै कोरोनाका कारण आमाबुवा दुबै गुमाएको विनय पनि घरमा सबैतिर सफा गर्छ । बुवा आमा दुबै कोरोना लाग्दा घरमै हुँदा सङ्क्रमण बढ्ने डरले ढोका, झ्याल, पर्दा, कार्पेट, बाथरुम, किचेन जताततै सफा गर्छ । जमुना र विनयले पनि कोरोना परीक्षण गराएका छन् । जमुना र विनयको कोरोना परीक्षणको रिर्पोट नेगेटिभ आएको छ ।

अङ्क : ११

यस अङ्कसम्म आइपुग्दा कोरोनाका कारण विनयले आमा बुवा दुवै गुमाई सकेको छ । एघारौं अङ्कमा चाहिँ विनय घरमा सम्पूर्ण खाद्य सामग्री सकिएको हुनाले ती सामग्रीहरू लिनका लागि नजिकैको वालमार्टमा पुगेको छ । विनय त्यहाँ पुग्दा वालमार्टभित्र बाहिर किनमेल गर्ने मान्छेको घुइँचोले भरिभराउ भएको छ । विश्वमा फैलिएको कोरोनाका कारण मानिसहरूले ढुक्कका साथ किनमेल गर्न पनि पाएका छैनन्, कसैसँग पैसा छैन भने पैसा भएकाहरूले पनि आफुलाई अत्यावश्यक वस्तु पनि नपाइने अवस्था रहेको छ । कोरोनाका कारण अत्यावश्यक सामानहरूको मूल्य आकाशिएको र त्यही मौका छोपी मानिसहरूले कालोबजारी गरिरहेको, यस्तो विषम परिस्थितिमा पनि मान्छे लोभ, लालच, फाइदा र स्वार्थबाट टाढा रहन नसकेको कुरा अभिव्यक्त गरिएको छ ।

अङ्क : १२

यस अङ्कमा मानिसहरू मृत्युदेखि डराएको कुरा व्यक्त गरिएको छ । यसमा मृत्युदेखि सम्पूर्ण प्राणीहरू डराउने हुनाले यी प्राणीहरू आफ्नो अस्तित्व बचाइराख्न चाहन्छ भन्नेकुरा अभिव्यक्त गरिएको छ । त्यस्तै कोरोनाले सारा विश्व नै ठप्प भएको, सबै कोरोना देखि डराएको, कोरोनादेखि गरीब दुःखी मात्र नभएर सम्पूर्ण धनी व्यक्तिहरू पनि डरले त्राहीत्राही भएको कुरा यसमा उल्लेख गरिएको छ ।

अङ्क : १३

यस अङ्कमा कोरोनाका कारण सडकमा गुजरा गरिरहेका बेघरबारहरूको दयनीय अवस्थालाई चित्रण गरिएको छ । त्यस्तै अमेरिकालाई सपनाको देश मानेर अमेरिका छिर्ने लाखौं मान्छेको त्यहाँ भित्रको बाध्यता र विवशतालाई दर्शाइएको छ । संसारकै सम्पन्न र विकसित अमेरिकामा पनि लाखौं मानिसहरू घरवारबिहीन भएको कुरा विनयले देखेको छ । त्यसैगरी सडक र चोकहरूमा सहयोगको अनुरोध गरिएका कार्डवोर्डहरू बोकेर मान्छेहरू आर्थिक सहायता मागिरहेका छन् ।

अङ्क : १४

यस अङ्कमा कोरोना प्रकोपबाट विश्व नै आतङ्कित भएको छ । यसमा हजारौं यात्रुहरूलाई प्यासिफिक ओसनमा पानीमाथी राखिएको थियो । घण्टौँपछि ती यात्रुहरूलाई

कोरोना परीक्षणका लागि क्रुजबाट निकालेर सिधै अस्पताल लगिएको छ । त्यसै समयमा जमुनाकी बहिनीलाई कोरोना सङ्क्रमण भएको कुरा देखाइएको छ भने विनय केही समयका लागि डाउनटाउन जानुपरेको छ । विनय डाउनटाउन गएर फर्कदा मान्छेहरू कोरोनाको डरले गाडी, एयरपोर्ट आदि ठाउँमा सावधानी अपनाएका, कोही कसैसँग नछोइने कुरा देखाइएको छ ।

अङ्क : १५

यस अङ्कमा कोरोनाको प्रकोपबाट बच्नका लागि विश्वले नै लकडाउन गरेको छ । सबै राष्ट्रहरूले आफ्ना नागरिकलाई क्वारेन्टाइन गरेका छन् । यस अङ्कमा विनय पनि क्वारेन्टाइन बसेको छ । उसका लागि बाथरुम, म्याट्रेस, ब्लाङ्केट, तन्ना आदि छुट्टयाइएको छ । १४ दिनको कष्टपूर्ण बसाईपछि ऊ स्वतन्त्र भएको छ ।

अङ्क : १६

यस अङ्कमा आइपुग्दा विनय काममा जान नपाएको महिनौं पुगिसकेको छ भने जमुनाको काम छुटेको पनि यस्तै भएको छ । विनय र जमुनाको जीवनमा कोरोनाको कारणले एकपछि अर्को दुःखको भार थपिदै गएको छ । एकातिर बा आमा गुमाउनुको पीडा छँदैछ भने अर्कोतिर आफ्नो जीवनयापन गर्ने जागिर दुबैले गुमाएका छन् । दुबैले जागिर गुमाउँदाको अवस्थामा विनयको घरपनि टाट पल्टिदै गएको छ र उनीहरू पनि होमलेसको अवस्थामा पुग्न लागिसकेका छन् । विनयको यस्तो अवस्थामा उसका छिमेकी सुरेशबाबुले सहयोग गरेका छन् ।

अङ्क : १७

यस अङ्कमा समाजसेवीका रूपमा सुरेशबाबु देखापरेका छन् । उनले अमेरिकामा आफ्नो व्यापारलाई अङ्गालेका छन् । उनी अरूलाई दुःख पर्दा आफूले सक्दो सहयोग गर्ने गर्छन । व्यापार व्यवसाय गर्दै आएका सुरेशबाबुको व्यवसाय पनि कोरोनाका कारण धरासायीमा पर्दै गयो र अन्ततः उनको व्यवसाय बैंकले लिलाम गरेर लिएको छ ।

अङ्क : १८

यस अङ्कमा कोरोनाका कारण विश्वमा लाखौं मान्छेहरूलाई नराम्रो असर परेको छ । लाखौं करोडौंको घरमा खानाको जोहो गर्न निकै मुस्किल भएको छ । सबै तिरका

मानिसहरूलाई कोरोना पोजिटिभ देखिन थालेपछि उत्पादनका सामग्री आपूर्ति नभएर धेरै कम्पनीहरू बन्द हुनपुगेका छन् । कोरोनाकै कारण विश्वभरी सम्पूर्ण कलकारखाना, कम्पनीहरू, सेयर मार्केट, बीमा आदिका लगानीकर्ताहरू नराम्रोसँग डुबेका छन् । यसैका कारणले गर्दा कैयौँ मानिसहरूले रोजगारी गुमाएका छन्, पर्यटन व्यवसाय धरासायी बनेको छ, पेट्रोलियम पदार्थ खरिद बिक्रिमा ह्रास आएको छ भने विश्वकै अर्थतन्त्र धरापमा परेको र गरीबीका कारण विकासोन्मुख र अल्पविकसित मुलुकमा भोकमरीको सङ्केत देखापरेको कुरा उल्लेख गरिएको छ ।

अङ्क : १९

यस अङ्कमा उच्च रक्तचाप भएका विनयका दाजुलाई अस्पताल लगिएको छ । उनलाई भेट्न भनी जमुना र विनय पनि अस्पताल पुगेका छन् । त्यस्तैगरी अरू दुई जोडीहरू पनि त्यहाँ पुगेका छन् । उनीहरूले विनयसँग हात नमिलाउदा विनय आफुलाई घृणा गरेको महसुस गर्दछ । तर समाचारमा अमेरिकी राष्ट्रपति र रुसी राष्ट्रपतिले पनि हात नमिलाएर नमस्कार गरेको समाचार सुनेर उसको मनमा उत्सुकता उत्पन्न हुन्छ । त्यस्तै कोरोनाका कारण घरमा बस्नुपरेकोमा विनय दिक्क मान्छ र जमुनालाई पनि त्यस्तै भइरहेको हुन्छ । एकदिन जमुना विनयसँग रत्ना भाउजूकोमा जान भनेर जान्छिन । रत्ना भाउजूका घरमा उनी जाँदा आएका पाहुना फर्कन्छन् र रत्ना भाउजूले उनीहरू गएपछि घरभरी लाइसोल स्प्रे छर्किन्छिन् । यता जमुना भने आफूलाई देखेर त्यस्तो गरेको महसुस गरेर घर फर्किएपछि सबै कुरा विनयलाई बताउछिन् ।

अङ्क : २०

यस अङ्कमा हाम्रो समाजमा रहेको जातीय भेदभाव अर्थात छुवाछुतको चित्रण गरिएको छ । समाजमा जरो गाडेर बसेको जातीय छुवाछुत मानिसले दलितमाथि गरिने व्यवहारबाट आजित भएर यसको अन्त्यका लागि युद्धमा होमिनुपरेको अवस्था, युद्धका कारण कैयौँले ज्यान गुमाउनुपरेको, कैयौँ चेलीहरूका सिन्दुर पुछिएको, चुरा फुटेको, कैयौँ बा आमाहरू सहारा बिहीन भएको र युद्धले पूर्णरूप नपाउँदै रोकिएको र त्यसबाट युद्धमा होमिएका ठूला नेताहरू उच्च पदमा पुगेर चिल्ला गाडीहरूमा हिड्ने गरेको, उनीहरूको जीवनस्तर फेरिएको तर लडाई लड्ने साना लडाकुहरूले झनै दुःख र सास्ती भोग्नुपरेको अवस्थालाई देखाइएको छ । त्यस्तै जसरी जातीय छुवाछुत समाजमा व्याप्त छ, त्यसैगरी

कोरोनाले पनि एकअर्कालाई छुन नमिल्ने, मानिसहरू टाढा टाढा हुनुपर्ने गरी दुरी बढाइदिएको कुरा यस अङ्कमा उल्लेख गरिएको छ ।

अङ्क : २१

यो अङ्क कोलोराडोको मनमोहक सुन्दरताबाट सुरू भएको छ । यस अङ्कमा विज्ञानको चमत्कारले विश्व नै २१ औँ शताब्दी खुल्ला आकाश, खुला संसार भएको, पहिले र अहिलेको समयको हरेक कुरामा फरक रहेको र युग बदलिएको विनयले आभाष गरेको छ । यस अङ्कमा कोरोना अगाडि मानिसहरू पार्क, रेस्टुरेन्ट, क्लब, होटेल, बार जस्ता सबै ठाउँहरूमा प्रेमले लट्ठ परेको र जहाँ पनि अङ्गालोमा बेरिएको पूर्वीय संस्कारमा हुर्किएकालाई त यस्तो अवस्था हेर्नसम्म पनि अप्ठेरो लाग्ने अवस्था थियो भने कोरोनाले विश्वव्यापी रूप धारण गरिसकेपछि सम्पूर्ण होटेल, रेस्टुराँ, पार्क, बार, क्लब आदि बन्द रहेको, सबै घरभित्र सीमित रहनुपरेको, बाहिर निस्कँदा पनि मास्क र पञ्जा बिना जान नमिल्ने अवस्था आदिको चित्रण गरिएको छ ।

अङ्क : २२

यस अङ्कमा विनयले कोरोनालाई फूलको बिम्व दिएको छ । हेर्दा फूलजस्तै लाग्ने गोलो गोलो डल्लोमा वरिपरि काँडाहरू खोपेजस्तो लाग्ने र सुक्ष्म भाइरसले विश्व नै तहसनहस बनाएको कुरा प्रस्तुत गरिएको छ ।

अङ्क : २३

यस अङ्कमा राजीव र पार्वतीको अवस्था चित्रण गरिएको छ । यस अङ्कमा राजीव र पार्वती विनयको घर नजिकै बस्छन् । यी दुई परिवार नजिक बस्ने हुँदा यिनीहरू बिच सम्बन्ध र सहयोग आदान प्रदान हुन्छ । राजीव कस्टम र सर्भिसमा काम गर्छ । एकदिन बिहान राजीवलाई ज्वरो आएर खलखल्ती पसिना आउछ र खोकी पनि लाग्छ । राजीवको लक्षण हेरेर कतै उसलाई पनि कोरोना हो कि भन्ने त्रासमा पार्वती आत्तिन्छिन् र विनयलाई फोनमा बताउँछिन् । राजीव बिरामी परेको खबर सुन्नासाथ विनय भेट्न जान्छ । राजीवलाई घरमै विभिन्न थरीका औषधि खुवाइन्छ तर पनि बिसेक नहुँदा विनयले आफ्नो गाडीमा राखेर अस्पताल पुऱ्याउँछ । राजीवलाई कोरोना लागेको हुन्छ । राजीव बिरामी हुँदा पार्वतीको मनमा अनेक तर्कनाहरू खेल्छन् । राजीवलाई कतै केही भइहाल्छ कि भन्ने डरै डरमा सानी भर्खर जन्मेकी छोरी र २ वर्षको छोरालाई सम्हाल्दै बस्छिन् । राजीव पार्वतीको

सर्वस्व थियो । राजीव सञ्चो भएर घर फर्कने पार्वतीलाई ठूलो आशा हुन्छ । अस्पतालमा पार्वती र राजीवलाई भेट गर्न दिइएको हुँदैन । त्यस्तै जमुनासँग गन्थनकै क्रममा पार्वतीले आफ्नो सम्पूर्ण घरायसी कुरा तथा सँगै पढेका कुरा आफ्नो र राजीवको वैवाहिक जीवनका कुरा घर परिवारको अवस्था, अमेरिका आउनुपर्ने कारण आदि कुरा बताएकी हुन्छिन् । राजीवको अवस्था दिनदिनै बिग्रदै गएको छ । पार्वती भने आफ्नो श्रीमान सञ्चो भएर घर फर्कने कुरामा विश्वस्त छिन् र मृत्युको कल्पना पनि गरेकी छैनन् । तर राजीव सानैदेखि मुटुको विरामी भएको कारण उसले कोरोनालाई जित्न सकेन र सदाका लागि पार्वतीलाई छोडेर जान्छ ।

राजीवको मृत्युपछि पार्वती भावविह्वल हुन्छे । यसरी पार्वतीको सम्पूर्ण बाँच्ने आधार गुम्छ । पार्वती रुँदा रुँदै ओइलाएर लल्याकलुलुक हुन्छे । राजीवको अन्तिम बिदाइमा परैबाट फूल, जल अर्पण गर्छे र श्रद्धान्जली दिन्छे । अर्को दिन पार्वतीलाई कोरोना परीक्षण गर्न बालबच्चा सहित अस्पताल बोलाइन्छ । पार्वती लगायत बालबच्चा सबैको परीक्षण रिपोर्ट पोजिटिभ हुन्छ । अब यी तीनैजनालाई अलग-अलग राखिन्छ । सबैभन्दा सानी छोरी भएको र स्तनपान छुटाइएका कारण उसलाई बचाउन सकिदैन । त्यसपछि अस्पताल भर्ना भएको दुई हप्तापछि छोरो पनि रहँदैन । उता पार्वतीलाई यो कुराको जानकारी छैन । महिनादिन हुन नपाउँदै पार्वतीले सम्पूर्ण परिवार गुमाइसकेकी छ । उता पार्वती पनि मृत्युसँगको लडाइमा छ ।

## अङ्क : २४

यस अङ्कमा आइपुग्दा पार्वतीको होस खुलेको कुरा उल्लेख गरिएको छ । एकहप्तासम्म आइसीयुमा मृत्युसँग लडाई गरिरहेकी पार्वती जब होसमा आउछिन् त्यस बखत उनका वरिपरी औषधि र अनेक पाइपहरू जडिएको हुन्छ । होसमा आइसकेकी पार्वतीलाई पति वियोगले नराम्ररी पिरोल्छ र उनी आँखाबाट आँशु ढिक्का खसालिरहन्छिन् । पार्वतीलाई डाक्टरले उनको स्वास्थ्यमा सुधार आएको कुरा उल्लेख छ । यता पार्वतीलाई सहयोग गर्ने वा नगर्ने भन्ने विषयमा विनय र जमुनाका विचमा आन्तरिक विवाद भएको छ । जमुनाले कोरोना सर्नसक्ने भएकाले पार्वतीलाई सहयोग गर्न हिच्किचाएकी छन् भने विनयले आफूहरू बाहेक पार्वतीको अरू कोही सहारा नभएका कारण यस्तो अवस्थामा एक्लै छाड्नुहुन्न भन्ने विचार अघि सारेको छ । अन्त्यमा, विनयको मानवतावादी दृष्टिकोणले जितेको छ । पार्वती दिनदिनै सञ्चो हुँदै गइरहेकीले उनलाई अस्पतालबाट डिस्चार्ज गरिएको

छ । जमुना र विनयले उनलाई घरमा ल्याएका छन् । घर आइसकेपछि पार्वतीले आफ्ना बच्चाहरूको खोजी गर्छे । पार्वतीलाई बच्चा मरेको खबर तत्कालै दिएमा ऊ मानसिक रूपमा विक्षिप्त हुने भएकाले विनय र जमुनाले बच्चा घरमा रहेको झुटो कुरा गर्छन । उता पार्वतीका आँखाले भने आफ्ना छोराछोरीको खोजी गरिरहन्छन् ।

आफ्नो श्रीमानको मृत्युले विक्षिप्त भइरहेकी पार्वतीलाई भेट्न आउने कोही हुँदैनन् । उनी एक्लै घृणाको पात्र जस्तै बनेकी छन् । पार्वतीको स्वास्थ्यमा बिस्तारै सुधार हुँदै गइरहेको छ । घरबाट पार्वतीको बुवाआमाले फोनमा कुरा गरेर एक्लै जीवन गुजार्न गाह्रो भएकोले घर फर्कन र आफुहरूले सहयोग गर्ने सल्लाह दिँदा पार्वतीले फुटेको सिसाजस्तै भएको भाग्यलाई लिएर जन्मस्थान नफर्कने कुरा गर्छिन । राजीव बिना एक्लै बाँचेकी पार्वतीले छोराछोरीलाई स्याहार गर्न र तिनीहरूको शिक्षा दिक्षाका लागि सङ्घर्ष गर्ने सपना बोकेकी हुन्छिन् । असत्य कुरा धेरै दिन नटिक्ने भएकोले विनय र जमुनाले पार्वतीका छोराछोरीको मृत्यु भइसकेको खबर गर्ने निष्कर्ष निकालेर अन्ततः पार्वतीलाई यो कुरा सुनाउछन् । छोराछोरीको पर्खाइमा बसेकी पार्वतीले यो खबर सुन्दा उनको अनुहार बदलिएको छ र उनी हिक्कहिक्क गरी रोइरहेकी छन् । पार्वतीले श्रीमान गुमाएको महिना दिन नपुग्दै दुबै छोराछोरी पनि गुमाउनु परेको छ । त्यसैका कारण पार्वती अर्धपागल हुन पुगेकी छन् र उनलाई मानसिक परामर्शदातासँग राख्नुपरेको छ ।

अङ्क : २५

यस अङ्कमा राजीवको बाल्यकालको वर्णन गरिएको छ । राजीव बुवा आमाको एक्लो छोरा हो । ऊ तीन छोरीमुनी भएकाले उसलाई घरमा सबैले माया गरेर हुर्काएका छन् । उसको बुवा नेपाल सरकारको सचिव पदमा भएकाले उसको बाल्यकाल सुखमय बितेको छ । छोरा नहुँदा समाजले हेर्ने दृष्टिकोण, कर्मचारीहरूले पनि अलि हेपेर बोलेको अवस्थालाई यसमा वर्णन गरिएको छ । मीनभवन क्याम्पस पढ्दा पार्वतीसँग भेट भएर बिहे भएको कुरा र राजीवले पार्वतीलाई गर्ने माया र प्रेम, सबै विदेश जान चलेको लहर, उनीहरू पनि बुवा आमाको नाइनास्तीलाई पन्छाउँदै विदेशिएको र विदेशमा काटेका सुख दुःखका दिन एकअर्का प्रतिको त्याग र समर्पण, कोरोनाको कहाली लाग्दा सन्त्रास र राजीवले छोडेर गएको पार्वतीको अवस्था आदिको चित्रण यस अङ्कमा रहेको छ ।

अङ्क : २६

यस अङ्कमा राजीवको मृत्यु भएपछि उसको लास बेडबाट उठाइसकेपछि ऊसँग रहेको फोन, वालेट नर्सले सुरक्षित राखिदिएको, पार्वतीको ठेगानामा सुरक्षित साथ पठाइदिएको, पार्वतीले वालेट खोलेर हेर्दा पार्वती र छोराको फोटो भेटेको, त्यो देख्दा पार्वती छियाछिया भएको, मोवाइल चार्ज गरेर म्यासेज डायरीका रूपमा रेकर्ड गरेको आदि कुराहरू रहेका छन् । ती रेकर्डहरू पार्वतीले पालैपालो हेरेको र पार्वती रुँदारुदै थाकेको, राजीवले पार्वतीलाई सम्बोधन गर्दै आफु नरहने र प्यारा नानीबाबुहरूलाई राम्रोसँग हेरविचार गरेर हुर्काउनु र पढाउनु भन्दै आफुले बिदा लिन लागेको जानकारी उल्लेख गरिएको म्यासेज आदि कुराहरू उल्लेख गरिएको छ ।

अङ्क : २७

यस अङ्कमा न्युयोर्क सहरको सुन्दरता, गगनचुम्बी महल, मान्छेहरूको चहलपहल आदिको वर्णनबाट सुरू गरिएको छ । त्यहाँ भएका सुविधाहरू र त्यहाँ बस्न चाहने मान्छेहरू र त्यहाँको जीवन व्यस्ततालाई पनि देखाइएको छ । त्यस्तै जसरी बाहिर सुन्दर र आनन्द लाग्ने जनजीवन छ, त्यहाँभित्र रहेको विभिन्न दुख कष्ट, पीडा, सङ्घर्ष पाँच सात जना मिलेर बस्नु पर्ने बाध्यता, त्यसरी मिलेर बस्दाको एक अर्काप्रतिको असमझदारी जस्ता कुराहरूलाई पनि छर्लङ्ग पारिएको छ । त्यसैगरी त्यहाँका सम्पूर्ण महल, भवन, गल्लीहरूमा रातारात कोरोनाको सङ्क्रमण फैलिएको र जताततै विरामी बोक्ने एम्बुलेन्स, शववहान, फायर ट्रक आदिका साइरनले अस्तव्यस्त बनेको अवस्था, अस्पतालहरू लासहरूले खचाखच भरिएको अवस्था छ ।

सिर्जना नर्स रहेको र ऊ अस्पतालमा काम गर्ने भएकाले बाआमा र छोराछोरीलाई कोरोना सार्छु की भन्ने चिन्ताले सताईरहेको हुन्छ । सिर्जनालाई पनि कोरोनाले आक्रमण गर्छ । ऊ दुई हप्ता गुप्तबास बस्छे । दुई हप्ता पछि उसको कोरोना टेष्ट नेगेटिभ आउछ र ऊ आफ्नो सेवालाई मानवीय धर्म सम्झँदै फेरि आफ्नो डिउटीमा जान थाल्छे । त्यसैगरी जमुनाका भाई चन्द्रशेखर पनि न्युयोर्कमा नै बस्छन् । उनलाई पनि कोरोना सङ्क्रमण हुन्छ । अस्पताल लिनलाई अस्पतालमा सम्पर्क गर्छन तर अस्पतालमा बेड नभएकोले घरमै सुरक्षित बस्ने जवाफ पाउँछ । उसलाई दिनदिनै गाह्रो हुँदै जान्छ र ऊसँग बस्ने अरू रुममेटहरूलाई पनि कोरोना सरेको र कोरोनाकै कारण चन्द्रशेखरको मृत्यु हुन्छ । उसलाई

श्रद्धान्जली दिने मान्छे पनि कोही हुँदैन । चन्द्रशेखरका रुममेटले प्रहरीलाई खबर गर्छ र प्रहरीले उसको लास त्यहाँबाट उठाउँछ ।

अङ्क : २८

यस अङ्कमा जमुना र विनयको दिनहरू बित्दै गइरहेका छन् । विनयको कामको मेलोमेसो छैन । जमुना पार्टटाइम काम गर्न थालेकी छ । उनीहरूलाई जीवन धान्न गाह्रो भए पनि दुबै जनाले पार्वतीलाई रेखदेख गर्न भने छोडेका छैनन् । एक्ली पार्वतीको रेखदेख गरेर मानवीय कर्तव्य पुरा गरेका छन् । कोरोनाको सावधानी पनि निकै अपनाएका छन् । यति गर्दा पनि जमुनालाई भने एक्कासी ज्वरो आउछ । विनयले घरायसी उपचार एवं औषधीहरू घरमै खुवाइरहेको छ । दिनहरू बित्दैजाँदा जमुनालाई सञ्चो हुने कुनै लक्षण देखिंदैन । जमुनाले आफूलाई कोरोना लागेको कुरा गर्दा विनयले उनलाई ढाडस दिन होइन भन्छ तर रोगले दिनदिनै शिथिल बनाउँदै जान्छ । विनयले अस्पतालमा लिन खोज्दा अस्पतालले घरमै बस्ने सल्लाह दिएपछि विनय आक्रोशित हुन्छ र घरमा सम्पूर्ण घरायसी उपचारका विधिहरू गर्छ । विनयले जमुनाको रेखदेखमा कुनै कमी गर्दैन । साथसाथै पार्वती र उसका छोराछोरीहरू पनि उनकै ख्यालमा व्यस्त रहेका छन् । यति गर्दा पनि जमुनालाई सञ्चो नभएका कारण विनयले एम्बुलेन्स बोलाएर अस्पताल पुऱ्याउँछ । जमुनालाई भित्र लगेदेखि विनयको मन गह्रौ हुन्छ । उसका मनमा अनेकन तर्कनाहरू खेल्न थाल्छन् । ऊ जमुनाको स्वास्थ्य सम्बन्धी जानकारीको पर्खाइमा बस्छ र श्रीमतीलाई भेट्न समेत पाउँदैन । श्रीमतीको अवस्थाबारे जान्नका लागि ऊ अस्पतालमै बस्छ । बेलाबेलाका नर्सहरू उसलाई फोन गरेर जमुनाको अवस्थाबारे जानकारी दिन्छन् । उता जमुनाको स्वास्थ्य अवस्था घरी सुधार त घरी जटिल भइरहन्थ्यो ।

अस्पतालमा विरामीहरू खचाखच रहेका छन् । डाक्टर र नर्सलाई मास्कको अभाव भएको छ । विनय घरमा आएर ओछ्यानमा पल्टिदा उसलाई रातभर निद्रा लाग्दैन । उ जमुनाकै सम्झनामा छट्पटाइ रहन्छ । उसका दिनहरू अस्पतालकै वरिपरि गरेर बितिरहेका छन् । धेरैबेर पछि डाक्टरले फोन गरेर जमुनाको फोक्सोले काम नगरेको कुरा बताउँछन् । उता विनय भने छट्पटीमा बाँच्न बाध्य भएको छ । जमुनालाई भने रोगले च्याप्दै गएको छ । छोराछोरी आमाको अवस्था थाहापाउन बुवालाई फोन गरिरहेका छन् । अर्कोदिन डाक्टरले जमुनाको अवस्था नाजुक रहेको खबर गर्दछ । यो खबर सुन्दा विनयको छटपटीको पारो बढ्छ । उसको मन पोल्न थाल्छ । केही घण्टामै डाक्टरले विनयलाई खोज्दै आउँछन र

जमुनाको मृत्युको खबर सुनाउँछन् । केही महिनाअघि आमाबुवा दुबै गुमाएको विनयले आफ्नी प्रिय श्रीमती पनि गुमाउन पुग्छ ।

अङ्क : २९

यस अङ्कमा मान्छेमा मर्ने रहर कसैमा नभएको कुरा बताइएको छ । अस्पतालमा विरामीहरू असरल्ल रहेका छन् । धेरै मान्छेहरूले नचाहेर पनि मृत्युवरण गरेका छन् । त्यस्तै एउटी बुढी आमाले सहयोग मागिरहेकी छिन् । एकजना अर्का बिरामी आफ्नो परिवार गुमाएकोमा रोइरहेका छन् । त्यस्तै उनको छेउमा रहेकी युवती आफू मर्छु कि भनेर रोइरहेकी छन् । मान्छे जन्मिसकेपछि बाँच्ने रहर सबैमा हुने आशावादी सोच यस अङ्कमा रहेको छ ।

अङ्क : ३०

यस अङ्कमा जमुनासँगै अस्पतालमा गएको विनय घरमा छोराछोरीसँग फर्कन्छ । उसलाई आफूसँग केही छुटेको, केही बिर्सेको र केही हराएको जस्तो र आफू एक्लै भएको आभास भएको छ । उनीहरू अमेरिकामा घर किनेर बसेका छन् । जमुना हुँदा विनयलाई सम्पूर्ण घर भरिपूर्ण भएजस्तो, बत्ती बलेजस्तो, सूर्योदयसँगै घामका किरण खेलेको जस्तो लाग्छ । तर जमुना नहुँदा यी सबै बिरानो जस्तो लाग्छ । विनय जमुनाको अन्त्येष्टि र श्रद्धान्जलीमा अन्तिम पटक स्पर्श गर्न चाहन्छ, अङ्गालो हालेर छातिमा टाँसिन चाहन्छ तर यी सबै सम्झनामा मात्र सीमित रहेका छन् । कोरोनाका कारणले भएको जमुनाको मृत्युमा छोराछोरी, विनय कसैले सुम्सुम्याउन पाएका छैनन् । जमुनाको लास राजीवको जस्तै क्रिमेसनमा जलेको छ । विनय जमुनाको अवसानमा सबथोक गर्न महादेवले जस्तै मृत शरीर बोकेर हिड्न चारधाम, गङ्गा जमुना आदि ठाउँ घुमेर पशुपतिको आर्यघाटमा बिसर्जन गर्न चाहन्छ ।

अङ्क : ३१

यस अङ्कमा विनय र जमुना शङ्करदेव क्याम्पसमा पढ्छन् । विनय र जमुना फरक स्थान भएपनि एउटै बसमा चढ्छन् । सुरू सुरूमा उनीहरू एकअर्कालाई हेरेपनि बोलचाल भएको छैन । विनयले जमुनालाई अत्यन्त मन पराउँछ । लामो समयसम्म जमुना बस चढेको र झरेको हेरिरहने विनय एकदिन सँगै सिटमा पर्दा भित्रभित्र पग्लिएर मुस्कुराउँछ । उनीहरूवीच थाहै नपाई प्रेम पलाउँछ । यस्तैगरी उनीहरू पढ्दै जाँदा क्याम्पस पनि सकिन्छ

र संयोगले उनीहरू कीर्तिपुरमा फेरी सँगै पढ्ने मौका मिल्छ र उनीहरूको प्रेमले फेरि झ्याङ्गिने अवसर पाउँछ । जमुनाको स्वभाव शान्त छ । उनीहरू लुकिछिपि विभिन्न ठाउँहरू घुम्न जान्छन् । उनीहरूका लागि छुट्टिको समय पीडादायक हुन्छ । गर्मीको समयमा विनयका बुवाआमा मामाघर गएको मौकामा उनीहरू दुबै विनयको घर जान्छन् र एकअर्काप्रति समर्पित हुन्छन् । त्यसै दिनदेखि जमुना र विनय जीवनभर नछुट्टिने बाचा गर्छन र भावी जीवनका लागि मनकामना माइसँग कहिल्यै नछुट्टिने भाकल गर्छन । जमुनाको बुवाले उनीहरूको सम्बन्धका बारेमा थाहा पाएर जमुनाको बिहे अर्कै केटासँग गरिदिन चाहन्छन् तर जमुनाले अरू केटासँग बिहे गर्न मान्दिन । अन्त्यमा, उनीहरूकै इच्छा अनुसार प्रेमले विवाहको रूप लिन्छ ।

अङ्क : ३२

यस अङ्कमा बजारमा सैलुनहरू बन्द भएका छन् । विनय आफैले छोराको कपाल मुडुलो पारिदिएको छ । नेपाली संस्कार अनुसार तेह्र दिनसम्म एकछाक खाना खाएर छोरोलाई काजकिरिया गर्न लगाएको छ । उसले सेतो तन्ना च्यातेर शरीर छोप्न लगाउँछ । छोराका लागि खानेकुरा, बस्नेठाउँ, चर्पी सबै अलग्गै छन् । तेह्र दिनको एकान्तमय काजकिरिया सकिएपछि उनीहरू सामान्य अवस्थामा फर्किएका छन् । उनीहरूले तेह्र दिनमा नै माछामासु फुकाएका छन् । विनय किरिया सकिएपछि बाहिर हिड्दा सतर्कता अपनाउछ । उसले घरमा चाहिने भान्साका सामान र सागसब्जी लिन बाहिर जान्छ । जाँदा गाडीमा साँचो देख्छ । कोरोना भाइरस भएको आशङ्काले गाडीभरी क्लारिक्स स्प्रे छर्कन्छ र मज्जाले पुछपाछ गर्छ । विनय वालमार्टको पार्किङ लटमा गाडी रोक्छ । त्यहाँ सबै मान्छेहरू कोरोनाको डरले तर्की तर्की हिडिरहेको देख्छ । वालमार्ट भित्र मानिसहरूको घुँइचो हुन्छ । सबैजना एकअर्कालाई देखेर डराइ डराइ हिडिरहेका हुन्छन् । काउन्टरमा पैसा लिनेहरूको भीड पनि निकै हुन्छ । एसोसियटको मुखमा मास्क नहुँदा विनय निकै डराउँछ । महिना दिनदेखि नखोलेको पोष्टबक्स विनयले आज खोलेर हेर्छ र बाकसभरी चिठी भरिएको हुन्छ । विनयलाई चिठी खोलौँ कि नखोलौँ भन्ने दोधार हुन्छ । विनयले चिठी ल्याउने हुलाकीलाई कोरोना थियोहोला भन्ने आशङ्का गर्छ । ती चिठीहरूलाई बाहिर ल्याएर घाममा सुकाउछ । विनयले कोरोना जतासुकै रहेको आशङ्का गर्छ । विनयको गोजी दिनदिनै रित्तिदै गएको छ । कमाउने स्रोत जमुना मात्र भएको उनी पनि मरेर गइसकेकी छिन् । उसलाई घरखर्च चलाउन धौ धौ परिरहेको छ । विनय काम खोज्न घरबाट बाहिर निस्कन्छ तर दिनभर काम

खोज्दा पनि उसले काम नपाउँदा रित्तो हात बेलुका घर फर्कन्छ । कोरोनाको डरै डरमा विनयको दिनहरू बितिरहेका छन् ।

अङ्क : ३३

यस अङ्कमा विनयलाई घाँटी खसखस गर्न थाल्छ । थोरै केही हुँदा पनि कोरोनाकै शङ्का गर्ने समय छ । विनयलाई कोरोना हो की भन्ने डर मनमा भएकाले राती छोरीलाई पानी तताउन लगाउँछ र तातोपानी खान्छ । उसको घाँटी फेरि अर्को दिन पनि चिलाउन सुरू भइरहन्छ । उसलाई दिनदिनै रुघाले सताउन थाल्छ । विनय कोरोनाको डरैडरले बस्छ । ऊ बिरामी भएर बस्दा जमुनालाई सम्झन्छ । छोरीसँग थर्मोमिटर मागेर ज्वरो मापन गरेर हेर्दा ज्वरो एकसय दुई डिग्री हुन्छ । कोरोनाको विभिन्न लक्षणहरू विनयलाई थाहा थियो तीनै लक्षणहरू देखापरिरहेका छन् । सोमबारको दिन विनय डाक्टर भेट्न जान्छ । आफ्नो स्वास्थ्यको जानकारी गराउँछ । विनयले कोरोना परीक्षण गराउँदा उसको रिपोर्ट नेगेटिभ आउछ र डाक्टरले नआत्तिन सल्लाह दिन्छन् ।

अङ्क : ३४

यस अङ्कमा विनय सुत्न लागेको समयमा पार्वतीको फोन आउँछ । प्रायः फोन नगर्ने पार्वतीले राती फोन गर्दा विनय झस्किन्छ । मनमा विभिन्न तर्कना गर्दै विनय फोन उठाउँछ र पार्वतीलाई सञ्चो बिसञ्चोको खबर सोध्छ । उता पार्वतीको स्वर नसाले लट्ठिएको जस्तो र पारुले आफु मर्न लागेको कुरा गर्दा विनय झनै अत्तालिन्छ । लगत्तै विनय पार्वतीको कोठामा जान्छ । पार्वतीलाई आफ्नो सास गाह्रो भएको, आफू बाँच्नु बेकार जस्तो, बाँच्नुसँग नाता नभएर मर्न मन लाग्छ र पार्वती घाँटीमा पासो कस्ने तरखरमा हुँदा विनय पुगेर उसलाई मर्नबाट जोगाउँछ । विनय पार्वतीलाई सम्झाउँदै आफूले पनि बुवा, आमा र प्राणप्यारी श्रीमतीलाई गुमाउनुपरेको पीडा व्यक्त गर्दछ । पार्वतीलाई उनीहरूका नाममा साँझमा बत्ती बाल्न, सामाजिक सेवा गर्न आग्रह गर्दछ र एकपटक पाएको जिन्दगीलाई अकालमा त्याग्ने निर्णय लिनु गलत भन्दै सम्झाउने कोशिस गर्छ । विनयका यी कुरा सुनेर धरधरी रोइरहेकी पार्वतीका आँखा ओभाना हुन्छन् । विनयले किचनको टेबलमा एउटा कागज भेट्छ । त्यस कागजमा पार्वतीले आफ्ना श्रीमानलाई लेखेको चिठी हुन्छ । चिठीमा पार्वतीले राजीवले छोडेर गएको र उसले आफूमात्र नभएर आफ्नो नासो छोराछोरी पनि

आफूसँगै लगेको, आफ्नो संसार उजाड बनाएको भन्दै गुनासो गर्छे । अब राजीव विना ऊ पनि बाँच्न नसक्ने भएकोले आफूलाई पनि लैजान आग्रह गर्छे ।

अङ्क : ३५

यस अङ्कमा कोरोनाका कारण विनयको आम्दानीका स्रोतहरू बन्द हुदै जान्छन् । जमुनाको पार्टटाइम जागिरले जेनतेन चलेको उसको दैनिकी जमुनाको मृत्युपछि झनै जटिल बन्दैजान्छ । आर्थिक मन्दीले विश्व सखाप भएका बेला विनय पनि अछुत रहन सक्दैन । बिहान बेलुका छाकटार्न धौ धौ भएकाहरूलाई सहयोगी संस्थाहरूले टोलटोलमा खानेकुराको व्यवस्था गर्छन । विनय पनि खानका लागि टोलतिरै जान्छ । ऊसँगै उसकी छोरी र अन्य परिवारले यसरी गुजारा गरेको महिना दिन भइसक्छ । नागरिकको यो अवस्था देखेर अमेरिकाका राष्ट्रपतिले राहत प्याकेज घोषणा गर्छन । त्यो घोषणाले विनय पनि खुसी हुन्छ । ऊ दिनदिनै बैंक खाता हेर्दै बस्छ । घोषणाको करिव तीन हप्तापछि उसको खातामा चार हजार आठसय पैसा आउछ । त्यो पैसा पाएपछि विनय खुसी हुन्छ र खाली रहेको घरमा केही खानेकुराहरू किन्छ र केही पार्वतीलाई पनि दिन्छ ।

अङ्क : ३६

यस अङ्कमा विश्वभर फैलिरहेको कोरोनाले करोडौँ मानिस सङ्क्रमित भएको, लाखौँले ज्यान गुमाउनुपरेको छ । अस्पतालको अवस्था नाजुक रहेको छ । सकुशल अस्पताल गएको व्यक्ति फर्कदा बिरामी हुनुपरेको, बिरामी र लासले अस्पताल खचाखच भरिएको अवस्था छ । मास्क र गाउनको अभावले पुराना मास्क र प्लाष्टिक लगाउनुपरेको छ । औषधिको अभाव चुलिदै गएको छ । अस्पतालमा एम्बुलेन्सको ताँती लागेको छ । यसैका कारण कैयौँ युवा, युवती, बुवा, आमाहरूले अकालमै ज्यान गुमाउनुपरेको अवस्था छ ।

अङ्क : ३७

यस अङ्कमा मानव इतिहासमा कोरोनाजस्ता महामारीले मानव समुदायलाई ठूलो क्षति पुऱ्याएको कुरा व्यक्त गरिएको छ । यी विविध महामारी फैलिनुमा मानिसको नै हात रहेको देखिन्छ । विभिन्न प्राकृतिक स्रोतहरूको विनास, व्यक्तिगत तथा सामुदायिक स्वास्थ्यमा बेवास्ता, अप्राकृतिक एवं स्वेच्छाचारी जीवनशैलीले गर्दा ठूला र घातक रोगहरू निम्तिएको कुरा उल्लेख रहेको छ । कोरोनाबाट बच्नका लागि विभिन्न सुरक्षित उपाय अपनाउन अनुरोध गरिएको छ ।

अङ्क : ३८

यस अङ्कमा विनयका छोराछोरी ठूला हुँदै गएको कुरा उल्लेख छ । अमेरिकामा स्कूल कलेज पढ्दा त्यहाँका विद्यार्थीहरूको संस्कार अनुसार विभिन्न पार्टीहरूमा सामेल हुने कुरा छ । यसमा विनयका छोराछोरी अभिभावकको निर्देशनमा रहेकाले उनीहरू संस्कार र सुसंस्कृत छन् । जमुनाको मृत्यु भएपछि घरको सम्पूर्ण जिम्मा विनयको काँधमा हुन्छ । विनयले जमुनाको जस्तो बाल मनोविज्ञान नबुझे तापनि उसले बिहान बेलुका छोराछोरीलाई खाना पकाएर खुवाउँछ । छोराछोरी आमा हुँदाको क्षणजस्तो खुसी नभएकाले विनयलाई आफूले स्याहार गर्न नजानेको हो कि जस्तो लाग्छ र बच्चाका लागि आमानै सबैभन्दा महान रहेछन् भन्ने ठान्छ । केही समयपछि छोराछोरी अठार वर्ष पुगेपछि बुवाआमासँग बस्न नपाउने त्यहाँको नियमका कारण घर छोडेर कलेजतिरै डेरा गरेर बस्छ । छोरी पनि अर्कै राज्यमा भर्ना भएर उतै जान्छे । विनयचाहिँ एक्लो हुन्छ । छोराछोरीले छोडेर गएदेखि विनयको घर उराठलाग्दो हुनथाल्यो । ऊ एक्लै हुँदा जमुनाको तस्विरहरू साथी बन्छन् । छोरी जानुकाले घर छोडेर जाँदा बावालाई आफू छिटै भेट्न आउने भन्दै पीर चिन्ता नलिन र नआत्तिन आग्रह गर्छे । विनयका छोराछोरी बिस्तारै घर छोडेर गएका छन् । उनीहरू विनयका लागि पाहुना बनेका छन् भने विनयले घरमा एक्लै जमुनाका तस्विरहरू, दराजमा झुण्ड्याइका कपडाहरू हेर्दै र छोराछोरीको सम्झनाहरूसँग रमाउदै घरमा बस्छ । विनयको यो अवस्था देखेर छोराछोरी चिन्तित हुन्छन् । आफूहरू पनि साथमा नभएकोले बुवाले घरमा एक्लै खाना खाने, घरमा बोल्ने साथीहरू नभएको र स्वास्थ्यको ख्यालसम्म राखिदिने कोही नभएकोले बुवालाई दोस्रो बिहे गर्न आग्रह गर्छन । उता पार्वती पनि एक्लै भएकोले उनको पनि सहारा नभएको हुँदा पार्वतीलाई बिहे गर्न आग्रह गर्दा यो सम्भव छैन भनेको विनय अन्ततः छोराछोरीले ठीकै भनेको अनुभूति गर्छ ।

अङ्क : ३९

यस अङ्कमा पार्वतीको ओइलाएको जीवन बिस्तारै पलाउँदै जान्छ । पार्टटाइम जागिर पनि गर्न थाल्छिन् र त्यही आम्दानीले घरखर्च धानेकी छन् । विनयले पनि नजिकै काम पाएको छ । कोरोनाले सखाप पारेको विनय र पार्वतीको जिन्दगी बिस्तारै सङ्लिदै जान्छ । विनयका बुवा आमा र जमुनाले छोडेर गएको आलो घाउ बिस्तारै पुरिँदै गएको छ । विनय र पार्वती दुई घरका बासिन्दा भएपनि एकै परिवारका सदस्यजस्तै छन् । पार्वती प्रायः विनयको घरमा वस्छिन । उनीहरू एकअर्काका आधार भएका छन् । राजीवका बुवाआमा

पार्वती नेपाल फर्कोस् भन्ने चाहनाले पार्वतीलाई फोन गरिरहन्छन् । नेपाल फर्केर बस्न सहज नभएकोले पार्वती नेपाल फर्कन चाहदिनन् । विनयसँगै मनको पीडा पोख्न सजिलो भएको छ । पार्वतीलाई उनी धेरै नबाँच्ने र बाँच्ने आधार पनि नभएको हुँदा बरु नफर्केर उतै प्राण त्याग्ने चाहना राख्छिन् । बिस्तारै बिगत भुल्दै गएकी पार्वतीलाई एकदिन विनयले डराइडराइ छोरीले राखेको प्रस्ताव सुनाउदा पार्वती बेचैन हुन्छिन । आफ्नो सम्पूर्ण अतितलाई भुल्न सक्दिनन् र अर्कातिर अभिभावक जस्तो भएर बसेको विनयलाई उसले राखेको प्रस्तावलाई अस्वीकार गर्न पनि सक्दिनन् । पार्वतीको झस्काई देखेर विनय पनि धर्म सङ्कटमा पर्छ । विनय आफूले पार्वतीलाई सहयोग गरेको तर जीवन नै दिने कल्पना नभएकोले धर्म सङ्कटमा पर्छ । विनयलाई एउटी अनाथ नारीलाई प्रस्ताव राखेर पाप गरेझैँ लाग्छ र उसको जीवनचर्याको चिन्तामा सोचमग्न भइरहन्छ । त्यसैगरी उसको कुरा सुनेर दोधारमा परेकी पार्वतीका आशाहरू पलाउदै जान्छन् । पुराना कुराहरू बिर्सदै गएर अबको बाँकी दिनको सहारा चाहिएको छ । यसकारण पार्वतीको मन पग्लिदै गएको छ । त्यसैले मन बलियो बनाएर संसारका अनगिन्ती बाटोहरूलाई त्याग्दै पार्वतीले पनि विनयको प्रस्तावलाई स्वीकार गर्छिन ।

अङ्क : ४०

यस अङ्कमा पार्वतीलाई विनयको अपार्टमेन्ट मन पर्दै जान्छ । उनलाई त्यहाँको सुन्दरता, बगैँचा, रुखका हाँगा, त्यहा झुम्मिने चराको चिरबिर, हरियो दुबो आदि मनपर्दै जान्छ । पार्वतीको उपस्थितिले विनयको घर उज्यालो भएको छ । घरले एउटा गृहिणी, मुस्कान र मातृत्व पाएको छ । राजीवलाई सपनामा डरलाग्दो स्वरूपमा देखेर पार्वती चिच्याउँछे र सम्पूर्ण कुरा विनयलाई सुनाउँछे । विनयले पार्वतीलाई सपना हो भन्दै सुत्न आग्रह गर्छ तर पार्वती विनय आफूसँगै होस् भन्ने चाहन्छे । समयको चक्रसँगै पार्वती र विनय एकअर्काका जिउने आधार भएका छन् । पार्वतीको आगमनले विनय निकै खुसी देखिन्छ । पार्वती आफू पलपल मरेर बाँचेकी, आँशु पिएर हाँसेकी हुनाले विनय विना बाँच्न नसक्ने कुरा गर्छे । विनयको मायाविना अधुरो र अपुरो रहने हुनाले उसलाई जीवनभर साथ नछाड्न र जीवनको अन्त्यसम्म माया दिइरहन आग्रह गर्छे । अन्त्यमा, पार्वतीको निर्णय र अङ्गालोबाट विनयपनि सुखी हुन्छ र यस्तो विकराल अवस्थाबाट जीवन गुजारेका यी दुई पात्रहरू पुनर्जीवन पाउन सफल हुन्छन् र उपन्यासको अन्त्य हुन्छ ।

यसरी उपन्यासलाई चालीस अङ्कमा विभाजन गरिएको छ । सुरूका अङ्क एक र दुईमा कथावस्तुको बिजारोपण गर्ने काम गरिएको छ । उपन्यासका प्रमुख पात्र विनयका बुवाआमा छोरीको घरमा नातिको जन्मदिन मनाउन गएबाट कथावस्तुको सुरूआत गरिएको छ । बुवाआमा छोरीको घरमा जानु, दुईहप्ताको बसाइपछि फेरी कोलोराडोमै फर्कनु, घर आएको केही समयपछि आमा बिरामी पर्नु, घरायसी औषधि उपचार गर्दागर्दै आमालाई निको नहुनु र आमालाई थप उपचारका लागि अस्पताल पुऱ्याउनुसम्मको घटनालाई पहिलो र दोस्रो अङ्कमा बिस्तारित गरिएको छ । उपन्यासको यी अङ्कलाई आदि भागका रूपमा लिन सकिन्छ ।

उपन्यासको तेस्रो अङ्क देखि अठ्ठाइसौं अङ्कसम्मलाई मध्यभागका रूपमा लिन सकिन्छ । उपन्यासको तीनदेखि अङ्क आठसम्म कथावस्तुको बिस्तारको सुरूआतका रूपमा लिन सकिन्छ । अङ्क दुईमा विश्व महामारीको रूपमा फैलिएको कोरोनाका कारण आमा अस्पतालमा भर्ना हुनुपरेको, आमासँग कसैलाई भेट्न नदिएको, घरमा वसेका बुवा आमालाई भेट्न भन्दै हस्याङफस्याङ गर्दै अस्पतालमा एक्लै आएको, निराश भएको विनयलाई सम्झाउदै आमाले छोराछोरी हुर्काउन गरेको सङ्घर्ष, विश्व समुदायले बेलाबेलामा भोग्नुपरेको विश्वयुद्ध, धार्मिक युद्ध, विभिन्न समयमा फैलिएको महामारी, दोस्रो विश्वयुद्धबाट भएको मानवीय क्षति र सन्त्रास आदिको घटनाहरूको वेलिविस्तार गरिएको छ । आमाको चिन्तामा बसिरहेका बुवा पनि बिरामी पर्नु, जमुनाले घरमै उपचार गर्नु र सञ्चो नहुँदा अस्पतालमै भर्ना गर्नु जस्ता घटना पनि यसै भाग भित्र देखापरेका छन् । बिरामी आमालाई सञ्चो नभएर मृत्यु हुनु र त्यसको केही दिनपछि बुवाको पनि मृत्यु हुनुसम्मको विषयबस्तु रहेको छ ।

उपन्यासको आठौं अङ्कमा विनयका बुवा आमाको मृत्यु भएसँगै नवौं अङ्क देखि कोरोनाले विश्वभरी उग्ररूप लिएको घटनालाई कथावस्तु बनाइएको छ । कोरोनाका कारण एक ठाउँबाट अर्को ठाउँ जानका लागि सबै प्रकारका मार्गहरू बन्देज लगाइएको छ । कोरोनाबाट बच्नका लागि र अरूलाई बचाउनका लागि बिभिन्न सञ्चार माध्यमहरूले जनचेतनामूलक सूचना प्रसारण गरिरहेका छन् । बजारमा खाद्यान्नको अभाव बढ्दै गएको छ । मार्टहरू दिनप्रतिदिन रित्तिदै गएका छन् । अमेरिका सरकारले सबै अमेरिकनलाई एक एक हजार डलर सहयोग गर्ने भएको छ । कैयौं मानिसहरू घरबार विहीन भएका छन् । काम पाउन छाडेको छ । घरबारबिहीन भएकाहरू सडकमा बस्न बाध्य भएका छन् । डाक्टर

र नर्सहरू अहोरात्र खटिरहेका छन् । अस्पतालहरू बिरामी र लासहरूले खचाखच भरिएका छन् । लासलाई जलाउनका लागि पालो कुर्नुपर्ने अवस्था सृजना भएको छ । सारा विश्व ठप्प भएको छ । करोडपतिहरू रोडपतिको अवस्थामा झर्नुपरेको छ । विश्वभरीको यस्तो अबस्था देखेर विनयकी श्रीमती डराएकी छ  र उसको आत्मबल घट्दै गएको छ । कोरोनाकै कारण विश्वभरी आर्थिक मन्दी आउन सक्ने विश्लेषण नेताहरू गरिरहेका छन् । एकठाउँबाट अर्को ठाउँसम्म जानलाई हवाइजहाजहरू बन्द गरिएका छन् ।

उपन्यासको तेइसौँ अङ्कमा नयाँ पात्रहरू राजीव, पार्वती र उनीहरूका छोराछोरी थपिएका छन् । उनीहरू विनयको परिवार नजिकै वस्छन् । उनीहरू एक अर्काको सहारा बनेर बसेका छन् । राजीव नजिकै वालमार्टमा काम गर्छ । एकदिन राजीवलाई अचानक ज्वरो आउँछ । राजीवको स्थिति देखेर पार्वती आत्तिन्छे । चारैतिर महामारीको सन्त्रास फैलिएका बेला कतै केही हुने हो की भन्ने डरले उसलाई सताइरहन्छ र विनयले यो खबर सुन्छ । पार्वतीको मनमा अनेक बिचारहरू खेल्न थाल्छन् । राजीवलाई अस्पताल लगिन्छ । उता पार्वती छट्पटीमै बाँचिरहेकी हुन्छिन् र केही समयपछि राजीव सञ्चो भएर घर जानुको साटो उसको मृत्यु हुन्छ । उसको मृत्युमा पार्वती भावबिह्वल हुन्छे । राजीवको मृत्यु भएको केही समयमा नै उसका नाबालक छोराछोरी पनि बिरामी बनाएर उपन्यास कौतुहलतापूर्ण बनाइएको छ । पाठकले यहाँनिर आएर अब पार्वतीको जीवनमा फेरी के हुने हो भन्ने चासो राख्ने अबस्था देखाइएको छ । पार्वतीका छोराछोरीको पनि मृत्यु भएको छ । छोराछोरीको मृत्यपछि पार्वती झनै भावबिह्वल भएकी छ । ऊ रुँदा रुँदै पागल भएकी छ । यस भागको अन्तिमतिर यस उपन्यासको प्रमुख पात्र विनयकी श्रीमती अर्थात जमुनालाई पनि कोरोना लागेको छ । बिरामी भएकी जमुनालाई घरायसी उपचार गरेर सञ्चो नभएकोले अस्पताल लगिएको छ । अस्पतालको लामो बसाईपछि जमुना दिनदिनै कमजोर हुँदै गएकी छ । विनय जमुनाको पीरले छट्पटाइरहेको छ । अन्त्यमा, जमुनाको पनि कोरोनाकै कारण मृत्यु भएकोसम्मको कथाबस्तुलाई उपन्यासको मध्यभागका रूपमा प्रस्तुत गरिएको छ ।

उपन्यासको उनान्तीसौँ अङ्कदेखि चालीसौँ अङ्कसम्मलाई उपसंहारको रूपमा प्रस्तुत गरिएको छ । यस भागलाई उपन्यासको अन्त्य भागका रूपमा पनि मानिन्छ । यसमा कथावस्तुको समाप्तिपछि त्यहाँका पात्रहरूको स्थिति के कस्तो रहेको छ भनेर देखाइएको छ । जमुनाको मृत्युपछि विनय अब घरमा एक्लै बस्नुपर्ने अवस्था आएको छ । घरमा एक्लै

बस्दा जमुनाका कपडा, दराज र तस्वीरहरूसँगै कुरा गरी बस्ने गर्छ । विनयका छोराछोरी पनि अठार वर्ष उमेर पुगेर घर छोडी अन्यत्र गएका छन् । राजीव र दुईवटा छोराछोरी गुमाएर उनीहरूकै पीडामा थला परेकी पार्वती पनि बिस्तारै बिस्तारै तङ्ग्रिदै गएकी छ । आफ्नो उमेर बढेसँगै पढाइको सिलसिलामा छोराछोरीहरू बाहिर जानु, घरमा विनय एक्लै बस्नुपर्ने अवस्था हुनु, उसलाई भान्साको कुनै पनि काम नआउनु, विनयलाई एक्लै बस्नुपर्ने बाध्यता भएको र पार्वतीको पनि अरू कुनै सहारा नभएकाले छोराछोरीले बुवालाई पार्वतीसँग दोस्रो बिहे गरेर बस्न प्रस्ताव गर्नु, विनयलाई सुरूमा यो कुरा सुन्दा निकै गाह्रो महसुस हुनु, बिस्तारै पार्वतीसँग यो कुरा राख्नु, पार्वतीलाई पनि विनयको घर सुन्दर लाग्दै जानु, त्यहाँका बगैँचा, रुखविरुवा, चराचुरुङ्गी आदि कुराहरू रङ्गीन लाग्दै जानु, राजीव सपनामा आएर छियाछिया बनाउछु भन्नु, पार्वती विनयलाई यी घटना बताउँदै मलाई मृत्युको मुखबाट बचाइदिनु भन्दै विनयको अङ्गालोमा बेरिनु, यस्तो बिकराल अवस्थाबाट पूनर्जन्म पाएर बाँच्न सिकेकी छौ भन्दै विनयले पनि मुसुक्क मस्कुराएर पार्वतीको निधारमा गहिरो चुम्बन गरेर आफ्नो अङ्गालोमा बाँधेर एक भएको सम्मको कथावस्तुलाई उपन्यासको अन्त्य भागका रूपमा लिन सकिन्छ ।

### ५.३ सहभागी

घटनासँग सम्बद्ध भएर आउने उपन्यासको महत्वपूर्ण तत्व पात्र हो । पात्रकै क्रियाकलापबाट उपन्यासमा कथानकको निर्माण हुन्छ । वस्तु रचनाको आधार नै पात्र हुन्छ । पात्र मानवका साथ साथै मानवेतर पनि हुने गर्दछन् । मानवेतर पात्रले पनि मानवजस्तै स्वभाव देखाउँछन् । पात्रको क्रियाकलाप र संवादबाटै कथानक अघि बढ्छ । पात्रलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता तथा आबद्धताका आधारमा वर्गीकरण गरिन्छ ।

*'क्वारेन्टाइन'* उपन्यास चालीस अङ्कमा विभाजन गरिएको छ । *'क्वारेन्टाइन'* उपन्यास विश्व महामारीको रूपमा फैलिएको कोरोनाबाट आतङ्कित मानिसहरूको जीवन भोगाईलाई प्रस्तुत गरिएको सामाजिक उपन्यास हो । यस उपन्यासमा रहेका सहभागीहरूले विभिन्न चरित्रलाई बोकेका छन् । यस उपन्यासमा कार्यका आधारमा प्रमुख, सहायक र गौण सबैखाले पात्रको उपस्थिति रहेको छ । त्यसैगरी यसभित्र लिङ्गका आधारमा स्त्री र पुरुष पात्र रहेका छन् भने प्रवृत्तिका आधारमा सत् र असत् दुबै प्रकारका पात्रहरूपनि रहेका छन् । यस उपन्यासमा आबद्धताका आधारमा बद्ध र मुक्त पात्रहरू रहेका छन् भने सहायक र गौण

पात्रहरूको पनि उपस्थिति रहेको छ । प्रस्तुत उपन्यासमा प्रमुख पात्रका रूपमा विनय र जमुना रहेका छन् भने सहायक पात्रका रूपमा राजीव र पार्वती रहेका छन् । त्यस्तैगरी गौण पात्रका रूपमा विनयका बुवाआमा, छोराछोरी, डाक्टर, नर्स, चन्द्रशेखर, विनयकी बहिनी ज्वाइँ आदि रहेका छन् । यी विभिन्न पात्रहरूको चरित्र चित्रण देहाय बमोजिम गर्न सकिन्छ :

**१. विनय**

विनय *'क्वारेन्टाइन'* उपन्यासको प्रमुख पात्र हो । उपन्यासको आदि देखि अन्त्यसम्म विनय उपस्थित रहेकोले विनयको सेरोफेरोमा उपन्यास घुमेको छ । डिभी परेर अमेरिका प्रवेश गरेको विनय बुवाआमा, छोराछोरी र श्रीमतीसँग अमेरिकाको कोलोराडो राज्यमा बस्दै आएको छ । विनयको बाल्यकाल, गरिबी र अभावमा नेपालमै बितेको छ । विनय यस उपन्यासको अनुकूल पात्र हो । ऊ उपन्यासको सुरूदेखि अन्त्यसम्मै एकैनासको चरित्रमा प्रस्तुत स्थिर चरित्र पनि हो । अमेरिकामा बुवाआमासँगै बस्दै आएको विनय विश्व महामारीका रूपमा फैलिएको कोरोनाले आमाबुवा दुबै गुमाउन पुगेको ऊ निकै मर्माहत हुन पुग्छ । कोरोनाका कारण कैयौँ मानिसहरूले ज्यान गुमाउँदा दुःखी हुँदै पटक पटक आफ्नो देश मातृभूमिलाई सम्झिरहन्छ । मानिसहरूलाई दुःख पर्दा सहयोग गर्न पछि पर्दैन । नजिकै बस्ने पार्वतीको परिवारलाई कोरोना हुँदा ऊ आफैले राजीवलाई आफ्नै गाडीमा अस्पताल पुऱ्याएर उपचार गर्छ । पार्वतीको छोराछोरी र श्रीमानको मृत्यु हुँदा त्यस पीडाबाट विक्षिप्त भएकी पार्वतीलाई सहयोग गर्ने, यस्तो महामारीमा पनि मानवता ठूलो ठानेर अगाडि बढ्नसक्ने मानवतावादी विचार भएको पात्र हो । विनयले सँगै जीउने सँगै मर्ने भनी कसम खाएर घरजम गरेकी प्राणभन्दा प्यारी श्रीमती गुमाएको छ । पीडामाथि पीडा थपिँदै गएको भएपनि ती पीडालाई सहन गर्न सक्ने पात्रका रूपमा विनय प्रस्तुत भएको छ । कोरोनाका कारण रोजगार गुमाएर दुःखका साथ दिन काट्न बाध्य भएको छ । छोराछोरीसँगै बस्दै आएको विनय जमुनाको मृत्युपछि निकै दुःखी हुन्छ ।

जमुनाले घरको सम्पूर्ण काम गर्ने भएकोले उसको मृत्युपछि त्यो सम्पूर्ण जिम्मेवारी विनयमाथि पर्दछ । जमुनाको मायामा पुल्पुलिएको विनय उसको निधनपछि आफूलाई एक्लो महसुस गर्छ । छोराछोरी ठूलो भइसकेपछि घर छोडेर बाहिर पढ्न जान्छन् । उनीहरू जाँदा विनय एक्लै घरमा जमुनाका तस्बिरहरूसँग कुरा गर्दै बस्छ । विनय जमुनालाई हरेक पलमा सम्झिएर बस्ने, श्रीमतीलाई धेरै माया गर्ने, छोराछोरीलाई माया गर्ने, आफ्नो कर्तव्यबाट

कहिल्यै टाढा नहुने चरित्र हो । यति धेरै दुःख कष्ट भोगेर बसे तापनि ऊ पार्वतीलाई सधैँभरी अभिभावकको भूमिका निर्वाह गरिरहन्छ । सबैकुरा गुमाएर बाँच्न बाध्य भएकी पार्वतीलाई हरेक तरहबाट साथ सहयोग गरेर सकरात्मकता तर्फ डोऱ्याउन विनयले निकै मह‌त्वपूर्ण भूमिका खेलेको छ । छोराछोरी बाहिर पढ्न जाँदा घरमा बुवा एक्लै हुने र बिरामी पर्दा तातोपानीसम्म दिने मान्छे नहुँदा दुःख हुने भएकाले र उता पार्वती पनि सबैथोक गुमाएर एक्लो जीवन व्यतित गरिरहेकी हुनाले ऊसँग दोस्रो विवाह गर्न छोराछोरीले आग्रह गर्छन । जीवनको उत्तरार्द्धमा एक्लै बाँच्न गाह्रो हुने भएकाले पार्वतीसँग विनय दोस्रो विवाह गर्न पुग्छ । जतिसुकै दुःख पीडा परे तापनि एकपल्ट पाएको जीवन राम्रोसँग गुर्जानुपर्छ भन्ने सोच भएको आशावादी चरित्रका रूपमा विनय प्रस्तुत भएको छ । यसरी आफ्नो जीवनमा भएका दुखदायी घटनाहरूलाई सहन विवश विनय प्रमुख, अनुकुल, बद्ध र उपन्यासको अन्त्यमा गएर पार्वतीसँग सहाराका लागि भएपनि विवाह बन्धनमा बाँधिएकोले गतिशील पात्र पनि भन्न सकिन्छ ।

### २. राजीव

राजीव यस उपन्यासको सहायक पुरूष पात्रका रूपमा उपस्थित भएको छ । उपन्यासको तेइसौँ अङ्कमा देखापरेको राजीव तीन दिदिबहिनी पछि समाजको लागि भएपनि जन्मिएको एक्लो छोरो हो । सानैदेखि सुखमय जीवन बिताइरहेको राजीव श्रीमतीलाई डिभी परेर श्रीमतीको करबलले अमेरिका जान पुग्छ । घरमा बुवाआमालाई एक्लै छाडेर गएको ऊ अमेरिकामा विनयको नजिकै बस्छ । विश्वव्यापी रूपमा फैलिएको कोरोनाका कारण अकालमै ज्यान गुमाउन पुगेको ऊ उपन्यासमा थोरै भूमिकामा रहेको छ । अमेरिकामा छोरा, छोरी र श्रीमतीसँगै बस्दै आएको राजीव श्रीमतीलाई अत्यन्तै माया गर्ने स्वभावको पात्र हो । ऊ पार्वतीलाई कहिल्यैपनि दुःख दिन नचाहने, अत्यन्तै माया गर्ने र एउटा असल श्रीमान तथा बुवाको रूपमा रहने पात्र हो । उपन्यासको मध्य भागतिर देखापरेको, कोरोनाको सिकार भएको पात्रका रूपमा र अन्त्यमा, मृत्युवरण गरेको चरित्रको रूपमा रहेको पात्र हो ।

### ३. जमुना

जमुना यस उपन्यासकी प्रमुख स्त्री पात्र हो । सुरूदेखि उपन्यासको तीसौँ अङ्कसम्म उपन्यास जमुनाकै सेरोफेरोमा घुमेको छ । जमुना शङ्करदेव क्याम्पसमा पढ्दा विनयसँग

भेट हुन्छ । उनीहरूको प्रेम त्यहीँदेखि पलाउन थाल्छ । शङ्करदेवबाट सुरू भएको उनीहरूको प्रेमयात्रा बिवाहमा परिणत हुन्छ । विनयसँग विवाह भइसकेपछि उनीहरू अमेरिकाको कोलोराडो शहरमा बस्छन् । ऊनका सासु ससुरापनि उतै हुन्छन् । विनयका बुवाआमा छोरीको घर जान खोज्दा मौसम चिसो भएको र आमा दीर्घरोगी भएकाले उहाँहरूको चिन्ता लिइरहने एक असल बुहारी चरित्र हुन् । आमा र बुवा दुबैलाई कोरोना लागेर मृत्यु हुँदा ऊनी निकै दुखी हुन्छिन् । छोराछोरी र श्रीमानको असाध्यै ख्याल राख्ने एक असल आमा अनि श्रीमतीका रूपमा उनको चरित्र झल्किन्छ । पार्वतीलाई दुःख पर्दा आफूले सकेको सहयोग गरी पार्वतीको स्याहारमा लागेकाले यिनलाई मानवतावादी चरित्रका रूपमा लिन सकिन्छ । श्रीमान, छोराछोरी सबै गुमाएर एक्लो जीवन बाँच्न बाध्य भएकी पार्वतीलाई आफूले सहारा दिएर एउटा असल अभिभावकको कर्तव्य निर्वाह गरेकी जमुना कर्तव्यनिष्ठ पात्रका रूपमा परिचित छन् । जमुना सरल स्वभावकी पात्र हुन् । ऊनी कोरोना महामारीका बेला श्रीमानसँगै कैयौ पटक अस्पतालमा गएकी छन् । कोरोनाका कारण मान्छेहरू एकआपसमा कोरोना सर्छ जस्तो गरेर बोल्नै छाड्ने बेलामा ऊनी भने राजीव र उसका छोराछोरीलाई अस्पतालमा लिएर जान्छे । छोराछोरी र श्रीमान बिनाकी पार्वती बिरामी हुँदा उसलाई पनि अस्पताल लिने र आफुले सक्दो सहयोग गर्छे । उपन्यासमा प्रमुख स्त्री पात्रका रूपमा देखापरेकी जमुना स्थिर, बद्ध र अनुकुल पात्र हो ।

### ४. पार्वती

पार्वती यस उपन्यासकी सहायक स्त्री पात्र हो । उसको उपस्थिति यस उपन्यासको तेइसौँ अङ्कदेखि भएको छ । डिभी परेर अमेरिका गएकी पार्वतीलाई कोरोनाका कारण आफ्ना दुई छोराछोरी र श्रीमान गुमाउन पुगेकी र पीडामा छटपटाउदै बाँच्न बिवश पात्रका रूपमा उपस्थित गराइएको छ । मिनभवन क्याम्पसमा पढ्दै गर्दा राजीवको प्रेममा परेर विवाह गरेकी छ । उसको घर धनी र सम्पन्न भएता पनि बिदेश जाने विद्यार्थीहरूको लहरमा लागेर घरपरिवारलाई छाडेर अमेरिका जान्छे । बुवाआमाको एक्लो छोरो भएपनि उनीहरूको इच्छा बिपरित राजीवलाई आफूसँगै अमेरिका लिन्छे । अमेरिकाको बसाई राम्रै भएता पनि विश्व महामारीका रूपमा फैलिएको कोरोनाका कारण राजीव र उसका दुई छोराछोरीले मृत्युवरण गर्नुपर्छ । राजीव र छोराछोरीको मृत्युको पीडामा छटपटाएर बाँच्न बाध्य भएकी पार्वती आफूपनि मर्न चाहन्छे । राजीव बिनाको जीवन एक्लो र निरर्थक भएकाले ऊ अर्धपागल भएर बस्छे र उसलाई मनोरोगले आक्रमण गर्छ । परामर्शदाताले

उसलाई बिस्तारै पहिलेकै अवस्थामा ल्याउन महत्त्वपूर्ण भूमिका खेल्छन् । विनय र जमुनाको आडभरोसामा बाँचेकी पार्वतीलाई कोरोना लाग्छ । दुईहप्तापछि कोरोना सञ्चो भएपछि घरमा एक्लै बस्न विवश हुन्छे । छोराछोरी र श्रीमानको मृत्युका कारण आघात भएकी पार्वती मर्न चाहने एक निराशावादी पात्रका रूपमा देखिन्छे । विनयको परिवारको अभिभावकत्वमा बिस्तारै परिवर्तन हुँदै गएकी पार्वती आफू अमेरिका नै बस्ने र नेपाल नफर्कने निर्णय लिन्छे । विनयको श्रीमतीको मृत्यु भइसकेपछि उसका छोराछोरीले बुवालाई एक्लै बस्न गाह्रो हुने भएकाले पार्वतीसँग बिहे गर्ने सल्लाह दिएसँगै विनयको प्रस्तावलाई स्वीकार गर्दै अन्त्यमा विनयसँगै बिवाह बन्धनमा बाँधिन पुगेकी पार्वती गतिशील, बद्ध र अनुकुल पात्रका रूपमा उपन्यासमा उपस्थित भएकी छ ।

उपन्यासभित्र माथि उल्लिखित पात्रहरूबाहेक उपन्यासलाई अगाडि बढाउनका लागि डाक्टर, नर्स, बुवाआमा, छोराछोरी, चन्द्रशेखर, सिर्जना, विनयकी बहिनी, राजीवका साथीहरू, नवराज, सीता, विकास, बन्दना, गोविन्द, राजेश, राजन आदि थुप्रै पात्रहरू भएता पनि डाक्टर, नर्स, बुवाआमा, छोराछोरी आदिले यस उपन्यासमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । यस उपन्यासमा डाक्टर र नर्सहरूको सुरूदेखि अन्त्यसम्म महत्त्वपूर्ण भूमिका रहेको छ । त्यसैले तिनीहरू यस उपन्यासका सहायक पात्र हुन् । कोरोना रोग मूल बिषयवस्तु भएकोले डाक्टर र नर्सले बिरामीको उपचार गरेको, उनीहरू अहोरात्र खटेर बिरामीहरूको ज्यान बचाएको, मास्क, गाउनको अभाव भएपनि उनीहरूले मानवीय धर्म र डाक्टरको जिम्मेवारी निर्वाह गरेका छन् । उपन्यासको कथावस्तु यिनीहरूको सेरोफेरोमा घुमेको छ । डाक्टर र नर्सहरूको अहोरात्र खटाइ र आफ्नो ज्यानको वास्ता नगरी कर्तव्य पुरा गर्ने यी पात्रहरू अनुकुल पात्रका रूपमा आएका छन् । त्यसैगरी विनयका बुवाआमा उपन्यासको सुरूदेखि उपस्थित भई आठौं अङ्कसम्म पुग्दा उहाँहरू दुबैको मृत्यु भएको छ । उपन्यासमा थोरैमात्र भूमिकामा रहेका बुवाआमा अनुकुल पात्रका रूपमा आएका छन् ।

त्यसैगरी विनयका छोराछोरी पनि यस उपन्यासका अनुकुल पात्रका रूपमा आएका छन् । यिनीहरू उपन्यासको सुरूदेखि अन्त्यसम्म नै महत्त्वपूर्ण भूमिकामा रहेका छन् । सुरूमा हजुरबुवा हजुरआमा गुमाएका यिनीहरू निकै दुःखी देखिन्छन् । बुवाआमासँग अमेरिकामा रहँदै आएका यी पात्रहरू उपन्यासका सहायक पात्रका रूपमा उपस्थित भएका छन् । यिनीहरू समयको परिवर्तनसँगै हुर्कदै बढ्दै गएका छन् । तीनचार महिना अगाडि

आफूहरूलाई माया गर्ने हजुरबुवा हजुरआमा गुमाउन पुगेका उनीहरूले तीन चार महिनाको अन्तरालमा आफूलाई यो संसार देखाउने आमा गुमाउन पुगेका छन् ।

त्यसैगरी आमा गुमाएदेखि घरमा एक्लै बस्नुपरेको बुवाको अवस्था र आफ्नो उमेर बढेसँगै अन्य राज्यमा जानुपरेकोले बुवालाई पार्वतीसँग विवाह गर्न आग्रह गरेर परिवर्तन खोज्ने नयाँ सोच बोकेका पात्रका रूपमा उपस्थित यिनीहरूलाई बद्ध, गतिशील र अनुकूल पात्रका रूपमा लिन सकिन्छ । माथि उल्लेखित विभिन्न पात्रहरूको भूमिकाका कारण अगाडि बढेको उपन्यासमा रहेका सहभागीहरूलाई तालिकामा निम्नअनुसार प्रस्तुत गरिन्छ :

| **क्र.सं.** | **पात्र तथा चरित्र** | **लिङ्ग** | **कार्य भूमिका** | **प्रवृत्ति** | **स्वभाव** | **जीवन चेतना** | **आसन्नता** | **आबद्धता** |
|---|---|---|---|---|---|---|---|---|
| १. | विनय | पुरुष | प्रमुख | अनुकूल | गतिशील | वर्गगत | मञ्चीय | बद्ध |
| २. | राजीव | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गगत | मञ्चीय | बद्ध |
| ३. | जमुना | स्त्री | प्रमुख | अनुकूल | स्थिर | वर्गगत | मञ्चीय | बद्ध |
| ४. | पार्वती | स्त्री | सहायक | अनुकूल | गतिशील | वर्गगत | मञ्चीय | बद्ध |
| ५. | डाक्टर | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गगत | मञ्चीय | बद्ध |
| ६. | नर्स | स्त्री | सहायक | अनुकूल | स्थिर | वर्गगत | मञ्चीय | बद्ध |
| ७. | चन्द्रशेखर | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | मुक्त |
| ८. | सिर्जना | स्त्री | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | मुक्त |
| ९. | बुवा | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | बद्ध |
| १०. | आमा | स्त्री | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ११. | छोरा | पुरुष | सहायक | अनुकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | बद्ध |
| १२. | रत्ना भाउजु | स्त्री | गौण | प्रतिकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | मुक्त |
| १३. | छोरी | स्त्री | सहायक | अनुकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | बद्ध |

माथिको तालिकामा उपस्थित *‘क्वारेन्टाइन’* उपन्यासभित्र जम्मा १३ जना पात्रहरू रहेका छन् । जसमध्ये ६ जना पुरुष र ७ जना स्त्री र अन्य सामुहिक पात्रका रूपमा रहेका छन् । त्यस्तै २ जना प्रमुख पात्र छन् भने ६ जना सहायक पात्र र ५ जना गौण पात्रका रूपमा रहेका छन् । प्रवृत्तिका आधारमा उपस्थित सबै पात्रहरू अनुकूल चरित्रका छन् । स्वभावका आधारमा ९ जना स्थिर र ४ जना गतिशील चरित्र हुन् । जीवन चेतनाका आधारमा ६ जना वर्गगत र ७ जना व्यक्तिगत चरित्र छन् भने आसन्नताका आधारमा ५

जना मञ्चीय र ५ जना नेपथ्य चरित्र रहेका छन् । त्यसैगरी आबद्धताका आधारमा १० जना बद्ध पात्र र ३ जना मुक्त पात्रहरू रहेका छन् ।

प्रस्तुत उपन्यास *'क्वारेन्टाइन'* भित्र बाह्य रूपमा द्वन्द्व कतैपनि रहेको देखिदैन । उपन्यास विश्वभरी फैलिएको महामारी कोरोनालाई बिषयवस्तु बनाएर लेखिएको हुँदा यसभित्र आन्तरिक द्वन्द्व भने निकै मात्रामा रहेको छ । विनयको आमा कोरोनाले बिरामी हुनु, आमा बिरामी हुँदा विनय, जमुना र उसका बुवाका मनमा आमालाई सञ्चो हुने वा नहुने भन्ने बिषयमा द्वन्द्व रहेको छ । त्यसैगरी महामारीका कारण बन्दाबन्दीमा पर्दा सबै कामहरू रोकिनु र खाना समेत नपाउने कुराले पनि सबैलाई पिरोलेको हुँदा यसमा पनि आन्तरिक द्वन्द्व रहेको छ । त्यस्तै राजीव बिरामी हुनु, राजीवको मृत्यु हुनु र श्रीमानसँगै छोराछोरी गुमाउन पुग्दा पार्वतीका मनमा ठूलो चोट पुगेको र आफू बाँच्ने वा मर्ने भन्ने कुरामा उसका मनमा आन्तरिक द्वन्द्वले उत्कर्ष रूप लिएको छ ।

त्यस्तैगरी विनयको मनमा पनि आन्तरिक द्वन्द्व निकै मात्रामा रहेको देखिन्छ । कोरोना सर्ला कि भन्ने पीरले ऊ निकै सचेत हुन्छ र बच्ने उपायहरू अपनाउन पछि पर्दैन । त्यसैगरी आफ्नी प्राणप्यारी श्रीमतीको कोरोनाका कारण मृत्यु हुँदा ऊ पीडाले विक्षिप्त हुन्छ । यी कारणले गर्दा यस उपन्यासमा बाह्य द्वन्द्व नभएर आन्तरिक द्वन्द्व अधिक मात्रामा रहेको कुरा प्रष्ट हुन्छ ।

### ५.४ परिवेश

उपन्यासमा घटना घटित हुने स्थान समय वा वातावरण नै परिवेश हो । पात्रले कार्यसम्पादन गर्ने ठाउँ नै परिवेश हो । परिवेशले घटनालाई प्रभावशाली रूपमा प्रस्तुत गर्दछ । परिवेशको सही प्रयोगले यसको प्रभावकारिता बढाउँछ । उपन्यासमा बाह्य र आन्तरिक परिवेशको प्रयोग गरिन्छ । घटना घटित हुने ठाउँ स्थान वातावरणलाई बाह्य परिवेश भनिन्छ भने पात्रको मानसपटलको परिवेशलाई आन्तरिक परिवेश भनिन्छ ।

स्थान, समय र वातावरणका दृष्टिले भन्नुपर्दा यस उपन्यासभित्र विशिष्ट स्थानका रूपमा कोलोराडो सहर, नर्सिङ्ग होम, लसएन्जलस आदि ठाउँको वर्णन गरिएको छ । यस उपन्यासभित्र धेरैजसो कोलोराडोको अस्पतालको वरिपरीको वातावरणको वर्णन गरिएको छ । यसका साथै नेपालका कतिपय ठाउँहरूलाई सम्झना गरिएको छ । यसभित्र बानेश्वर, कीर्तिपुर, चावहिल चोक आदि ठाउँको प्रयोग गरिएको छ । यसमा अमेरिकाको विभिन्न

ठाउँहरू मध्ये रेस्टुँरा, वालमार्ट पार्क, न्यूयोर्क टाइम्स स्क्वायर, इम्पायर विल्डिङ स्ट्याचु, वर्ल्ड सेन्टर आदि ठाउँहरूको प्रयोग गरिएको छ । प्रस्तुत उपन्यासमा विश्वयुद्धमा सामेल रहेका विभिन्न देशहरू, कोरोना सङ्क्रमणको चपेटामा परिसकेका देशहरू चीन, बेलायत, इटली आदि देशहरू पनि परिवेशका रूपमा प्रयोग भएका छन् । त्यसैगरी यस उपन्यासमा मानसिक परिवेशको पनि चित्रण गरिएको छ । उपन्यासका पात्रहरू विनय, जमुना र पार्वतीका मनमा कोरोनाको डरका कारण र आफ्ना प्रिय व्यक्तित्वहरू गुमाउनु परेकोले उनीहरूमा मानसिक उथलपुथल व्यापक रूपमा रहेको छ । त्यस्तैगरी यस उपन्यासमा कालगत परिवेशका रूपमा पनि चित्रण गरिएको छ । यस उपन्यासभित्र रहेका फेब्रुवरी महिना, दुईहप्ता, इस्वी संवतको अघिल्लोतिर, दुईसय पचास वर्ष, लडाईका सय वर्षहरू, सन् १५१९-१६३२, दोस्रो विश्वयुद्ध, सन् १९३९, सन् १९४१-१९४५, सेप्टेम्वर एघार २००१ आदि जस्ता परिवेशले कालगत परिवेशलाई चित्रण गरेको  छ ।

यसरी प्रस्तुत उपन्यासमा भौगोलिक, मानसिक र कालगत तीनै प्रकारको परिवेशलाई सुन्दर र कलात्मक रूपमा चित्रण गरिएको छ । निश्चित स्थानगत, निश्चित कालगत साथै मानसिक परिवेशको चित्रणले यस उपन्यासलाई मनोरञ्जनात्मक र प्रभावकारी बनाउन मद्दत पुगेको छ ।

### ५.५ उद्देश्य

साहित्यको प्रयोजन नै उद्देश्य हो । उपन्यासकारले पाठक माझ कुनै न कुनै सन्देश प्रवाह गरेको हुन्छ । यसरी भन्दा उपन्यासकारको विचार वा दृष्टिकोण नै उद्देश्य हो । कुनै काम गर्दा मानिसले केही न केही उद्देश्य लिएको हुन्छ । कुनै काम गर्नुका पछाडि कुनै न कुनै उद्देश्य भएजस्तै *क्वारेन्टाइन* उपन्यासको पनि आफ्नै उद्देश्य रहेको छ । यस उपन्यासमा सन् २०१९ को अन्तिमतिर विश्व महामारीका रूपमा फैलिएको कोरोनाका कारण मानिसमा उत्पन्न भय र त्रासको विषयबस्तुलाई प्रस्तुत गर्दै सुखान्त अन्त्य गरिएको छ । विश्वभरी फैलिएको कोरोना महामारीका कारण मानव जातिले भोग्नुपरेको त्रासदीलाई देखाउनु यस उपन्यासको उद्देश्य रहेको छ । उपन्यासमा विज्ञान र प्रविधि चुलीमा पुग्दा पनि एक्काइसौँ शताब्दीको मानिस कसरी विवश भएर मृत्युवरण गर्न अभिशप्त भयो भन्ने कुरालाई विभिन्न पात्र, परिवेश र घटना मार्फत प्रष्ट पारिएको छ ।

## ५.६ दृष्टिबिन्दु

कथा वर्णनमा समाख्याताको अवस्थिति नै दृष्टिबिन्दु हो । दृष्टिबिन्दुकै प्रयोग गरी समाख्याताले आख्यान प्रस्तुत गर्दछ । साहित्यमा दृष्टिबिन्दु प्रथम पुरुष दृष्टिबिन्दु र तृतीय पुरुष दृष्टिबिन्दु गरी दुई प्रकारको हुन्छ । प्रथम पुरुष दृष्टिबिन्दुमा कथयिता नै आख्यानको पात्र हुन्छ वा आख्यानमा उसको प्रत्यक्ष उपस्थिति हुन्छ भने तृतीय पुरुष दृष्टिबिन्दुमा कथाकारको प्रत्यक्ष उपस्थिति हुँदैन ।

प्रस्तुत उपन्यास *'क्वारेन्टाइन'* भित्रका सम्पूर्ण घटना तथा पात्रहरूलाई उपन्यासकारले स्वयं आफू अर्थात समख्यानात्मक रूपमा प्रकट गरेका छन् । यस सन्दर्भमा उनले वर्णनात्मक रूपमा उपन्यासलाई गति प्रदान गरेका छन् । विनय, जमुना, राजीव, पार्वती आदि जस्ता सम्पूर्ण पात्रहरूलाई नियाल्ने प्रमुख व्यक्ति उपन्यासकार आफै भएकाले यस उपन्यासमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ ।

प्रस्तुत उपन्यासमा उपन्यासकार स्वयं आफू उपन्यासभन्दा बाहिर रहेर पात्रहरूका विविध गतिविधि र क्रियाकलापलाई प्रस्तुत गरेका छन् । उपन्यासका सम्पूर्ण घटनाहरू, पात्रहरूका मनोदशा, क्रियाकलाप कथयिताले आफ्नो नियन्त्रणमा लिएर आफैले उनीहरूको वर्णन गर्दै उपन्यासलाई गति प्रदान गरी अन्त्य गरिएको छ । उपन्यासको सम्पूर्ण क्रियाकलाप, घटना, पात्रहरूको अवस्था उपन्यासकारलाई थाहा छ । उपन्यासमा सारा घटना कथयिताले सर्वज्ञ भएर प्रस्तुत गरेकाले उपन्यासमा सर्वज्ञ बाह्य दृष्टिबिन्दुको प्रयोग भएको छ ।

## ५.७ भाषाशैलीय विन्यास

साहित्यिक अभिव्यक्तिको माध्यम भाषा हो भने यसको प्रस्तुतिको तरिका शैली हो । उपन्यासले भाषाको गद्य रूपलाई अँगाल्छ । उपन्यासमा समाख्याताको भाषा र पात्रको भाषा गरी दुई प्रकारका भाषाको प्रयोग गरिन्छ । तत्सम शब्दको बढी प्रयोग भएको भाषालाई उच्च प्रयुक्तिको भाषा भनिन्छ । त्यस्तै आंशिक काव्यात्मक भाषा मध्यम प्रयुक्तिको भाषा हो । अभिव्यक्तिको ढाँचा शैली हो । कस्ता शब्द वा वाक्यमा रचनालाई कसरी अभिव्यक्त गरिएको छ भन्ने कुरा नै शैली हो । यसअन्तर्गत विचलन पर्दछ ।

भाषाशैलीय दृष्टिले हेर्दा पदम विश्वकर्माको *'क्वारेन्टाइन'* उपन्यासमा प्रयुक्त भाषा सरल, सहज र सुबोध्य रहेको छ । भाषिक प्रयोगका दृष्टिकोणवाट हेर्दा प्रस्तुत उपन्यासमा

सबै व्यक्तिहरूले एकै किसिमको भाषा प्रयोग गरेका छन् । यस उपन्यासमा विनयका बुवा आमाले कतै कतै आफ्नो स्थानीय भाषाको पनि प्रयोग गरेका छन् । उनीहरूले प्रयोग गरेको भाषा यस प्रकार छ : 'हाम्रो पालाँ त गाडी पनि देख्न पा' हैन बाले आफैसँग गुनगुनाए हिडेरै काठमाडौँ, पोखरा र ठोरी जानुपर्थ्यो' (पृ. १०) बाले भने, 'हेर तो आमा चल्मलाउदै छे' (पृ. २७) । यसरी बुवाआमा बाहेक अन्य सहभागीको भाषा सामाजिक तथा पारिवारिक स्तर अनुसारको प्रयोग पाइएको छैन । प्रस्तुत उपन्यासभित्र उपन्यासको भाषालाई अझै मिठास थप्नका लागि कतै कतै उखान टुक्काको पनि प्रयोग भएको छ । जस्तैः 'शङ्काले लङ्का काट्यो' (पृ. १३८), 'हुलमुलमा ज्यान जोगाउनु, अनिकालमा जीउ जोगाउनु' (पृ. १६८), 'खाली दिमाग शैतानका राज' (पृ. १३५) आदि । त्यस्तैगरी पात्रहरू अमेरिकामा बस्ने भएकाले कतै कतै उनीहरूले अंग्रेजी भाषाको प्रयोग गरेका छन् । जस्तैः 'यु टू नीड मोर फूड ?' विनयले अन्कनाउदै भन्यो, 'यस आवर फेमिली मेम्वर्स आर नट हियर । सो वी वान्ट टेक फूड फर टु फेमिली मेम्वर्स' (पृ. १६३) । त्यसैगरी प्रस्तुत उपन्यासभित्र कतै कतै उच्च आदरार्थी भाषाको प्रयोग पनि भएको छ । जस्तैः 'मैले त नपठाइस्योस् भनेकै हुँ । हजुरले कानमा बतास लाइसेन' (पृ. १५) ।

समग्रमा प्रस्तुत उपन्यासको भाषा सरल छ । ठाउँ ठाउँमा *थचक्कै, स्वाँस्वाँ, मुसुक्क, तप्पतप्प, हत्तपत्त, फ्वाँफ्वाँ, पुलुक्क* आदि जस्ता अनुकरणात्मक शब्दको प्रयोगले भाषिक मिठास थपिएको छ । यस उपन्यासमा पात्रहरूले बोल्ने भाषा एकैखाले भए पनि कतैकतै स्थानीय भाषा, कतै अङ्ग्रेजी र कतै उच्च आदरार्थी भाषाको पनि प्रयोग भएको छ । यी विविध भाषाहरू कहिँकतै प्रयोग भएर उपन्यासलाई झनै रोचक र मिठासपूर्ण बनाएका छन् । यस उपन्यासमा भएको भाषा सरल, सहज र सुबोध्य भएकोले उपन्यास पढ्दा पट्यार नलागेर रोचक र मिठासपूर्ण छ ।

## ५.८ निष्कर्ष

*'क्वारेन्टाइन'* पदम विश्वकर्माको पहिलो उपन्यास हो । यस उपन्यासमा सन् २०१९ को अन्त्यदेखि विश्वभरी फैलिएको कोरोना महामारीको विषम परिस्थिति र मानव जातिले भोग्नुपरेको अकल्पनीय डर त्रास आदिलाई विषयवस्तु बनाएर यथार्थ रूपमा प्रस्तुत गरिएको छ । विश्वले भोगेको यथार्थ घटनालाई प्रस्तुत गरिएको यस उपन्यासको आदि, मध्य र अन्त्यको श्रृङ्खला मिलाइएको छ । प्रकृतिले चाहेका खण्डमा पृथ्वीमा अकल्पनीय घटनाहरू कसरी घटाउन सक्छ र मानवीय गल्तिका कारण विज्ञान र प्रविधिको पनि केही चल्न

नसक्ने कुरा यस उपन्यासमा उल्लेख गरिएको छ । मानवीय क्षति कोरोनाका कारण मात्र नभएर ठूलाठूला विश्वयुद्ध, यसभन्दा अगाडि भएको महामारी पनि उत्तिकै खतरापूर्ण रहेको कुरा पनि व्यक्त गरिएको छ । कोरोनाका कारण मानिसले ज्यान गुमाउनु परेको अवस्था, आफ्ना गुमाएर बाँच्नेहरूको पीडा, काम नभएर खाना समेत नपाएर भोकभोकै छटपटिनुको पीडा आदिलाई यस उपन्यासमा प्रस्तुत गरिएको छ । चालीस अङ्कमा बिभाजित यस उपन्यासमा स्तरीय मानक भाषाको प्रयोग गरिएको छ । उपन्यासलाई केही मिठास थप्नको लागि कतै कतै स्थानीय, अङ्ग्रेजी र उच्च आदरार्थी भाषा प्रयोग गरिएको पनि पाइन्छ । यो उपन्यास तृतीय पुरुष दृष्टिबिन्दुमा प्रस्तुत गरिएको छ । उपन्यासको भाषा स्तरीय भएपनि सरल र सहज छ । अनुकरणात्मक शब्द, उखान आदिको प्रयोगले पढ्न रमाइलो छ । कोरोनाका कारण मानिसहरू के कस्तो अवस्थाबाट गुज्रनुपरेको छ भन्ने कुरा प्रस्तुत गरिएको छ भने बिरामीलाई उपचार गर्ने र बिरामी तथा लासहरूलाई के कसरी व्यवस्थापन गर्ने भन्ने कुरा पनि उल्लेख गरिएको छ । डाक्टरहरूले आफ्नो ज्यानलाई जोखिममा राखेर बिरामीलाई गरेको उपचार निकै नै सह्रानीय देखिन्छ ।

# छैटौँ परिच्छेद

# पदम विश्वकर्माको कथासङ्ग्रहको विश्लेषण

## ६.१ विषय परिचय

पदम विश्वकर्माका साहित्यिक कृतिहरूमध्ये पुस्तकाकार प्रकाशित दोस्रो कृतिका रूपमा *'तमसुक'* (२०७६) रहेको पाइन्छ । विश्वकर्माको तमसुक कृतिको प्रकाशनबाट कथायात्राको पनि आरम्भ भएको छ । यसको प्रकाशन २०७६ साल बैशाख महिनामा शिखा बुक्सद्वारा प्रकाशित र ज्ञानज्योति पब्लिकेशन प्रा.लि.द्वारा वितरित गरेर पाठकसामु ल्याइदिने काम गरेको छ । विश्वकर्माको यस कथा सङ्ग्रहमा जम्मा २३ वटा कथा समावेश भएका छन् । यस सङ्ग्रहमा ज्ञानु अधिकारीले भूमिका लेखेकी छन् भने माया ठकुरी, निलम कार्की निहारिकाको शुभकामना मन्तव्य रहेको छ । विश्वकर्माले यस कथा सङ्ग्रहका कथामा डायस्पोराका जीवन भोगाइ, नेपालका विकट ठाउँ र यहाँको दयनीय अवस्था, आजका युवाहरूले भोग्नुपरेको विषम परिस्थिति र नेपालबाट अमेरिकामा पुगेपछि उनीहरूको अवस्था र जीवनशैलीमा हुने परिवर्तन जस्ता विषयलाई प्रस्तुत गरेका छन् । यहाँ कथानक, सहभागी, परिवेश, उद्देश्य, दृष्टिबिन्दु र भाषाशैली आदि विधातत्वका आधारमा यो कथा सङ्ग्रहको विश्लेषण गरिएको छ :-

## ६.२ कथानक

कथानक कथाको मूलत□व मध्येको एक हो । तमसुक कथासङ्ग्रहमा सङ्कलित कथाहरूमा 'मिठाइमा भुलेको जीन्दगी' पहिलो कथा हो । आठवर्षको कृष्णबहादुर घाँस झुण्ड्याउदै गर्दा देखि कथाको आरम्भ हुन्छ । गरिबीको काखबाट जन्मेको किस्ने सोझो, मेहनेती र लगनशील छ । किस्ने सानै छँदा उसको बुवा परलोक हुन्छ । किस्नेलाई आमाले दुःख सुख मेलापात गरेर हुर्काउछे र आठ वर्षको उमेरमा उसलाई स्कूल पठाउछे । गाउँका साथीहरूसँग स्कूल पढ्दै गएको किस्ने मेहनती भएकोले उसलाई कापी कलम किन्न पर्दैन । किस्ने नजिकैको साथी श्यामको घरमा अङ्ग्रेजी सिक्ने निहुँले दिनदिनै जान्छ । श्याम र किस्ने साथी भएकोले यी दुबैजना सँगै स्कूल जाने आउने गर्छन् । किस्ने असल चरित्रको

भएको र सुन्दर अनि पढाइमा सिपालु भएकोले केटीहरू उसका पछि बस्न हानथाप गर्छन् । किस्नेका पछि केटीहरूमात्र नभएर गाउँका आइमाइहरू पनि लाग्छन् ।

किस्नेकी आमा घरमा नभएका बेला उसको खोपीमा सेलरोटी, खीर, मिठाइ, फलफूल र फरकफरक खानेकुरा हरेक दिन हुन्छ । एकदिन खीरको कचौरामुनी चिठी पनि भेटिन्छ । चिठीमा किस्नेलाई दिनदिनै देख्ने चाहना भएको र ऊ बिना बाँच्न नसक्ने आदि कुरा उल्लेख गरेर लेखिएको हुन्छ । उक्त चिठी ममताको हुन्छ । ममताको चिठी र मिठाइमा भूलेर किस्नेले पढ्न पनि छोड्छ । उसैसँग लागेर आफ्नी आमालाई छोडेर किस्ने दुई बच्चाकी आमा ममतालाई लगेर चितवनको माडीतिर बस्नथाल्छ । किस्नेकी आमा अनेक बिलौना गर्दै रुन्छिन् र आफ्नो श्रीमानलाई तिमी बिना बाँच्न नसक्ने र कस्को लागि बाँच्ने भन्दै आफूलाई पनि लैजान आग्रह गर्दै गरेको अवस्था सहित कथाको अन्त्य हुन्छ ।

'अधुरो सपना' कथामा सुन्तलीले धेरैपछि दुःखले छोरो जन्माएकी र छोराको जन्मपछि घरमा सम्पूर्ण परिवार खुसी रहेको घटनालाई कथावस्तु बनाइएको छ । पाँचवटा छोरी जन्माएकी सुन्तली छैटौँपटक गर्भवती भएदेखि भगवानसँग छोरा भैदेओस् भन्ने पुकारा गरेदेखि कथाको आरम्भ भएको छ । सुन्तली गर्भवती भएदेखि चिम्रे जोगीकहाँ जोखाना हेराउन जाँदा यसपाली छोरो नै हुन्छ भन्ने सुनेदेखि उसको लोग्ने श्रीमतीलाई अरूबेलाभन्दा धेरै माया गर्छ । विभिन्न देवी देवता भाकल गर्छ । नौ महिना लागेपछि नभन्दै सुन्तलीको छोरा नै हुन्छ । छोरा जन्मिएको देखेर सम्पूर्ण घरपरिवार खुसी हुन्छन् र उसलाई धेरै मायाले हुर्काउछन् । ज्योतिषिले पनि उसलाई अमेरिका जाने योग छ भन्दा सबैको मनमा खुसीको सीमा नै रहँदैन । छोरो अर्थात राम पढ्नमा पनि राम्रै छ । दिनदिनै हुर्कदै गएको राम उच्च शिक्षाका लागि काठमाडौँ पढ्न जान्छ । कलेजका सम्पूर्ण साथीहरू विदेश जाने कुरा गर्दा उसलाई पनि विदेश जाने रहर जागेर आउछ र डिभी भर्छ ।

घरमा राम एक्लो छोरा भएकोले विवाह गर्न भनी प्रस्ताव राख्छन् । त्यसपछि उ गाउँकै केटी गितासँग विवाह गर्छ । विवाह गरेको केही समयमा रामलाई डिभी पर्छ । सबै घरपरिवारहरू खुसी हुन्छन् । केही समयपछि उनीहरू विदेश जान्छन् । राम र गीता अमेरिका गइसकेपछि उनीहरू काम गर्न थाल्छन् । उनीहरूका तीनजना सन्तान पनि रहेका छन् । उनीहरूको शिक्षा दिक्षा र खानपिन आदिको खर्च बढ्दै जान्छ । राम र गीताको सामान्य कमाइले घर खर्च चल्न गाह्रो हुन्छ । अमेरिकामा चिट्ठा खुल्ने भएकोले रामले हरेक पटक चिट्ठा किनेर हिसाब गर्दा आफू पढ्दा, अमेरिका आउँदाको ऋण चिट्ठा परेमा सबै तिर्ने

हिसाब गर्दै बस्छ । तर उसलाई चिट्ठा कहिल्यै पर्दैन । यसपटक उसले पाँचजना परिवारको नाममा चिट्ठा किन्छ र सबैजनालाई चिट्ठा पर्छ । यो रकम इतिहासकै ठूलो रकम भएकाले त्यहाँका सञ्चार माध्यमले चर्चा गरिरहन्छन् । रामुका सम्पूर्ण परिवारको चिट्ठा नम्वर हेर्दा सबैको चिट्ठा परेको थाहा पाएपछि चिट्ठा पढ्दै गर्दा रामको आवाज रोकिन्छ । श्रीमती के भयो भन्दै रामको नजिक पुग्दा उसको सास रोकिएको हुन्छ र चिट्ठा परेर धनी बन्ने रामको सपना पनि अधुरो नै रहन्छ ।

'बाइबाई अस्मिता' यस कथाको पात्र विनय आइ.ए. अध्ययन गरेर समाजकल्याण परिषद्मा सुब्बाको जागिर सुरू गरेबाट कथावस्तु सुरू भएको छ । विनय सरल स्वभावको भएकाले ऊ प्रति सबै प्रभावित हुन्छन् । विद्यालयमा शिक्षकलाई तालिम दिन नारायणगढ जाने भएकाले सम्पूर्ण शिक्षकहरू पनि त्यहाँ जान्छन् र उसको प्रस्तुति देखेर सबैजना खुसी हुन्छन् । उक्त प्रस्तुति देखेर लोभिएका एकजना शिक्षकले आफ्नी विद्यार्थी अस्मिताका बारेमा बताउँछन् । अर्को हप्ता अस्मिताको चिठी आउँछ । विनयले चिठी खोलेर हेर्दा त्यसमा लेखिएका शब्दले विनयको मन प्रभावित हुन्छ । प्रथम श्रेणीमा एस.एल.सी.पास गरेकी अस्मिता नर्सिङ पढ्नका लागि वीरगञ्ज क्याम्पस जान्छे तर विनयलाई फोन गरिरहन्छे । एक आपसमा प्रेम सम्बन्धमा बाँधिएका विनय र अस्मिता बेलाबेला भेट गर्छन् । कहिल्यै पनि नछुट्टिने बाचाकसम खाएका उनीहरू कहिले वीरगञ्ज त कहिले काठमाडौंमा भेट गर्छन् । विनयको घरबाट अर्कै केटीलाई विहे गर्ने प्रस्ताव आउछ । यो कुरा विनय अस्मितालाई सुनाउछ । ऊ विहे बन्धनमा बाँधिन्छ । विनयको विहे भएपनि अस्मिता कहिलेकाँही उसको कोठामा आउछे । अस्मिता लोकसेवा पास गरेर महाराजगञ्जमा जागिर सुरू गर्छे । अर्को वर्ष पि.आर. पाएर विनय र अञ्जु क्यानडा जान्छन् । अस्मितालाई विनय विना बाँच्न गाह्रो भएर ऊ पनि अष्ट्रेलिया जान्छे । विनयको कामको सिलसिलामा अष्ट्रेलिया जानुपर्ने भएकाले अस्मितालाई सिड्नीमा भेट्न बोलाउँछ । अस्मिता त्यति टाढा जान नसक्ने भएकाले विनय नै अस्मिता बस्ने ठाउँमा आउछ र विमानस्थलमा अस्मितालाई बोलाएर भेट गर्छन् । विनय र अस्मिताको भेट भइसकेपछि उनीहरू एकअर्का बीच छुटिन्छन् र कथाको अन्त्य हुन्छ ।

'सुषुप्त यौन कथा' यो यौन रागात्मक कथा हो । यस कथामा गङ्गेका बुढाबुढीले जीवनको उत्तरार्द्धमा दुई छोरा जन्माउछन् । उनीहरूले सन्तानका लागि धेरै विधिहरू अपनाएका छन् । यि विविध कारणले गर्दा ४५ वर्षको उमेरमा उनीहरूका दुई भाइ छोरा

जन्माई काखभरीको छोरा देखेर उनीहरू दुबैजना खुसी हुन्छन् । छोराहरू हुर्कदै जान्छन् र उनीहरू क्रमशः वृद्धवृद्धा हुदै जान्छन् । हुर्कदै जाँदा उनीहरूको कान्छो छोरा जन्मजात अपाङ्ग भएको थाहा हुन्छ । उसलाई औषधि उपचार, धामी झाँक्री, वैद्य सबै उपाय अपनाउछन् तर उसलाई निको हुँदैन । समय बित्दै जाँदा जेठो छोरो हृष्टपुष्ट र सुन्दर हुँदै जान्छ । कान्छो छोरो अपाङ्ग हुन्छ र अपाङ्ग भएपनि उसको दिमाग भने राम्रो हुन्छ । दाइ झोलाभरी किताब बोकेर स्कूल जाँदा भाइलाई पनि स्कूल जाने रहर लाग्छ । दाइको स्कूल नजिकै भएकोले ऊ र उसका साथीहरू खाजा खान घर आउछन् । दाइ साथीहरूसँग अङ्गालो मार्दै खाजा खाएको देखेर भाइलाई पनि रहर लाग्छ । दाइ बैँसालु उमेरमा प्रवेश गरेकोले केटीहरू उसका पछि लागेका छन् । ऊ केटीहरू विशेष गरेर मनिसासँग बढी चलिरहेको देखिन्थ्यो । दाइका यी गतिविधिहरू देखेर किरणमा पनि यौन भावना जाग्दै जान्छ । अपाङ्ग भएपनि रूपमा सुन्दर भएको किरणमा पनि दिनानुदिन शारीरिक परिवर्तनहरू देखिन्छन् । दाजुका यस्ता खाले व्यवहारले किरणमा पनि यौन चाहना देखिन्छ । विवेकका साथीहरू खाजा खाना आएको वेलामा किरण पार्वतीप्रति आकर्षित हुन्छ र उसको नजिक लहसिन खोज्छ । किरण घस्रिदै पार्वतीको नजिक गएर हातको सहाराले म तिमीलाई माया गर्छु भन्ने सङ्केत गर्छ । किरणको यस खालको व्यवहारले पार्वती उसको नजिकै गएर बस्छे र किरण उसका हातहरू सुम्सुम्याएको सम्झिरहन्छ । साँझपख खाना खाइसकेपछि सबैजना आफ्नो सुत्ने कोठामा जान्छन् । किरण भने पार्वतीलाई भेट्ने चाहनामै सुत्छ र रातीमा पार्वती आफुसँग सुतेको र सबै शरीर सुम्सुम्याउदै पार्वतीलाई चुम्बन गरेको सपना देख्छ । ऊ ब्यूझँदा किरणको जाँघे निथ्रुक्क भिज्छ । केही दिन विवेकको साथीहरू घरमा आउदैनन् । पार्वतीको प्रतीक्षामा किरण दिनहरू बिताइरहन्छ र उसकै प्रतिक्षामा आँखा बन्द गर्छ । पार्वतीको प्रतिबिम्ब देख्छ र पिर्लिक्क पल्टन्छ, त्यसपछि उसका आँखा कहिल्यै खुल्दैनन् ।

'तमसुक कथा' फाँटको भित्तामा सबैभन्दा सानो घर माटोले लिपेको र जताततै पाप्रा उप्किएकाबाट कथाको सुरू हुन्छ । टाढाबाट हेर्दा परालको थुप्रो जस्तै लाग्ने हर्कबहादुरको घर छ । पसिनाले भिजेको र च्यातिएको गन्जी बलोमा झुण्डिएको छ । रामे ठूलो भएर लाहुर गएको एकवर्षपछि सम्पूर्ण परिवारलाई कपडाहरू ल्याएर झोला फुकाउँदै गरेको सपना हर्कबहादुरले देखेको छ । दशै पर्व नजिकिदै जाँदा सबैका घरहरू रातोमाटोले लिपिएका छन् । खसी बोकाहरू आइसकेका छन् । विदेशतिर गएकाहरू घरतिर फर्कने क्रम

जारी छ । हर्केको घर भने सुन्य देखिन्छ । दशै मनाउन छोराछोरीका लागि केही कपडाहरू किनिदिनका लागि हर्केकी श्रीमतीले साहिला साहुलाई भेट्न पठाउँछे । साहिला साहुकोमा गएर आफ्ना समस्याहरू बताउँछ । ऋण नतिरेसम्म आफ्नी श्रीमतीले घरमा बसेर काम गर्ने कुरा सुनाउँछ । यो कुरा सुनेर साहिला साहु मुसुक्क हाँसेर पैसा दिन राजी हुन्छन् । कुटिल साहिला साहुले एक हजार रूपैया दिएर हजारको पछाडि एउटा सुन्य थपेर तमसुक गराउछन् । पैसा पाएकोमा हर्के खुसी हुँदै घर जान्छ । हर्केकी श्रीमती र छोरी साहुकहाँ काम गरेर बस्छन् । दशवर्षसम्म पनि ऋण तिर्न नसकेको हर्केका श्रीमती र छोराछोरीको जिन्दगी साहिला साहुकै घरमा जान्छ । एक हजार लिएको पैसा व्याज र स्याज गर्दा चालीस हजार भएको र घरघडेरी खाली गराई गाउँ निकाला गर्ने साहिला साहुको उर्दी छ । हर्केका बुढाबुढी धुरुधुरु रुन्छन् । मरेतुल्य जीवन बिताइरहेका हर्केका बुढाबुढी बाहिर कि भित्र भन्ने नछुट्टिने अवस्थामा छन् । केही समयपछि दुईजना केटा आउदै गरेको हर्केले देख्छ र आफ्ना छोराहरू जस्तै को आए भन्दै बुढीलाई सुनाउँछ । आँगनको डिलमा उभिएर हरिमाया उनीहरूलाई नियाल्छे । नभन्दै रामे र पुन्टे हुन्छन् । उनीहरूलाई देखेर सबैमा खुसीयाली छाउँछ । भोलिपल्ट बिहानै साहिला साहु तमसुक बोकेर हर्केको घरमा आउँछ । व्याज स्याज सबैगरी पचास हजार साइलाको पैसा तिर्छन र बाजेलाई आफ्नो झुप्रातिर नआउन भनेर तमसुक खल्तीबाट झिकेर च्याति फालिदिन्छन् र कथाको अन्त्य हुन्छ ।

‘आइका’ कथामा म पात्र बिहान कलेज जाने र दिनभरी टुरिस्ट गाइड गर्ने कुरालाई कथावस्तु बनाइएको छ । म पात्र बिहान कलेज जान्छ र दिनभरी टुरिस्ट गाइडको काम गर्छ । गाइडमेनहरूको प्रतिक्षामा बसेका टुरिस्टहरूको रोजाइमा ऊ नै पर्छ । घरमा बुवा आमाले विहे गर्न आग्रह गर्छन् । म पात्र दिनै पिच्छे फरक देशका विदेशीहरूलाई गाइड गर्दा उसलाई प्राय देशको चालचलन, व्यवहार, शैली अधिकांश राज्य स्थान विशेषको बारेमा थाहा हुन्छ । शनिबार बिहानै मुक्तिनाथ क्षेत्रमा गएर घर फर्किदा आमा उसलाई कुरेर बस्छिन् । म पात्र अमेरिका जापानको टुरिस्ट म्यागजिन हातमा लिएर ओछ्यानमा पल्टन्छ ।

सनफ्रान्सिसकोबाट टोकियोका लागि क्याथे प्यासिफिक एयरलाइन्सको ७५७ उडान भर्न तयार भएको आफ्ना सामानहरू पोकापोकी पारेको, हस्याङ फस्याङ गर्दै दौडिएको, तीसहजार फिट नपुगेसम्म फोनहरू प्रयोग गर्न मनाही गरेका, शौचालयका ढोकाहरू बन्द गरिएको, इकोनोमी क्लासहरू भरिएको, कोही निद्रामा घुर्दै गरेको, इकोनोमी क्लासको क्याविनमा गोरो छाला चिम्सा आँखा सलक्क परेकी एयर होस्टेसहरू आर्कषक पोशाकमा

जहाजमा वरपर गरिरहेको, तिनीहरूमध्ये आइका नाम गरेकी सुन्दरी उसको नजरमा घुमिरहेकी, चिटिक्क परेकी मोतिजस्तै आदि कुराहरू सपनामा देखेको छ । म पात्रका आँखाले आइका आउने प्रतिक्षामा टुलुटुलु हेरिरहेका छन् । आइका म पात्रको नजरबाट टाढा पुग्छे । कल्पनामा म पात्र सीमित हुन्छ र ऊ छटपटिन्छ । बिहानपख आमाले उसलाई घचघच्याउँदा आइकाको सम्झनामा तड्पिन्छ र अन्त्यमा, आफ्नो नित्य कर्मतिर लाग्छ ।

'फेसबुके प्रेम' भिसा लागेको खुसीमा किरण गदगद् भएकोबाट कथा सुरू भएको छ । अन्तर्राष्ट्रिय संस्था मार्फत प्रशिक्षणमा सहभागी हुन किरण अमेरिका आउने भिसा प्राप्त गर्छ । ऊ भिसा लिएर आफ्ना साथीहरूलाई खुसीको खबर सुनाउछ । अमेरिका जाने खुसीमा साथीहरूलाई भोज खुवाउछ । श्रीमती र छोराछोरीहरू उसको बिदाइमा एयरपोर्टसम्म पुग्छन् । किरण अमेरिका पुगेको भोलिपल्ट प्रशिक्षण सुरू हुन्छ । तालिम सकिएपछि किरण न्यूयोर्कको झिलिमिली रातहरू हेर्छ र विभिन्न वारहरूमा रम्न थाल्छ । त्यहाँ उसका क्याम्पसका सहपाठीहरू र गाउँका साथीहरूसँग भेट हुन्छ । किरणलाई उसका साथीहरूले नेपाल नफर्केर अमेरिकामै बस्न आग्रह गर्छन् । किरण पनि साथीहरू र श्रीमतीको सल्लाह अनुसार अमेरिकामै वस्छ । अमेरिका बस्दा किरण छोराछोरी र श्रीमतीलाई धेरै सम्झन्छ । छोराछोरी र श्रीमतीसँगको विछोडमा किरणको जीवन अमेरिकामा कष्टकर र पीडादायक बन्दै जान्छ । टाइमपासका लागि किरणले फेसबुकमा थुप्रै साथी बनाउछ । बिस्तारै किरण अधिकांश समय च्याट गर्नमा नै बिताउन थाल्छ । केहीसँग मायाका कुराहरू पनि गर्न थाल्छ । पछि बिस्तारै किरणको मेनकासँग सम्बन्ध बढ्दै जान्छ । मेनका लिटिल एन्जल्सको विद्यार्थी हुन्छे । मायामा परिसकेपछि किरण बिस्तारै छोराछोरी र श्रीमतीलाई बिर्सदै जान्छ । मेनका र किरणको फेसबुकको मायाप्रेममा बढ्दै गएपछि किरण नेपाल आउने र मेनकालाई विवाह गरी उतै लैजाने झुटा आश्वासन दिन्छ । उता मेनका किरणसँगको प्रेममा परेपछि पढाइ बिगारेर एस.एल.सी. परीक्षा उत्तीर्ण हुन सक्दिन । किरण नेपाल आउने आशामा उसको दिनहरू बित्दै जान्छन् । एक वर्षपछि किरण एक हप्ताका लागि नेपाल आउछ । छोराछोरी र श्रीमतीसँग भेटघाट हुन्छ । समय मिलाएर मेनकालाई सुन्धाराको लजमा भेट्छ । आमा बिरामी भएकोले आएको र छिटै जाने हतार भएकाले मेनकालाई ६ महिनापछि आएर विवाह गर्ने आश्वासन देखाउछ । मेनकासँग रोमान्स गरेर किरण अमेरिका फर्किन्छ र मेनकासँग च्याटमा दिनहरू बिताउँछ । केही समयपछि किरणका छोराछोरी र श्रीमती अमेरिका जान्छन् । त्यसपछि मेनकासँग फोन र च्याट कम गर्दै जान्छ र अन्ततः

मेनकासँग सम्पर्क बन्द गर्छ । फोन नम्बर पनि परिवर्तन गर्छ । यता मेनकाको किरणसँग विवाह गर्ने सपना भने चकनाचुर हुन्छ र छोरी जन्माएर कष्टकर जीवन बिताउन बाध्य हुन्छे ।

'अङ्गुरको रस' कथाको सुरूआत पुजारीबाजे एक दुई हप्ता बिराएर मेरो घर आइरहन्थे भन्ने वाक्यबाट भएको छ । पुजारी बाजे म पात्रको घरमा प्रायः आउने गर्छन् । नेपालीहरू जहाँ पुग्छन् र त्यहाँ धर्म, संस्कृति, परम्परा र रीतिरिवाज प्रायः सँगै लगिएको कुरा उल्लेख छ । नेपालीहरू जहाँ भएपनि पुजाआजा, दान दक्षिणा, सामाजिक साँस्कृतिक कामहरू, मन्दिर निर्माण आदि कार्यहरू गर्न पछि पर्दैनन् । नेपालीहरूको संख्या यस क्षेत्रमा उल्लेख्य भएकोले मन्दिर बनाउने छलफल चल्छ र महापुराण लगाउने योजना बन्छ । महापुराणमा सम्पूर्ण भक्तजनहरू जान थाल्छन् । चाडपर्वमा पूजा आजा गर्न थाल्छन् । पुराणका लागि पण्डितहरू नेपालबाट झिकाएमा एउटा पुजारी नियमित रूपमा मन्दिरमै रहने निर्णय हुन्छ र दैनिक खर्च मन्दिर व्यवस्थापनले बेहोर्ने निर्णय हुन्छ । मन्दिरमा बस्ने पुजारी विदेशमा रहँदा त्यहाँको विभिन्न राज्यहरूमा जाने गर्छन् र उनी व्यस्त रहन्छन् ।

श्रीमती र परिवार अमेरिका ल्याउने सपना दिन दिन बिलाउँदै जान्छ । परिवारसँग छुटिएर बस्नुपरेको पीडा र रोदनले उनलाई सताउछ । उनी जति नै मन्दिर पुजाआजा र धार्मिक कार्यहरूमा व्यस्त रहेपनि उनको परिवार आउन नपाउने निश्चित भएपछि उनी दिनदिनै बिचलित हुदैजान्छन् र घर फर्कने वा यतै केही समय प्रतिक्षा गर्ने भन्नेमा उनी दोधार मनस्थितिमा रहन्छन् । यी दिनहरू अगाडि बढ्दै जान्छन् र पुजारी एकदिन म पात्रको घरमा आएर प्वाइन माग्छन् । म पात्रलाई प्वाइन भनेको थाहा नहुँदा अलमलमा पर्छ र बाजे आफै वाइन हो नदेखिने गिलासमा भएकोले यसलाई प्वाइन भन्ने गरेको कुरा व्यक्त गर्छन । उनको विदेश बसाई एकदमै पीडादायक भएकोले उनी प्वाइन खाएर धुरुधुरु रुन्छन् । त्यसपछि उनी कहिल्यै भेटिदैनन् र कथाको अन्त्य हुन्छ ।

'द लास्ट म्यान एट द होटेल' कथा राजीवको शपथका लागि इस्ट कोस्ट पुगेको देखि सुरू भएको छ । चुनावमा आफ्नो उम्मेदवारलाई जिताउन विभिन्न संघसंस्थाहरू लागे पनि चुनाव चाहिँ राजीवले जित्छ । उसलाई विभिन्न माध्यमहरूबाट बधाइ र शुभकामना सन्देशहरू आइरहन्छन् । शपथ ग्रहणको कार्यक्रम डिसीमा नै हुन्छ । राजीवलाई त्यहाँ जाँदा भेट्ने र बधाइ दिनेको भिडभाड हुन्छ । राजीव होटेलमा बस्छ । त्यहाँ उपस्थित सहभागीहरूले उसलाई न्यानो स्वागत गर्छन र सबैजना डिनर खाने सल्लाह हुन्छ ।

राजीवलाई त्यहाँ बस्ने नेपालीहरूले आफ्नो घरमा बस्न आग्रह गर्दै फोन र म्यासेज आइरहन्छ भने अर्कोतिर राजीव र बन्दना स्कूले साथी भएकोले राजीव डिसी आउने खबरले ऊ हर्षविभोर हुन्छे । डिभोर्स भएको ५ वर्ष बितिसकेकी बन्दनाले राजीव आउने आशामा छुट्टि लिएर परिकारहरू बनाउँदै घरमा बस्छे । राजिवको आगमनको स्वागतका लागि बन्दना सबैतिर सरसफाई गरेर चिटिक्क बनाएर बस्छे । उसकै छेउमा बसेर उसैसँग खाने चाहनाले बन्दना केही पनि नखाएर राजीवकै प्रतिक्षामा बस्छे । यता राजीव भने व्यस्त भएर आउन पाउँदैन । अबेरसम्म उसैलाई कुरेर बसेको बन्दनाको चाहना चकनाचुर हुन्छ र खाना नखाएर भोकै सुत्छे । अर्को दिन पनि ऊ राजीवकै प्रतिक्षामा बस्छे र घरीघरी म्यासेज छाड्छे । राजीव त्यो दिन पनि आउन नभ्याएकोले राजीवलाई भेट्ने र वर्षौ देखिको प्यास मेट्ने उसको चाहना अधुरै रहन्छ । राजीव अर्को दिन बन्दनालाई होटेलमै बोलाउँछ र अरूसँग भेट्न चाहदैन । दिनभरी होटेलमा बस्छ । बन्दना उसलाई भेट्न आउँदिन र राजीवले त्यो दिन होटेलमा एक्लै हुन्छ र कथाको अन्त्य हुन्छ ।

'खाडी बसाइको मूल्य' खाडीमा दुःख गरेर श्रीमतीलाई सहरमा राख्ने अनि ऊ घर फर्कने बेलामा श्रीमतीले उसलाई छाडेर अन्तै भाग्नेहरूको कथा हो । यस कथाका पात्र राजन र राजेशसँगै स्कूल पढ्ने साथीहरू हुन् । उनीहरूले एस.एल.सी.जाँच दिएर बसिरहेका हुन्छन् । एकदिन रेडियोले एस.एल.सी.को रिजल्ट आएको खबर फुक्छ । राजनका बाले त्यो खबर सुनाउछन् । उनीहरू रिजल्ट हेर्न दमौली जान्छन् । उनीहरूका साथी सबै पास हुन्छन् तर रायन भने हुँदैन । पास भएपछि राजन र महेश काठमाडौँ जाने सल्लाह गरेर त्यहाँ जान्छन् । माओवादी जनयुद्ध चर्किरहेकाले राजेश र रायन जनसेनाका सक्रिय सदस्य रहेको कुरा तनहुँ प्रशासनलाई थाहा हुन्छ भनी उनीहरू काठमाडौँ आएर पढ्न थाल्छन् । राजेश र राजन रत्नराज्यलक्ष्मी क्याम्पसमा भर्ना हुन्छन् । देशमा जनयुद्ध चल्दै थियो । देशका विभिन्न ठाउँहरूमा माओवादीले आक्रमण गरिरहेका हुन्छन् । राजेश र रायन पनि माओवादी भएकाले उनीहरूको खोजी हुन्छ । क्याम्पसमा छापा मारिन्छ । उनीहरू यसबाट बच्नका लागि अरब जाने निर्णय गरेर विवाह गरी श्रीमती घरमा छाडेर अरबतिर लाग्छन् । अरबको गर्मीमा पसिना बगाएर श्रीमतीलाई काठमाडौं कोठा भाडामा राख्छन् । त्यहाँको कमाइ जति सबै बुवाआमालाई नदिएर उनीहरूलाई पठाउँछन् । यता श्रीमतीहरू भने अर्कैसँग सल्किन्छन् । अन्त्यमा उनीहरू वर्षौपछि घर आउन लाग्दा अर्कै केटाहरूसँग भागेर जान्छन् ।

उनीहरूको हातमा न त दुःखले कमाएको पैसा हुन्छ न त श्रीमती नै रहन्छिन् र कथाको अन्त्य हुन्छ । यसरी बालुवामा पोलिँदै कमाएको पसिना र मेहनत खेर जान्छ ।

'कुलतले भत्काएको घर' नेपाली भाषा र संस्कृतिका विरुद्ध भुटान सरकारले नेपाली मूलकाहरूको घरमा अपरेसन गरेसँगै कथाको सुरूआत हुन्छ । भुटान सरकारले नेपालीहरूमाथि दमन गरेको हुनाले त्यस खालको दमन सहन नसकेर नेपाली मूलका भुटानीहरू गाउँ छाड्न बाध्य भएर सयौं परिवार भारत हुँदै तिमाइ नदीको किनारमा आइपुग्छन् । उनीहरूको यो अवस्थालाई नेपाल सरकार, संयुक्त राष्ट्रसंघ र विभिन्न दातृ निकायहरूले सहयोग गरेर त्यहाँ क्याम्प खडा गरिन्छ र जाडोबाट बच्नका लागि बस्ने, खाने, एकसरो कपडा र ब्ल्याङ्केटको व्यवस्था गरिन्छ । यिनै मध्येको लक्ष्मीकान्त बा, आमा र भाइबहिनी छोडेर पढ्नका लागि विराटनगर जान्छ । बीस वर्षपछि क्याम्पका मानिसहरूलाई विदेश पठाउने हल्लीखल्ली भयो र उसको परिवारलाई अमेरिका ल्याउने निर्णय भएर केही महिनामै सपरिवार अमेरिका उड्छन् । लक्ष्मीकान्तले मासु काट्ने कम्पनीमा काम पाउँदा उसका सासु ससुरा पनि केही समयपछि जर्जिया आइपुग्छन् । क्याम्पमा बस्दा धेरै स्याहार सुसार नपाएकी लक्ष्मीकान्तकी आमाको केही समयमा मृत्यु हुन्छ । उसकी श्रीमती नन्द, देवर, छोराछोरी र ससुरा स्याहार्दै बस्छे । परिवार ठूलो भएकोले उसलाई मुस्किल हुँदै जान्छ । पछि निर्मलाले पनि काम गर्न थालेपछि उसलाई सजिलो हुन्छ ।

ड्राइभिङको काम सिकेपछि राम्रो कमाइ हुने भएकोले ड्राइभिङ तालिम लिन थाल्छ । ड्राइभिङमा लागेपछि उसको जिन्दगी हाइवेमा बित्न थाल्छ । त्यता लागेपछि ऊ वर्षमा एकचोटी मात्र घर आउने भएकोले निर्मलाका दिनहरू कष्टकर बन्दै जान्छन् । नन्द, देवर, ससुरा, छोराछोरी यी सबै झन्झटबाट मुक्ति पाउन निर्मला माइत जान्छे भने उता लक्ष्मीकान्त अत्यधिक चुरोट र रक्सी पिउन थाल्छ । यी सबै कुरा निर्मलाका कानमा पर्छन् । आफूलाई पैसापनि नदिन बाहिर रोमान्स गर्ने व्यवहार देखि आजित भएर उसले घर लिलाममा राखेर बिक्रि गर्छे । ६ महिनापछि लक्ष्मीकान्त घर फर्कदा घर बिक्रि भइसकेको, बा छिमेकीकोमा बसेको र छोराछोरी सहित निर्मला माइत बसेकी हुन्छे र उसले डिभोर्सका लागि अदालतमा मुद्दा दायर गर्छे । लक्ष्मीकान्त निर्मलाको माइत जाँदा उसलाई छोराछोरी र श्रीमतीसँग भेट्न त के उनीहरूको नजिकपनि जान नपाइने आदेश अदालतको हुन्छ । रक्सीका कारण बुढेशकालमा बाको बिजोग हुन्छ भने उसलाई ६ महिना जेल र दश हजार

जरिवानाको निर्णय हुन्छ । छ महिनाको जेल जीवन र दश हजारको जरिवाना तिर्ने सर्तमा मुक्त भएको लक्ष्मीकान्तको जाने ठाउँ कतै हुँदैन । अदालतको परिसरबाट आँखाभरी आँसु लिएर बाहिरिन्छ । रक्सी र चुरोटका कारण छोराछोरी र श्रीमती गुमाउन पुग्छ । बाँकी जीवन ट्रक चलाएर बित्छ । अन्त्यमा, एड्स लागेर उसको दुखद् मृत्यु हुन्छ ।

'पीडामय दाम्पत्य जीवन' कथा ऐया ऐया माऱ्यो माऱ्यो भन्दै मध्य रातमा रुवाबासी चलेसँगै सुरूआत हुन्छ । रक्सीको तालमा बाले आमालाई कुटेको भन्दै जगदीशले दाउरा समाउँछ । राजेश्वरले आमालाई समाएर खोपीतिर लिन्छ । रातीमा रोइकराइ गरेको सुनेर गाउँलेहरू त्यहाँ आइपुग्छन् । सात वर्षीया छोरी चन्द्रमायाको बिहे लायकको केटासँग गरिदिने बुवा आमाको धोको अनुसार भैरवलालका नौ वर्षीय छोरासँग उसको बिहे हुन्छ । घर हुने खाने र जग्गा जमिन प्रसस्तै भएकोले वुद्धिराम र श्रीमती छोरीको भविष्य सुखमय हुनेमा ढुक्क हुन्छन् । फागुन महिनामा चन्द्रमायाको विवाह धुमधाम साथ गरगहना, धनमाल सहित गरिदिन्छन् । सात वर्षको उमेरमा विवाह भएर गएकी चन्द्रमायालाई घरमा खेतीपाती, गाइभैसी, सासु ससुराको स्याहार गर्नुपर्ने हुन्छ । बिहानै उठेर नित्यकर्म गर्नुपर्ने हुँदा ऊ निकै दुःख पाउँछे । गङ्गे ठूलो हुँदै जान्छ । चन्द्रमायाले छोरो जन्माउछे । गङ्गे घरमा औंशी पुर्णिमा जस्तै झुल्किन थाल्छ । ऊ जुवाडे साथीहरूको सङ्गतले आफूपनि रक्सी खाने र जुवा खेल्ने लतमा परिसकेको हुन्छ ।

बाहिरी संसारमा रमिसकेको गङ्गे एक दुईदिन घर बस्छ र घरबाट बाहिर हिडिहाल्छ । छोराछोरी, खेतीपाती एक्लै चन्द्रमायाले स्याहार सुसार गर्छे । उसका बुवा आमा भारतको चारधाममा गएका बेला उतै प्राण त्याग गर्छन । सम्पूर्ण घरायसी व्यवहार चन्द्रमाया माथि भएकोले ऊ दिनदिनै कमजोर हुँदै जान्छे । गङ्गे भने जुवातास र रक्सीको लतमा चुर्लुम्म डुबिसक्छ र घरमा भएका सम्पूर्ण सम्पत्ति, खेतबारी अर्कैको नाममा गरिसक्छ । सबैथोक बेचिसकेपछि भट्टीमा रक्सी खाइ घरमा आएर श्रीमतीसँग झगडा गर्छ । धनीका छोरासँग बिहे गरेपछि छोरीले सुख पाउली भन्ने बुद्धिरामको सपना पनि सिसा झैं फुट्छ । जुवातासको लतले गङ्गे दिनदिन कमजोर भएर थला पर्छ । उसलाई टिबी रोगले समात्छ । उपचारको लागि पैसा नभएकोले तीन महिनापछि गङ्गेको मृत्यु हुन्छ र चन्द्रमायाको जीवन बडो कष्टकर बन्छ ।

'पानाको देशमा कष्टकर जीवन' कथा हुलाकीले चिठी ढोकाबाट खसालेर गएबाट आरम्भ हुन्छ । वसन्तको श्रीमतीले चिठी खोल्ने फूर्सद नपाएकोले साँझ वसन्त अफिसबाट

आएपछि श्रीमानलाई दिन्छे । वसन्त अफिसमा अरू कर्मचारी नभएकाले एक्लै फत्फताउँदै गरेको हुन्छ । श्रीमतीले चिठी दिनसाथ सबै चिठी खोतलेर हेर्छ र एउटा चिठी अमेरिकन एम्बेसीवाट आएको हुन्छ । वसन्त सुरूमै त्यही चिठी खोल्छ र त्यो चिठी वसन्तको डिभी परेको चिठी हुन्छ । त्यो देख्दा वसन्त र उसकी श्रीमती एकदमै खुसी हुन्छन् । निशा खुसी हुँदै अमेरिका भन्ने मुलुक कस्तो रहेछ र सबैलाई तानिसक्यो हामी पनि अव अमेरिका जाने भयौं है बुढा भन्छे । अमेरिका जानका लागि सम्पूर्ण प्रक्रियाहरू पार गरेर वसन्त छोराछोरी र श्रीमती सहित अन्तर्वार्ता दिन अमेरिकन राजदुतावास जान्छ ।

आफू अमेरिका जाने खुसीयालीमा वसन्तले केही लत्ता कपडा किन्छ र आफन्तजनहरूलाई भोज पनि खुवाउँछ । भोलिपल्ट एघार बजेको उडान भएकाले सबै आफन्तहरू उसलाई बिदाई गर्छन् । विभिन्न ठाउँ हुँदै लसएन्जल्स पुगेको वसन्तलाई उसको साथी रविनले आफ्नो घरमा लिन्छ । वसन्त लामो यात्राको थकाईले दुई दिनसम्म आराम गर्छ र दुई दिनपछि रविनले परिचयपत्र, सोसल सेक्युरिटी कार्ड, बैंक खाता आदि खोलिदिने सहयोग गर्छ । रविनले वसन्तका लागि वरपर काम खोज्यो तर कतै भेटिएन । आर्टिसिया भन्दा अलि पर एउटा इण्डियन रेष्टुरेन्टमा हेल्परको काम पाउछ । रेष्टुरेन्टमा काम गर्न थालेपछि उसलाई आफू नेपालमा सुब्बा भएर अरूलाई थर्काएर बसेको त्यहाँ अरूको हातबाट गाली खानुपर्ने गुनासो श्रीमतीसँग गर्छ । वसन्त आफू बस्ने ठाउँबाट काम गर्ने ठाउँ टाढा भएकाले गाडी किन्ने सोच गर्छ र डाउनपेमेन्टमा पुरानो मोडलको गाडी किन्छ । निशा पनि गाडी चलाउन जान्ने भएपछि अलि राम्रो ठाउँमा काम गर्ने कति हात पोलेर बस्नु भनेर सुझाव दिन्छे । वसन्तले गाडी चलाउन सिके पश्चात लाइसेन्सको परीक्षा उत्तीर्ण भएपछि अस्थायी सवारी चालक अनुमतिपत्र प्राप्त गर्छ ।

अमेरिकाको सडक माकुराको जालोजस्तै भएकाले गाडी चलाउन सजिलो हुँदैन । ऊ बिस्तारै बिस्तारै गाडी चलाउन अभ्यस्त हुने कोशिस गर्छ । जिपिएसको सहाराले ऊ विभिन्न ठाउँमा पुग्छ । जिपिएसको प्रयोगले प्रायः हाइवे बाटो जानुपर्ने भएकाले ऊ कस्मान हाइवेमा पुग्छ । हाइवेमा छिरेपछि सात आठ लेनको व्यस्त सडक देखेर उसको होसहवास नै उड्छ । ऊ बाटो छेउमा आउने प्रयास गरेर लेन चेन्ज गर्दा गाडीहरू नआएको वेला हेरेर गर्नुपर्नेमा आत्तिएर यतिकै लेन चेन्ज गर्नपुग्छ । वेगमा आएको मालबाहक ट्रकले उसको गाडीलाई ठक्कर दिन्छ र ऊ सडक किनारामा उत्तानो हुनपुग्छ । यसरी उसको मृत्यु हुन्छ ।

उसको मृत्युपछि निशा र उसकी छोरी एक्लै हुन्छन् । छोरीको भविष्यका लागि निशा नेपाल नआउने निर्णय गर्छे र उतै सङ्घर्ष गरेर बस्न थाल्छे ।

'हुनेवाला ज्वाई' नेपालबाट चलचित्र निर्देशक आइपुगेका र उसलाई विभिन्न पर्यटकीय र रमणीय स्थल घुमाउन रघुको परिवार व्यस्त रहेको कुरावाट कथाको आरम्भ भएको छ । निर्देशक चलचित्र निर्माणका लागि अमेरिका गएको र नेपाली चलचित्रको अमेरिकी बजारमा विकास र विस्तार गर्ने योजनामा रहेको कुरा उल्लेख छ । यसमा निशालाई मुख्य पात्रका रूपमा राख्ने प्रस्ताव गर्छन् । रघुले यो कुरा सहजै स्वीकार गर्छ । सनिबार र आइतबारका दिन छुट्टी हुने भएकोले रघु र निर्देशक केटाकेटीहरू सहित बगैंचा, पार्क, चिडियाखाना आदि ठाउँहरूमा छायाङ्कन गर्न व्यस्त हुन्छन् । निशा हेर्नमा सुन्दर भएकाले उसलाई चलचित्रको नायिका बनाउने सोच निर्देशकको रहेको कुरा सुनेर निशाका घर परिवार खुसी हुन्छन् ।

निर्देशक काठमाडौँ फर्केपछि सन्तोषलाई नायकको भूमिकामा खेलाउने निर्णय गर्छ । स्कूलमा पढ्दै गर्दा गर्लफ्रेन्ड बनाइसकेको सन्तोषले यौन अनुभव पनि लिइसकेको छ । चलचित्र झल्कोको छायाङ्कन सुरू भएसँगै निशा र सन्तोष प्रेम सम्बन्ध जीवन गाथा आदिका कथा पटकथाहरूमा अभिनय गर्दै जान्छन् । चलचित्र छायाङ्कन भएपछि रघु अमेरिका जान्छ । चलचित्र डबिङका लागि निशा र सन्तोष कैयौ दिन होटेलमा बस्नुपर्छ । त्यहा बस्ने क्रममा निशा र सन्तोष यौन तृप्ति पूर्ति गर्छन् । चलचित्र निर्माण भएपछि निशा अमेरिका फर्कन्छे ।

सन्तोष पनि अमेरिका पढ्न जाने प्रक्रिया पुरा गरेर अमेरिका जान्छ । क्रिसमसको लामो बिदामा सन्तोष निशाको घरमै जान्छ । रघुको घरमा रवर्ट नामको पेइङ गेष्ट पनि बस्छ । सन्तोषले निशालाई जिस्काएको उसलाई मन पर्दैन । निशाको महिनावारी रोकिएको केही दिन बितेको हुन्छ । यसै क्रममा छुट्टी सकिएर सन्तोष जान लाग्दा रघु र अम्बुले हुनेवाला ज्वाईलाई उपहार दिएर पठाउँछन् । एयरपोर्ट छिर्नु अघि रघुले निशा र सन्तोषको बिहेका बारेमा घरमा बुवासँग सल्लाह गर्न भन्छन् र छिट्टै विवाह गरिदिने प्रस्ताव गर्छन् । सन्तोष होस्टेलमा पुगेर साँझपख बुवालाई फोन गर्दा उसका बुवाले मन्त्रीको छोरीसँग बिहे गर्ने टुङ्गो लागेको खबर सुनाउछन् । लगन माघ महिनामै भएकाले सन्तोष पर्सिपल्ट नेपाल फर्कन्छ र त्यसदिन देखि सन्तोषको फोन स्वीच अफ हुन्छ । उता निशा गर्भवती भएर पेटको भ्रुणलाई दिनदिनै हुर्काउदै जान्छे । सन्तोष भने लाखौं लाख खर्च गरेर धुमधामसँग

बिहे गरेर यतै बस्छ र अमेरिका नर्फकने निधो गर्छ । उता निशाका बुवा आमा हुनेवाला ज्वाई आउलान् र छोरीको बिहे गरौँला भन्दै बाटो हेरेर बसिरहन्छन् तर हुनेवाला ज्वाई कहिल्यै नफर्केर कथाको अन्त्य हुन्छ ।

'किड्स ड्याड' कथा तानिया एउटा ग्रोसरी स्टोरमा काम गर्दै थिइ बाट प्रारम्भ भएको छ । यस कथामा तानिया नाम गरेकी पात्र बाल्यकालदेखि नै टुहुरी छ । तानियाको काम गर्ने स्टोर घर नजिकै भएकाले उसलाई छोराछोरीहरू पटक पटक भेट्न आइरहन्छन् । जेठी र माइली छोरीले विवाह गरेर बच्चा जन्माइ सकेका छन् भने कान्छी छोरी व्वाइफ्रेन्डसँग हेलमेल भएकोले गर्भवती भएकी छ । मारियाको घरमा चाडपर्व आउँदा मारियाका दिदिहरू सबैजना तानियालाई भेट्न आउँछन् र अपार्टमेन्टमा रमाइलो गर्छन् । तानियाको व्वाइफ्रेन्ड प्रायः साँझ तानियाको घरमा आउछ । तानियाको १७ वर्षे छोरो पनि कहिलेकाही आमालाई भेट्न आउछ । जोनको बुवा पनि कहिलेकाँही स्टोरमा आउँछ र उसलाई चुरोट दिन्छ । तानिया उसलाई *हि इज माइ किड्स ड्याड* भन्छे । तानियाका छोराछोरीहरू उसलाई भेट्न आउँदा तानिया जहिले पनि उसको पूर्व पतिलाई सोधिरहन्छे । उनीहरूको साथमा कहिलेकाँही तानियाको ब्वाइफ्रेन्ड पनि जान्छ । एलिना आफ्नो छोरा ड्यानियलसँग छोडेर जान्छे । एकदिन छोरालाई ड्यानियलसँग छोडेर एलिना न्यू इयर मनाउन लसभेगास जान्छे । जानेबेला तानियाले सोध्छे *हि इजन्ट गेट म्याड एलिना डिड यु गो भेगास?* र एलिनाले तानियाको जवाफमा *हि इज जस्ट माइ किड्स ड्याड* भन्छे र कथाको अन्त्य हुन्छ ।

'कर्णेलको छोरो' व्रिटिस गोर्खा आर्मीको छनोटका लागि गल्लावाला पोखरा आइपुगेकोबाट कथाको सुरूआत हुन्छ । त्यो समूहमा हर्कमान सहित अन्य थुप्रै युवाहरू पनि पोखरा आउछन् । थुप्रै युवाहरू छनोट हुन्छन् र कैयौ युवाहरू निराश बनी घर फर्किन्छन् । छनोटमा सफल नभएकाहरू खाडीतिर जान्छन् भने वुद्धिमान, गुञ्जमान, कुलमान आदि अर्को वर्ष छनोटमा सहभागी हुने निर्णय गरेर घर फर्किन्छन् । यहाँ छनोट भएर घर छोडेर जानुपर्दाको पीडा चित्रण गरिएको छ । ऊ जहाजबाट दिल्ली हुँदै लण्डन पुग्छ । आफू सकुशल उता पुगेको खबर घरमा श्रीमती र आमालाई पत्रमार्फत पुऱ्याउँछ । सैन्य तालिममा गुञ्जमानसँगै हितमान र कुलवीर परेकाले उनीहरू भेट भएको बेला रमाइलो मान्छ । तालिम सकिएपछि गुञ्जमान अफगानिस्तानको अपरेसन ग्रुपको लिडर भएर जान्छ । उता युद्धमा थुप्रै मानिस पर्दा गुञ्जमान शत्रुबाट लुक्दै बच्छ । केही महिनाको अन्तरालमा

ऊ घर आउने बिदा स्वीकृत हुन्छ । हर्कमान घर आएको देखेर आमा र श्रीमती खुसीले गद्गद् हुन्छिन् । यता घरतिर श्रीमती गर्भवती हुन्छे यो खबरले गुञ्जमान खुसी हुन्छ । हर्कमान लडाकु परिश्रमी, हृष्टपुष्ट र फूर्तिलो भएकाले उसको बढुवा हुँदै जान्छ । घरमा अनिताले छोरा जन्माउछे । छोरो जन्मेको खबरले हर्कमान खुसी हुन्छ र यसको खुसीयालीमा व्यारेक र घरमा भोजको आयोजना हुन्छ । गाउँमा सुविधा नभएकोले गुञ्जमानले आमा र श्रीमतीको सुविधाका लागि पोखराको अमरसिंह चोकमा घडेरी किनेर घर बनाउँछ । छोरा मान गुरुङ ठूलो भएकाले उसलाई अमरसिंह मा.वि.मा भर्ना गरिन्छ । त्यहाँ प्रायः लाहुरेका छोराछोरीहरू पढ्छन् । लाहुरेका छोराछोरीसँग आफ्नो छोरा पढ्न पाउँदा उनीहरू दुबैजना खुसी हुन्छन् । लाहुरेका छोराछोरीलाई घरबाट खाजा खर्चबापत पैसाको अभाव हुँदैन । त्यो पैसाले बिस्तारै उनीहरू चुरोट, खैनी, गाँजा र रक्सीको अम्मल तर्फ लाग्न थाल्छन् । शिक्षकहरू माथि हातपात गर्न थाल्छन् । हुँदा हुँदा ग्याङ फाइटर हुन्छन् । ग्याङ लिडर गुञ्जमानको छोरा हुन्छ । एकपटक उसले ट्याक्सी चालकमाथि हातपात गरेर लुटपाट गर्छ । उसको यस्तो व्यवहार देखेर स्कूलले निष्कासन गर्छ । छोराको यस्तो पारा थाहा पाएर गुञ्जमान छाँगाबाट खसेजस्तै हुन्छ । गुञ्जमानले वास्तविकता बुझ्न खोज्दा छोरा घरबाट निस्कन्छ र कहिल्यै घर फर्कदैन । छोराको प्रगति हेर्ने गुञ्जमानको रहर रहरमै सीमित हुन्छ । यत्तिमै कथाको अन्त्य हुन्छ ।

'रक्सीमा डुबेको जीवन' कालो गाडी घर नजिक आएर टक्क अडिएसँगै कथाको सुरूआत हुन्छ । आकाश भुटानमा जन्मेर नेपाल बस्न आएको हुन्छ । भुटानी शरणार्थीहरू दुईहजार दशको दशकमा विभिन्न मुलुकमा गएर बसेका हुन्छन् । आकाश असल व्यवसायी हुन्छ । यतिमात्र नभएर ऊ लेखक, गीतकार, रेडियोकर्मी तथा सामाजिक अभियन्ता पनि हो । उसको उपस्थिति समाजमा विशिष्ट खालको रहेको छ । आक्लोहामामा आयोजित साहित्यिक संस्कृति अनुष्ठानमा उसको उपस्थिति आश्चर्यलाग्दो हुन्छ । चञ्चले, आक्रामक र विद्रोही स्वभावको ऊ मानसिक अवस्थामा पनि जटिल बन्दै गएको हुन्छ । अत्यधिक मादक पदार्थ सेवनले ऊ छिनछिनमा रिसाउने झर्कने गर्छ । मादक पदार्थ सेवनका बेला ऊ जथाभावी गर्ने गर्छ । त्यही कारण उसले धेरै पटक जेल सजाय पनि भोगिसकेको छ । रक्सीको लत छुटाउन परिवारले भने प्रयास गरे पनि सक्दैनन । उसलाई नशाको लतबाट छुटाउन परिवारले अनेक प्रयास गरेपनि सफल हुन सक्दैनन र उनीहरूको प्रयास असफल हुन्छ । दिन प्रतिदिन उसको इज्जत प्रतिष्ठा घट्दै जान्छ र समाजको दृष्टिमा ऊ घृणित

बन्दै जान्छ । उसको यो क्रियाकलापले श्रीमती पनि माइत गएर बस्न थाल्छे । उसले ससुरालीबाट पनि घृणा र अपहेलना मात्रै पाउँछ । श्रीमती र सन्तान घर छोडेर गएपछि उसलाई असह्य हुँदै जान्छ । आकाश दिनानुदिन एक्लै बन्दै जान्छ । त्यतिमात्र नभएर उसको जागिर पनि जान्छ । जागिर गुमेपछि उसको आर्थिक अवस्था पनि दिन प्रतिदिन जीर्ण बन्दै जान्छ । घरमा पनि ताला लाग्छ । घर नभएपछि डेरा सर्दै बस्न थाल्छ । ऊ वेदनाले छट्पटिएको आवाज फेसबुकका वालभरी छरपष्ट देखिन्छ । त्यस्तै गीतहरू, क्यानभासहरू पनि वैराग्य र विछोडले भरिएका हुन्छन् । मर्मस्पर्शी गीत लेखिएको पाना सिरानीमा राखेर ऊ संसारबाट सधैंका लागि बिदा हुन्छ र कथाको अन्त्य हुन्छ ।

'जोन, जसिका र जेकव' कथाको आरम्भ *जेकव फुटवल खेल्न मन पराउँछ* बाट भएको छ । जेकब बा आमाले बुढेशकालमा जन्माएको एक्लो छोरो हुन्छ । जसिका र जेम्सको उमेर ढल्नै लाग्दा उनीहरू विवाहमा बाँधिन्छन् । जोन एयरफोर्स एकेडेमीमा काम गर्छ । ऊ कामको सिलसिलामा विभिन्न देशहरूमा जान्छ । जसिकाको एकै ठाउँ धैर्य गरेर बस्ने बानी हुँदैन । जसिकाका साथीहरू सधैँजसो उसको घरमा आयोजना हुने विभिन्न पार्टीहरूमा सहभागी भइरहन्छन् । पार्टीमा सधैँजसो रक्सी जाँड भाङ, कोकिन आदि हुन्छ । उनीहरू मादक पदार्थको नशाले छोएपछि लाज घिन सबै हराएर बस्छन् । जसिकाको जीवन यसैगरी बितिरहेको हुन्छ । ऊ विभिन्न ठाउँमा जागिर गर्दा टिक्न सक्दिन । उसले फेरी बैंकमा काम सुरू गर्छे । त्यहाँ हुँदा बैंकका हाकिम कायलसँग डिस्को जान थाल्छे र डिस्कोबाट अबेर घर फर्कने उसको दैनिकी नै बन्छ । कायलको बिहे केही समय अघि मेघनसँग भएको हुन्छ । कायलको स्वभाव पनि थरिथरीका केटीहरूसँग लाग्न थालेको हुन्छ । यता इन्सुरेन्समा काम गर्दा जसिका गर्भवती हुन्छे तर उक्त बच्चाको बाउ को हो भन्ने कुरा जसिकालाई पत्तै हुँदैन । डि एन ए परीक्षणका लागि जोसेफ, बेञ्जामिन, डेभिड, रिचार्ड, थोमस आदि सबै अस्पताल झिकाइन्छन् र परीक्षण पछि जोसेफ बावु भएको पत्ता लाग्छ । छोरी भिक्टोरिया र कायलको उमेर झण्डै पचासको हाराहारीमा हुन्छ । कायल एक्कासी बेपत्ता हुन्छ र बैंकमै काम गर्ने केटीलाई भगाएको हल्ला चल्छ । यो खबरले जसिका बिचलित हुन्छे । केही समयपछि जेम्सको प्रवेश हुन्छ । जेम्सलाई जसिकाले विशेष हेरचाह गर्छे । वारको धन्दा सकिएपछि जोन जसिकालाई लिन आउछ । यो क्रम निकै लामो चल्छ । केही समयपछि जोनले जसिकालाई बिहेको प्रस्ताव राख्छ । जसिकाले पनि हुन्छ भनेर टाउको हल्लाउछे । आफ्नो रीतिरिवाज अनुसार उनीहरूको विवाह चर्चमा हुन्छ । जोन

परिवार, साथी, छोराछोरी, भिक्टोरिया आदि सबै बिहेको रात्रीभोजमा सहभागी हुन्छन् । बिहे भएको अर्को वर्ष जोन र जसिकाबाट छोरो जन्मिन्छ । दुबैको नामबाट सृजना हुने नाम जेकव राख्छन् र उसको जन्मपछि सुखका साथ बाँकी जीवन बिताउँछन् ।

'दुर्घटित सपना' आइ.एस्सीको परीक्षाको नतिजा प्रकाशित भएको समाचार प्रसारण भएबाट कथाको आरम्भ भएको छ । सुरज, नवीन र नीरज अस्कल क्याम्पस पुग्छन् । क्याम्पसको भित्तामा परीक्षाको नतिजा टाँसिएको हुन्छ । तीनै जनाको नतिजा राम्रो आएकोले आपसमा बधाई र खुसीयाली साटासाट गर्छन । त्यसमध्ये सुरजले नेपाल टप गरेकोले कलेजमा सबै प्राध्यापक, कर्मचारी, क्याम्पसचिफ, विद्यार्थीहरू सबै उसकै वरिपरी झुम्मिन्छन् । भोलिपल्ट घरबाट बा-आमा पनि खुसी साट्न काठमाडौँ आउँछन् । बा-आमा भेट्न आएको खबरले सुरज खुसी हुन्छ । सोही क्याम्पसमा सुरज र नवीनले वि.एस्सी. पढ्न सुरू गर्छन् भने नीरज र अरू साथीहरू विश्वविद्यालय क्याम्पस कीर्तिपुरमा भर्ना हुन्छन् । नवीन र नीरज साइन्टिस्ट बन्ने कल्पनामा डुब्छन् । देशमा माओवादी जनयुद्धले उग्र रूप लिएको हुन्छ । माओवादीको आन्दोलनमा होमिन गाउँबाट मात्र नभएर सहरतिर पनि युवाहरू होमिन थाल्छन् । आन्दोलनले क्याम्पसहरू बन्द हुन्छन् । पढ्न गएका विद्यार्थीहरू घर फर्कनुपर्ने अवस्था हुन्छ । अधिकांश विद्यार्थीहरू आइइएलटिएस र टोफेलको तयारीमा जुट्छन् । यसै लहरमा सुरज, नवीन, नीरज र अन्य केही साथीहरू पनि अमेरिका जाने सल्लाह गर्छन । उनीहरू सम्पूर्ण प्रक्रिया पुरा गरी अमेरिका जान्छन् । उनीहरू युनिभर्सिटी अफ नेव्रास्कामा पढ्न जाँदा थुप्रै नेपालीहरू भेटेर खुसी हुन्छन् । नेव्रास्का र मिनेसोटामा पुलिसले कडाइ गर्ने भएकोले रोजगारदाताहरू विद्यार्थीलाई काम लगाउन डराउँछन् । महँगो ट्यूसन फि र अन्य खर्च धान्न नसक्ने भएकाले कैयौ विद्यार्थीहरू क्लास छाड्छन् । पढाई छाडेका विद्यार्थीहरू अध्यागमनले पक्रनु पहिले नै अन्य कुनै राज्यतिर भागिसकेका हुन्छन् र लुकेर बस्छन् । सुरज र उसका साथीहरू पनि खर्च धान्न गाह्रो भएकाले एकवर्ष पढ्न नपाउँदै पढाइ छाड्छन् । उनीहरू पढाइ छाडेर टेक्सासमा ग्याँस स्टेसन, रेष्टुरेन्ट, मासु काट्ने फ्याक्ट्री आदि ठाउँमा काम गर्न थाल्छन् । उनीहरू कामपछिको फुर्सदको समय साथीहरू मिलेर तास खेल्ने, लक्की ड्र गर्ने गर्छन । नाइट क्लब, डिस्को, बार जान र लागुपदार्थहरू पनि प्रयोग गर्न थाल्छन् । यस्तै लापरवाहीले गर्दा कसैलाई एड्स, कसैलाई पायल्स र गनौरिया त कसैलाई क्यान्सर नै भएको हुन्छ । यता घरतिर छोरोले पढाई सकेर राम्रो जागिर पाउने र राम्रोसँग बाँकी जीवन बिताउने आशामा बुवाआमाको सपनामा

तुसारापात पर्दछ । छोराको आशामा बसिरहेकी सुरजकी आमा बिरामी भएर अस्पतालको शैयामा छट्पटिएर उसैको प्रतिक्षामा बाँचिरहेकी छन् भने उसका बा छोराले चुहिएको खरको छानो फेर्ला भन्ने आशामा बसिरहन्छ । त्यसैगरी नीरजको घर खेत पनि लिलाम भएको छ । बैंकले घर जफत गरेपछि बाटोको छेउमा गाउँलेले दिएको एक टुका जग्गामा छाप्रो बनाएर नीरज आउने बाटो कुर्दै बा-आमा पर्खिबसेका छन् । उच्च शिक्षा अध्ययन गर्न विदेश लागेका युवाहरूको हेलचक्रयाइले गर्दा आज सबै घरपरिवारले दयनीय अवस्था भोल्नु परेको छ । सुरजको अत्तापत्तो हुँदैन र कथाको अन्त्य हुन्छ ।

'तथाकथित बुद्धिजीवीको सोच' प्रतीक समाजसेवाका क्षेत्रमा निकै योगदान गर्दै आएको व्यक्ति थियो भन्ने वाक्यबाट सुरू भएको छ । ऊ साहित्य क्षेत्रमा पनि लागेकोले देश विदेश आउने जाने गरिरहन्छ । नेपाली समाजमा जातीय व्यवस्था जीवितै रहेको हुन्छ । नेपालमा मात्र नभएर नेपाली जहाँ छन् त्यहाँ उनीहरूले आफ्नो धर्म, संस्कृति र परम्परालाई आफैसँग लग्छन् । प्रतीक साहित्यिक संस्थामा लागेकोले ऊ त्यस संस्थाको उच्च तहसम्म पुग्छ । प्रतीकले यो प्रतिष्ठा भाग्यले नभएर उसको परिश्रमबाट आर्जन गरेको हुन्छ । यस संस्थामा माथिल्लो पदमा पुग्ने पिछडिएको वर्गका सदस्यहरूमा प्रतीक अपवाद बनेको हुन्छ । प्रतीक संस्थाको कामका सिलसिलामा देश विदेश घुमिरहन्छ । उसको स्वभाव नरम, लगनशील र मिठो बोली भएकाले उसको संस्थामा उसको छवि विशिष्ट खालको हुन्छ । संस्थाको चुनावमा प्रतीकले विजय हासिल गर्छ । त्यसको केही समयपछि उनको मोवाइलमा एक महिलाले फोन गरेर उनलाई सहयोग गरे बापत त्यहाँका दिदी बहिनीहरूले दुःख दिएको खबर सुनाउँछिन । यो सुन्दा प्रतीकको मन अमिलो हुन्छ र विदेशमा आइयो तर व्यवहारमा परिवर्तन आएन धन्य दिदी बहिनीहरू भन्दै दुखी भइरहन्छ । हिउदको समयमा गैरनाफामूलक संस्थाका बारेमा छलफल गर्न नेपालबाट विशिष्ट पाहुनाहरू आउछन् र छलफल गर्छन् । कार्यक्रमको अघिल्लो दिन फोनमा म्यासेज आउछ र म्यासेजमा *राजाको काम घोडी.....को बिहे* लेखिएको हुन्छ । त्यो म्यासेज देख्नासाथ प्रतीकलाई ब्रह्म प्रहार गरेझैं हुन्छ र ऊ छाँगावाट खसेजस्तै हुन्छ । प्रतीकलाई ठूलो चोट पर्न जान्छ । अर्कोवर्ष हङकङमा अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना हुन्छ । त्यस कार्यक्रममा विभिन्न विशिष्ट सहभागीहरू उपस्थित हुन्छन् । कार्यक्रम सञ्चालन भइसकेपछि समापन कार्यक्रममा विशिष्ट व्यक्तिहरूको बोल्नेक्रम हुन्छ । सबैजनाले बोल्न सम्भव नभएकाले कोही छुट्ने र कोही थपिने कम भएर कार्यक्रम सकिन्छ । केही दिनपछि हङकङका एक जिम्मेवार सदस्यले

फोन गरेर दुःखसाथ भन्छन् कार्यक्रममा विष्णुप्रसादले बोल्न नदिएकोले उनी साह्रै रिसाउदै जात अनुसारको व्यवहार गरे भन्ने सुनिन्छ । यो सुन्दा प्रतीक अवाक बन्छ र आफैलाई धिक्कार्दै अफ्सोच प्रकट गर्दछ । अनि कथाको अन्त्य हुन्छ ।

'जेम्स होम र सेन्चुरी ट्वान्टी फस्ट' सिनेमा हलभित्र अकस्मात भटट्ट गोली चलेको घटना देखि यस कथाको आरम्भ भएको छ । अमेरिकाको हलमा ब्याटम्यान प्रदर्शनको पहिलो मुभी भएकाले भव्य तयारी हुन्छ र ब्याटम्यानको प्रदर्शनी आरम्भ हुन्छ । सिनेमा खेलसँग सम्बन्धित भएकाले सबै युवा तथा वयस्कहरूको उपस्थिति बाक्लो हुन्छ । सबै हलहरू दर्शकले भरिभराउ हुन्छन् । भोलिपल्ट बिदाको दिन भएकाले शुक्रबार साँझको सो हुन्छ । दर्शकलाई सिनेमाले जीउ सिरिङ्ग र उत्तेजित बनाउँदै जान्छ । यसै बिचमा २४ वर्षीय जेम्स होम पनि उक्त हल भित्र छिर्छन् । विज्ञानका विद्यार्थी भएकाले उनलाई भिडियो गेमर हतियार सम्बन्धी विशेष रूचि हुन्छ । फिल्महलमा सुरक्षाको व्यवस्था नभएकोले ऊ आधा घण्टा पछि बाहिर निस्कन्छ । बाहिर आधुनिक स्पोर्टस कहलिएर ढोका नजिक रोक्छ । गाडीको डिकीबाट एआर १५ गन लिएर हलभित्र पस्नासाथ अन्धाधुन्ध गोली चलाउँछ । हलमा कोलाहल र रुवाबासी सुरू हुन्छ । कैयौं दर्शकहरू घाइते हुन्छन् भने धेरैले ज्यान गुमाउँछन् । एकैछिनमा फिल्म हल युद्धमैदानमा परिणत हुन्छ । त्यसपछि सुरक्षाकर्मीहरू हलमा तैनाथ हुन्छन् । गन बोकेर निस्कँदै गरेको जेम्सलाई ढोका नजिकबाट समातिन्छ । यो समाचार भोलिपल्ट सञ्चारका विभिन्न माध्यमबाट प्रसारण हुन्छ । मृतकका आफन्तहरू नाराजुलुस गर्दै जेम्सलाई फाँसी दिने माग राख्छन् भने जेम्सका कानूनविद्हरू जेम्स सानैदेखि हातहतियार खेलाउने र विज्ञान तथा प्रविधिको विषयमा रूचि राख्ने गरेको भेद खोल्छन् । ऊ मानसिक रोगी पनि भएको तर्क प्रस्तुत गर्छन् । अन्त्यमा, उसलाई आजन्म कैदको सजाय तोकिन्छ र ऊ बाँकी जीवन कारागारमै बिताउछ । यससँगै कथाको अन्त्य हुन्छ ।

'प्रतिज्ञा माइली' कथा माइली भनेर बोलिने विमलाको प्रेम कथा हो । यसको आरम्भ गाउँमा सबैजनाले प्रेमपूर्वक माया गरेर उसलाई माइली भन्ने गर्छन् भन्ने वाक्यवाट भएको छ । विमलाले स्कूल सकेर आँपपिपल मिसन अस्पतालमा परिचारिकाको तालिम सुरू गर्छे । उक्त अस्पतालमा उसका जेठा दाइ दिनेश कारिन्दा हुन्छन् । केही समयपछि उसका दाइ मधेसतिर बसाइ सरेर झर्छन् । घरमा बुवा थला परेकोले दाजु र गाउलेलाई बोलाएर विमलाले हतारमा अस्पताल पुऱ्याउन नपाउँदै बुवाको मृत्यु हुन्छ । बुवाको मृत्यु पश्चात

घरको जिम्मेवारी विमलाको काँधमा पर्न जान्छ । विमला निकै सुन्दर हुन्छे । बुवा बितेको पीरले आमा पनि ओछ्यान पर्छिन् । बुवाको यादमा दिनदिनै थला पर्दै गएकी आमाको स्याहार सुसारमा विमला व्यस्त हुन्छे । उता आमा आफू बित्नुभन्दा पहिले दुई छोरीहरूको घरजम गरिदिने इच्छा प्रकट गर्छिन् । चेपे पारीको गगनदाईसँग लामो समयदेखि चिनजान हुन्छ । उपचारका क्रममा गगन दाइ र उनका कान्छो भाइ प्रतीकसँग विमला र उनका जेठादाइको भेट भइरहन्छ । प्रतीक सुन्दर स्वभाव र राम्रो पढाइ भएकाले विमलाको आमाको रोजाइमा पर्छ । त्यसैले विमलाको बिहे प्रतीकसँग गराइदिने इच्छा आमाले पटक पटक व्यक्त गर्छिन् । श्रीमान् बितेको एकवर्षपछि विमलाकी आमाको पनि मृत्यु हुन्छ ।

प्रतीक पनि आफ्नो बा को उपचारको कममा महिनौं अस्पतालमा बस्नुपर्ने हुन्छ । विमला प्रतीकलाई भेट्न ओपिडी वार्डमा आइरहन्छे । यहा बस्दै गर्दा उनीहरूबीच प्रगाढ सम्बन्ध बन्दै जान्छ । विमलाकी आमाले पनि छोरीको विवाह प्रतीकसँग गर्ने इच्छा व्यक्त गरेकाले विमला प्रतीकलाई राम्रोसँग बुझ्न चाहन्छे । यता प्रतीकको परीक्षा नजिकिदै जान्छ । केही समयपछि प्रतीकका बुवाको मृत्यु हुन्छ । बुवाको मृत्युपछि चौधौँ दिनमा एस एल सी दिन सदरमुकाम जान्छ । आमाले प्रतीकसँग बिहे गरिदिनु है भनेर अन्तिम सास फेरेकाले विमला प्रतीकसँग बिहे गर्ने प्रतिज्ञा गर्छे । प्रतीक एस एल सी सकिनासाथ काठमाडौँ जान्छ । शहर पुगेपछि उसले विमलाको सहयोग र सदभावका लागि धन्दवाद, तिमीले लाएको गुण तिर्न सकुला वा नसकुला तर तिमीप्रति ऋणी भइरहनेछु र तिमीसँग छिटै भेट्ने बाचा गर्दछु भनेर चिठी पठाउँछ । प्रतिउत्तरमा विमलाले पनि ऊसँग भेट भएकामा भाग्यमानी ठानेकी र ऊ विना एक्लै बस्न नसक्ने भएको साथै छिटै भेट्ने उत्कट चाहना रहेको कुरा उल्लेख गरेर चिठी पठाउँछे । केही समयपछि प्रतीक पनि आइपुग्छ । आमाको अन्तिम इच्छा पूरा गर्न दाजुहरूले प्रतीकसँग विमलाको विवाह सुसम्पन्न गरिदिन्छन् र विमलाको प्रतीकसँग जीवन बिताउने प्रतिज्ञा पुरा हुन्छ ।

'छायाको भूत' कथाको सुरूआत तल चेपे नदी आफ्नै गतिमा निरन्तर बगिरहेको छ भन्ने वाक्यबाट भएको छ । म पात्र एघार वर्षको हुन्छ । खोलाको किनारमा रहेका खेतमा रोपाइ सकिएपछि पालैपालो पाली लगाउने चलन हुन्छ । सबैको हप्तामा दुई दिन पानी लगाउने पालो आउछ । म पात्रको पानी लगाउने पालोमा बाले मलाई र माइला दाईलाई पठाउनुहुन्छ । खेत टाढा भएकोले स्कूल जान दौडादौड गर्नुपर्छ । कहिलेकाँही ढिला गएका कारण सजाय भोग्नुपर्छ । बिहाना ४ बजे बाले उनीहरूलाई पठाउने भएकाले उनीहरू

टर्चलाईट बालेर चुपचाप लागेर हिड्छन् । कहिलेकाँही कुलोको डिल भेलले भत्काएको हुँदा बनाउँदै हिड्छन् भने कहिले खोलामा गई माछा मार्छन् ।

अर्को वर्ष दाई ठूलो भएकोले विदेशतिर जान्छ । कुलो लगाउने काम ऊ माथि आइपर्छ । दाई गएपछि बुवाले उसलाई चारबजे नै उठाउनुहुन्छ । ऊ एक्लै हातमा टर्चलाइट लिएर जान्छ । कहिलेकाँही जान्न भन्यो भने बिहानभरी बाको गाली खानुपर्ने हुन्छ । एक्लै भएकाले किरा फट्याङ्ग्राहरूले पात सऱ्याक्क पार्दा भुईमा थचक्क बस्छ । खेतमा पानी लाउन ऊ मात्रै जानुपर्ने भएकाले जुनको उज्यालो भएपनि टर्च बाल्दै घरबाट निस्कन्छ । जुनले टल्केको खेतको बिचमा सधैँ कालो छायाजस्तो देख्छ । ऊ हरेकपटक त्यहाँ आइपुगेपछि त्यो कालो वस्तु ठिङ्ग उभिएजस्तो देखिन्छ र उसलाई भूत हो की भन्ने लाग्छ । त्यो वस्तु देखेपछि उसको मुटु ढक्क फुल्छ र सातो जान्छ । ऊ डरले कहिलेकाँही आँखा चिम्लेर त्यही बसिरहन्छ । एकदिन बाले उसलाई अलि ढिलो उठाउँछन् । ऊ ढिलो उठेको कारण खेतमा ६ वजे पुग्छ । त्यतिखेर मिरमिरे उज्यालो भइसकेको हुन्छ । उसको आँखा सधैँ झैँ आजपनि पारिपट्टी जान्छन् । बिहान भएकाले उसलाई डर पनि लाग्दैन । ऊ त्यहाँ रोकिएर आँखा तन्काइ हेर्छ तर त्यो वस्तु त्यहाँ देख्दैन । कालो वस्तु देखिने खेतको बीचमा निशाना अड्कलेर खोल्सो काटी खेतको बिचमा पुग्छ । त्यहाँ पुग्दा सिमलको डढेको ठुटो देख्छ । जुनको उज्यालोमा ठुटोको अग्लो छाया देखिने भएकाले त्यही ठुटोको छायाँको भूतले उसलाई धेरै दिन सताउँछ । र उसले मनमनै भन्छ मलाई तर्साउने त्यही सिमलको छायाको भूत रहेछ ।

### ६.३ सहभागी

कुनै पनि कथामा कथाकारले कथावस्तु सुहाउँदो पात्रको प्रयोग गर्नु आवश्यक देखिन्छ । कथाकार पदम विश्वकर्माका कथाहरूमा पनि पात्रगत विविधता समावेश भएको पाइन्छ । उनका कथामा समाजका विभिन्न तह र तप्काका पात्रहरूको प्रयोग भएको छ । सबै कथामा पात्रहरूको भूमिका प्रमुख रहेको छ । कथाकार आफू विदेशी भूमिमा बस्ने भएकाले उनका कथामा विदेशी र नेपाली भूमिका पात्रहरू प्रायः बरावर नै देखिन्छन् । विश्वकर्माले विभिन्न परिवेशमा पात्रलाई उभ्याएर तिनीहरूले भोगेको बिडम्वनायुक्त जीवनको वर्णन गरेका छन् । कथामा परिवेशका साथै पात्रहरूको प्रयोगमा पनि विविधता देखिन्छ । तमसुकमा ल्याप्चे लगाएर सय रूपैयाँ ऋण लिने पात्र देखि पैसा धेरै कमाएर पैसाकै कारण विग्रिएका पात्रहरू पनि छन् । त्यसैगरी विदेशी पात्रलाई पनि केन्द्र बनाइएको

छ (अधिकारी, भूमिका २०७६) । मिठाइमा भुलेको जीन्दगी कथामा किस्ने र उसकी आमा प्रमुख पात्रको रूपमा उपस्थित भएका छन् भने स्याम र ममता सहायक पात्रका रूपमा रहेका छन् । किस्नेका बा, सरविर र गाउँलेहरू गौणपात्रको भूमिकामा रहेका छन् । त्यसैगरी अधुरो सपना कथामा राम र गीता प्रमुख पात्रका रूपमा छन् भने सुन्तली सहायक पात्रका रूपमा आएकी छिन् । अन्य पात्रहरू गौणपात्रका रूपमा रहेका छन् ।

'बाइवाई अस्मिता' कथामा विनय र अस्मिता प्रमुख पात्रका रूपमा रहेका छन् भने अजय सहायक पात्रका रूपमा रहेको छ । अन्य पात्रहरू गौण पात्रका रूपमा रहेका छन् । त्यसैगरी सुसुप्त यौन कथामा गङ्गेको जेठो छोरो र कान्छो छोरो प्रमुख पात्रको भूमिकामा रहेका छन् भने पार्वती सहायक पात्रका रूपमा आएकी छ । गङ्गे, आमा लगायत जेठो छोराका साथीहरू गौण पात्रका रूपमा रहेका छन् । त्यसैगरी तमसुक कथामा हर्कबहादुर र साहिला साहु प्रमुख पात्रका रूपमा रहेका छन् भने यी दुई पात्रहरूले वर्गीय पात्रको भूमिकामा पनि रहेका छन् । रामेकी आमा, चाउरी सहायक पात्रका रूपमा रहेका छन् र अन्य पात्रहरू गौण पात्रका रूपमा रहेका छन् । त्यसैगरी आइका कथामा म पात्रले कथाको वर्णन गरेको भएपनि आइका र म पात्रकी आमा सहायक पात्रका रूपमा रहेकी छन् । त्यस्तै *फेसवुके प्रेम* कथामा किरण र मेनका प्रमुख पात्र हुन् भने इन्दिरा सहायक पात्रका रूपमा रहेकी छ । अन्य थुप्रै गौण पात्रहरू रहेका छन् । *अङ्गुरको रस* कथामा म पात्रले कथाको बर्णन गरेका भएपनि पुजारी बाजे प्रमुख पात्रका रूपमा रहेका छन् । अन्य पात्रहरू गौण पात्रका रूपमा रहेका छन् । त्यस्तै *द लास्ट म्यान अफ द होटेल* कथामा राजीव र वन्दना प्रमुख पात्र हुन् भने हेमराज र नवराज सहायक पात्र हुन् । अन्य पात्रहरू गौण पात्रका रूपमा रहेका छन् ।

त्यसैगरी *'खाडी बसाइको मूल्य'* कथामा राजेश र राजन प्रमुख पात्र रहेका छन् । राजेश र राजनकी श्रीमतीहरू एवं दलबहादुर सहायक पात्रका रूपमा रहेका छन् । अन्य पात्रहरू गौण पात्र हुन् । *कुलतले भत्काएको घर* कथामा लक्ष्मीकान्त र निर्मला प्रमुख पात्र रहेका छन् । बुवा आमा र भाइबहिनीहरू सहायक पात्र रहेका छन् र अन्य गौण पात्रहरूको पनि उपस्थिति रहेको छ । त्यस्तै *पीडामय दाम्पत्य जीवन* कथामा चन्द्रमाया र गङ्गालाल प्रमुख पात्रका रूपमा उपस्थित भएका छन् । जगदीश र राजेश्वर सहायक पात्रका रूपमा रहेका छन् । अन्य पात्रहरू गौण पात्रका रूपमा रहेका छन् । *पानाको देशमा कष्टकर जीवन* कथामा वसन्त र निशा प्रमुख पात्र रहेका छन् । अन्य पात्रहरू गौणपात्रका रूपमा रहेका

छन् । *हुनेवाला ज्वाई* कथामा निशा र सन्तोष प्रमुख पात्र रहेका छन् । रघु र निर्देशक सहायक पात्रका रूपमा रहेका छन् । यी पात्र बाहेक अन्य पात्रहरू गौणपात्रका रूपमा रहेका छन् । त्यस्तै *किड्स ड्याड* कथामा तानिया प्रमुख पात्र रहेकी छ । मारिया, जोन, एलिना सहायक पात्र रहेका छन् । अन्य पात्रहरू गौण पात्रका रूपमा रहेका छन् । *कर्णेलको छोरा* कथामा गुञ्जमान र अनिता प्रमुख पात्र रहेका छन् भने हर्कमान र उसको छोरा सहायक पात्र रहेका छन् । अन्य पात्रहरू गौण पात्रका रूपमा रहेका छन् । त्यस्तैगरी *रक्सीमा डुबेको जीवन* कथामा आकाश र उसकी श्रीमती प्रमुख पात्र हुन् भने अन्य गौण पात्र हुन् । *जोन, जेसिका र जेकव* कथामा जोन, जेसिका र जेकव प्रमुख पात्र रहेका छन् भने अन्य थुप्रै पात्रहरू गौणपात्रहरू रहेका छन् ।

*'दुर्घटित सपना'* कथामा सुरज प्रमुख पात्र रहेको छ । नवीन र नीरज सहायक पात्र रहेका छन् । अन्य पात्रहरू गौण पात्रका रूपमा रहेका छन् । *तथाकथित बुद्धिजीवीको सोच* कथामा प्रतीक प्रमुख पात्र रहेको छ । अन्य पात्रहरू गौण पात्र रहेका छन् । *जेम्स होम र सेन्चुरी ट्वान्टी फस्ट* कथामा जेम्स प्रमुख पात्र रहेको छ । अन्य पात्रहरू गौण पात्रका रूपमा रहेका छन् । *प्रतिज्ञा* कथामा विमला र प्रतीक प्रमुख पात्र रहेका छन् । विमलाको ठूलो दाइ र आमा सहायक पात्र रहेका छन् । अन्य पात्रहरू गौण रहेका छन् । *छायाँको भूत* कथा म पात्रले कथाको वर्णन गरेपनि माइला दाइ र बुवा सहायक पात्रका रूपमा रहेका छन् ।

विश्वकर्माले तेइसवटा कथा लेखेका छन् । उनले आफ्ना कथामा पात्रगत विविधता दिन सकेका छन् । उनका कथामा बालपात्रको प्रयोग भएपनि भूमिका भने छैन । त्यसका साथै पहिलो कथा *मिठाइमा भुलेको जीन्दगी*मा मानवेत्तर पात्र बाखोको पनि प्रयोग गरिएको छ । त्यसैगरी कुनै कुनै कथामा पात्रको बाहुल्यता रहेको छ भने कुनै कथामा पात्रहरूको उपस्थिति न्यून रहेको छ । यसरी पदम विश्वकर्माको यस तमसुक कथा सङ्ग्रहमा पात्रहरूको विविधता पाइनुका साथै न्यून पात्रको प्रयोग गरेर कथा लेख्नु उनको आफ्नै विशेषता रहेको छ ।

### ६.४ परिवेश

कथा सङ्ग्रहका कथाहरूमा परिवेशगत सीमितता रहेको छ । भौगोलिक परिवेशका रूपमा सहरिया परिवेशको चित्रण भए पनि ग्रामीण परिवेश पनि त्यत्तिकै मात्रामा रहेको छ ।

उनका कथाको वर्णनका क्रममा हरियो वन, पहाड, पर्वत, खोला, खेतवारी आदिको चित्रण गरिएको छ । राष्ट्रिय, अन्तराष्ट्रिय, गाउँसहर, विभिन्न परिवेश र विषयवस्तुमा केन्द्रित भएर यी कथाहरू लेखिएका छन् (अधिकारी, भूमिका २०७६) । यस सङ्ग्रहका कथाहरू कथाकार विदेशी परिवेशमा रहँदै आएकाले अधिकांश कथाहरूमा विदेशी परिवेश पाइन्छ भने कुनै कुनै कथाहरूमा नेपाली जीवनशैली र परिवेशको चित्रण पाइन्छ । विभिन्न परिवेशमा आफूले देखेका भोगेका दृष्य घटना र अनुभूतिलाई नै आधारभूमि बनाई यी कुराहरू लेखिएका छन् (अधिकारी, भूमिका २०७६) । *मिठाइमा भुलेको जीन्दगी* कथामा कुनै निश्चित ठाउँ नतोकिए पनि ग्रामीण परिवेश, फाँट, खोला, जुठेल्ना, मतान आदिको प्रयोग गरिएको छ । अन्तमा, किस्ने र गीता भागेर चितवनको सौराहा गएको हुनाले चितवनको परिवेश आएको छ । *अधुरो सपना* कथामा गाउँले परिवेशको चित्रण पाइन्छ । कथाको बिचभागतिर क्यान्टिन, राजधानी काठमाडौं, भृकुटीमण्डप, न्यूरोड, भोटाहिटी आदि ठाउँहरूको चित्रण गरिएको छ भने कथाको अन्त्यमा अमेरिकाको परिवेशको चित्रण पाइन्छ ।

*बाइवाई अस्मिता* कथामा नारायणगढ, विरगञ्ज, नर्सिङ क्याम्पस, बसपार्क, पकनाजोल, क्षेत्रपाटी, महाराजगञ्ज अस्पताल, अष्ट्रेलिया, सिड्नी, क्यानडा आदि ठाउँको परिवेश रहेको छ । *सुषुप्त यौन कथा*मा कुनै निश्चित ठाउँको परिवेश नभएर गङ्गेको कान्छो छोराको मानसिक परिवेश उल्लेख रहेको छ । त्यस्तै *तमसुक* कथामा कुनै निश्चित ठाउँको परिवेश तोकिएको छैन । ठूलो फाँट, धानका बाला, आली, बोटविरुवा ठाउँको चित्रण भएकाले यसलाई ग्रामीण परिवेश मान्न सकिन्छ । त्यस्तैगरी *आइका* कथामा माछापुच्छे हिमालको काख भएकाले पोखराको परिवेश हो भन्न सकिन्छ । त्यसैगरी *फेसवुके प्रेम* कथामा कुनै निश्चित ठाउँ नतोकिए तापनि यसमा अमेरिका र नेपालको शहरी क्षेत्रको परिवेश उल्लेख रहेको छ । *अङ्गुरको रस* कथामा मन्दिर परिसर, महायज्ञ परिसर, वनारस विश्वविद्यालय र अमेरिकाको परिवेश रहेको छ । त्यस्तै *द लास्ट म्यान एट द होटेल* कथामा वासिङ्टन डिसी, एयरपोर्ट होटल, रेष्टुरेन्ट, नेपालको डिल्लीबजारको म:म पसल, पुतलीसडकको कफीसप, बागबजारको सेकुवा कर्नर, गोदावरी, बालाजु, स्वयम्भु, चिडियाखाना आदि ठाउँको परिवेश रहेको छ ।

*खाडी बसाइको मूल्य* कथामा ग्रामीण परिवेश, काठमाडौं, तनहुँ, अरब आदि ठाउँको परिवेश रहेको छ । *कुलतले भत्काएको घर* कथामा तिमाइ नदीको किनार, बेलडाँगी, पथरी, टेक्सास आदि ठाउँको परिवेश रहेको छ । *पीडामय दाम्पत्य जीवन* कथामा कुनै निश्चित

ठाउँको परिवेश नभएकोले खेतबारी, गोठभरी गाइभैसी, बडेमानको टौवा, ढिकी जाँतो पानी पँधेरो आदि जस्तो परिवेशको चर्चा गरिएकाले यसलाई सहजै रूपमा ग्रामीण परिवेश हो भनी चिन्न सकिन्छ । *पानाको देशमा कष्टकर जीवन* कथामा काठमाडौँको रिङरोड र अमेरिकाको विभिन्न ठाउँहरूको परिवेश रहेको छ । त्यसैगरी *हुनेवाला ज्वाइँ* कथामा पनि अमेरिका र नेपालका केही ठाउँहरूको परिवेश रहेको छ । त्यसैगरी *किड्स ड्याड* कथामा अमेरिकाको ग्रोसरी स्टोर, जेल, लसभेगस, अपार्टमेन्ट आदि ठाउँको परिवेश रहेको छ । *कर्णेलको छोरा* कथामा पोखराको विभिन्न ठाउँहरू, काठमाडौँ, दिल्ली, लण्डन, अफगानिस्तान आदि ठाउँको परिवेश रहेको छ । त्यसैगरी *रक्सीमा डुबेको जीवन* कथामा भुटान, नेपालको शरणार्थी क्याम्प, अमेरिका आदि ठाउँको परिवेश रहेको छ ।

त्यस्तैगरी *दुर्घटित सपना* कथामा अस्कल क्याम्पस, विश्वविद्यालय क्याम्पस कीर्तिपुर, अमेरिकन राजदुतावास, नेव्रास्का युनिभर्सिटी, टेक्सास आदि ठाउँको परिवेश रहेको छ । *तथाकथित बुद्धिजिवीको सोच* कथामा कुनै निश्चित ठाउँको परिवेश नभएर नेपाली समाज, एक्काइसौँ शताब्दीको विज्ञानको युग र हङकङ जस्ता परिवेशको चित्रण रहेको छ । *जेम्स होम र सेन्चुरी ट्वान्टी फस्ट* कथामा अमेरिकी सिनेमा हल र त्यसका वरपर रहेका स्थान, अदालतको परिवेश रहेको छ । त्यसैगरी *प्रतीज्ञा* कथामा ग्रामीण परिवेश, मिसन अस्पताल, चेपेखोला, काठमाडौँ र पोखराको विन्ध्यवासिनी मन्दिरको परिवेश रहेको छ । साथै अन्त्यमा, *छायाँको भूत* कथामा कुनै ठाउँको उल्लेख नभए पनि चेपे नदी, सल्लेडाँडो, खेत, रोपाइँ, कुलो, जङगल, स्कूल, अधेरी रात, जुनेली रात जस्ता शब्दहरू प्रयोग गरिएको हुनाले यसलाई ग्रामीण परिवेश भन्न सकिन्छ ।

## ६.५ उद्देश्य

कथाकार पदम विश्वकर्माको यो कथा सङ्ग्रह उनको कथायात्राको पहिलो कृति भएकोले कथाकारितामा साधना गर्नु नै यस कथा सङ्ग्रहको उद्देश्य रहेको पाइन्छ । नेपालीहरूको बिडम्वनायुक्त जीवनको भोगाइ प्रस्तुत गर्नु र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश र त्यहाँका मानिसको जीवनशैलीलाई देखाउनु पनि यस कथा सङ्ग्रहका कथाको मुख्य उद्देश्य रहेको छ (अधिकारी, भूमिका २०७६) । जीवन भोगाइका क्रममा गरिएका संघर्षहरू, गरीबीका कारण भोग्नुपरेका पीडाहरूलाई *मिठाइमा भुलेको जीन्दगी, अधुरो सपना, तमसुक, खाडी बसाइको मूल्य, पीडामय दाम्पत्य जीवन, कुलतले भत्काएको घर* जस्ता कथाहरूले अभिव्यक्त गरेका छन् । त्यस्तैगरी विदेशमा प्रचलित संस्कृति र यस्तै

संस्कृतिमा भुल्नेहरूको अवस्थालाई *द लास्ट म्यान एट द होटल, किड्स ड्याड, हुनेवाला ज्वाँइ, जोन जेसिका र जेकब, जेम्स होम र सेन्चुरी ट्वान्टी फस्ट* कथा मार्फत प्रस्तुत गरिएको छ । साथै पाठकहरूलाई मनोरञ्जन प्रदान गर्नु र आफ्ना निजी भावनाहरू प्रस्तुत गर्नु पनि यस कथा सङ्ग्रहको उद्देश्य रहेको छ ।

## ६.६ दृष्टिबिन्दु

पदम विश्वकर्माको यस कथा सङ्ग्रहमा उल्लेखित कथाहरूमा प्रथम तथा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । *मिठाइमा भुलेको जीन्दगी* कथामा किस्ने प्रमुख पात्र भएर कथालाई अगाडि बढाएकाले यसमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग छ । यी कथाहरूमा कथाकार स्वयं कतै भोक्ताका रूपमा, कतै स्रोताका रूपमा र कतै द्रष्टाका रूपमा उपस्थित भएका छन् (अधिकारी, भूमिका २०७६) । *अधुरो सपना* कथामा राम प्रमुख पात्र भएर कथालाई अगाडि बढाएकाले यसमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । त्यसैगरी *बाईबाई अस्मिता, सुषुप्त यौन र तमसुक* कथामा पनि कथाकारले पात्रको उपस्थिति गराएर कथालाई अगाडि बढाएकाले तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरेका छन् । *आइका* कथामा कथाकार स्वयं म पात्रका रूपमा उपस्थित भएर घटनाको वर्णन गरेकाले यस कथामा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । *फेसबुके प्रेम* कथामा किरणलाई प्रमुख पात्र बनाएर कथालाई अगाडि बढाएको हुनाले यसमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । *अङ्गुरको रस* कथामा कथाकार स्वयं म पात्रका रूपमा उपस्थित भएर घटनाको वर्णन अघि बढाएकाले यस कथामा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । त्यसैगरी *द लास्ट म्यान एट द होटेल, खाडी बसाईको मूल्य, कुलतले भत्काएको घर, पीडामय दाम्पत्य जीवन, पानाको देशमा कष्टकर जीवन, हुनेवाला ज्वाईं, किड्स ड्याड, कर्णेलको छोरा, रक्सीमा डुबेको जीवन, जोन, जेसिका र जेकव, दुर्घटित सपना, तथाकथित वुद्धिजीवीको सोच, जेम्स होम र सेन्चुरी ट्वान्टी फस्ट र प्रतिज्ञा* कथामा कथाकारले पात्रहरूको उपस्थिति गराएर कथालाई अगाडि बढाएकोले तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । अन्त्यमा, *छायाँको भूत* कथामा कथाकार स्वयं म पात्रका रूपमा उपस्थित भएर घटनाको वर्णन गरेकोले यस कथामा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरेका छन् ।

## ६.७ भाषाशैलीय विन्यास

कथाकार पदम विश्वकर्माले यस कथा सङ्ग्रहका कथामा सरल र सहज भाषाशैलीको प्रयोग गरेका छन् । उनका कथामा सरल भाषा र बोधगम्य रहेको पाइन्छ (निहारिका, शुभकामना २०७६) । पात्र अनुकूलको भाषा प्रयोग भएको यस कथा सङ्ग्रहका कथाका धेरै ठाउँमा वर्णनात्मक शैलीको प्रयोग भएको पाइन्छ । विश्वकर्माका कथाले परम्परागत शैलीलाई अवलम्बन गरेका छन् । उनका कथा प्राय गरेर सरल र सहज  छन् । लेखक आफू गण्डकीको भएका कारण गण्डकी क्षेत्रमा बोलिने भाषाको प्रयोग बढी मात्रामा रहेको छ । जस्तै : 'त्यसलाई तैंले हुर्काउनुपर्च, वढाउनुपर्च । कहिलेकाँही सपनामा तँलाई हेर्न आउँचु' (पृ. २८) । त्यसैगरी यस कथा सङ्ग्रहका कथाहरू प्राय गरेर मध्यमवर्गीय र निम्न वर्गीय परिवारका पात्रहरूका अवस्थालाई झल्काउने खालका भएकाले आफ्नो वर्ग अनुसारको भाषाको प्रयोग पनि पाइन्छ । यहाँ निम्नवर्गीय पात्र हर्कबहादुरले बोलेको भाषा यस प्रकार रहेको छ : 'हेर त बाऊ तिमीलाई यसपालीको दशैंमा कमीज सुरूवाल ल्याइदाचु, आमालाई ढाकाको चौबन्दी छ, भुण्टे र पुन्टे अनि चाउरीलाई नि ल्याइदाचु । यसपालीको दशैं हामी राम्रो लुगा लार मनाम्चौं' (पृ. ६९) । त्यस्तैगरी कथाकार आफू अमेरिकामा बस्ने भएकाले त्यँहीको सेरोफेरोलाई समेटेर कथा लेखेका छन् र ती कथाहरूमा कतै कतै अङ्ग्रेजी भाषाको पनि प्रयोग गरेका छन् । जस्तै : 'हि इजन्ट गेट म्याड एलिना डिड यु गो भेगास' (पृ. १७१) । त्यसैगरी उनका कथामा ठेट नेपाली तथा आगन्तुकका साथै अनुकरणात्मक शब्दको पनि प्रयोग भएको छ । समग्रमा *तमसुक* कथा सङ्ग्रहका कथामा सरल एवं सहज भाषाशैलीको प्रयोग भएको छ ।

## ६.८ निष्कर्ष

*तमसुक* कथा सङ्ग्रह पदम विश्वकर्माको एकमात्र कथा सङ्ग्रह हो । यस कथा सङ्ग्रहका कथामा विदेशमा बस्ने नेपालीहरूको जीवन भोगाइलाई अभिव्यक्त गरेका छन् । विकट ठाउँ र दयनीय अवस्थाका मानिसहरूको भोगाइलाई विषयवस्तु बनाइएका यस कथा सङ्ग्रहका अधिकांश कथाले आजका नेपाली युवाले भोग्नुपरेको समय र परिस्थितिलाई पाठकसामु प्रस्तुत गरेका छन् । केही कथा विदेशीहरूको विकृतिपूर्ण संस्कारलाई समेटेर लेखिएका छन् । सरल र सहज भाषाको प्रयोग गरेर लेखिएका विश्वकर्माका कथा मनोरञ्जन दिने खालका छन् । परिवेशगत सीमितता रहेका विश्वकर्माका कथाले युवावर्गलाई लक्षित गरेको पाइन्छ ।

# सातौं परिच्छेद

# सारांश र निष्कर्ष

## ७.१ परिच्छेदगत सारांश

पहिलो परिच्छेद अन्तर्गत यस शोधपत्रको सामान्य रूपरेखा प्रस्तुत गरिएको छ । यस खण्डमा शोध परिचय, समस्या कथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको मह□व र उपयोगिता, शोधकार्यको सीमाङ्कन, शोध विधि र शोधकार्यको रूपरेखा सम्बन्धी विवरण प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेद अन्तर्गत पदम विश्वकर्माको जीवनी पक्षबारे चर्चा गरिएको छ । पदम विश्वकर्माको जन्म २०२४ साल असोज १४ गतेका दिन लमजुङ जिल्लाको बलिथुङमा भएको हो । विश्वकर्माको अक्षरारम्भ धमिलीकुवा स्थित निम्नमाध्यमिक विद्यालयबाट भएको मानिन्छ । शालीन, भद्र र मिजासिलो स्वभावका विश्वकर्माले आफूले अक्षरारम्भ गरेकै विद्यालयबाट एस एल सी परीक्षा उत्तीर्ण गरे । रत्न राज्यलक्ष्मी क्याम्पसबाट प्रवीणता प्रमाणपत्र तह र त्रिचन्द्र क्याम्पसबाट स्नातक गरेका विश्वकर्माले त्रिभुवन विश्वविद्यालय क्याम्पस कीर्तिपुरबाट समाजशास्त्र विषयमा स्नातकोत्तर गरे ।

२०४८ सालमा कमला विश्वकर्मासँग वैवाहिक जीवनमा बाँधिएका विश्वकर्माका दुई छोरा छन् । विश्वकर्मा हाल श्रीमती र दुईवटा छोरासँग अमेरिकामा बस्दै आएका छन् । सानैदेखि साहित्यमा रूचिराख्ने विश्वकर्मा उनको आमाको निधनपछिका टुहुरा दिनहरू *गौरी, मुनामदन* खण्डकाव्य पढेर बिताउने गरेका थिए । त्यसका साथै अन्य थुप्रै साहित्यिक पुस्तकहरू पनि अत्यन्तै पढ्ने गर्थे । २०४० सालबाट औपचारिक रूपमा साहित्यिक क्षेत्रमा लागेका विश्वकर्मा डा.अम्वेडकर अन्तर्राष्ट्रिय पुरस्कारबाट सम्मानित भएका छन् ।

तेस्रो परिच्छेद् अन्तर्गत पदम विश्वकर्माको व्यक्तित्व के कस्तो रहेको छ भन्ने कुरा उल्लेख गरिएको छ । पदम विश्वकर्माको बाह्य व्यक्तित्वको चर्चा गर्दा गहुँगोरो वर्ण, ठूलो मोहडा, सेता दन्तलहर, मोटो अनि अग्लो, हँसिलो मुखाकृति, पाँचफिट पाँच इन्च उचाई भएका सरल, भद्र, शालीन र मिलनसार विश्वकर्मा शारीरिक रूपमा स्वस्थ देखिन्छन् ।

विश्वकर्माको स्रष्टा व्यक्तित्व कवि, कथाकार र उपन्यासकारका रूपमा फैलिएको छ भने द्रष्टा व्यक्तित्व समाजसेवी, सम्पादक र संस्थापकका रूपमा चर्चित छ ।

चौथो परिच्छेद अन्तर्गत विश्वकर्माका कविता सङ्ग्रहको विश्लेषण गरिएको छ । उनको कविता सङ्ग्रह *'शब्द सुमन'* (२०७०) प्रकाशित छ । उनले समाजमा रहेका जातीय विभेद, देश तथा विदेशमा भएका युद्धजन्य घटना र परदेशमा रहँदा आफ्नो देश, जन्मभूमि प्रतिको मायाजस्ता विषयवस्तुलाई आफ्ना कृतिमा प्रस्तुत गरेका छन् ।

पाँचौँ परिच्छेद अन्तर्गत विश्वकर्माको *'क्वारेन्टाइन'* (२०७८) उपन्यासको विश्लेषण गरिएको छ । यस उपन्यासमा सन् २०१९ मा विश्वभर महामारीका रूपमा फैलिएको कोरोनाका कारण ज्यान गुमाउने व्यक्तिका आफन्तजनले भोग्नुपरेका पीडा तथा कोरोनाका कारण लाखौँ मान्छेहरू घरबारविहीन, रोजगारविहीन हुनुपरेको र त्यसले पारेको असरलाई विषयवस्तु बनाएर समाजमा भएको यथार्थ घटनालाई उपन्यासमा प्रस्तुत गरेका छन् ।

छैटौँ परिच्छेद अन्तर्गत विश्वकर्माको कथा सङ्ग्रह *'तमसुक'* (२०७६) मा समावेश गरिएका कथाको विश्लेषण गरिएको छ । यस कथा सङ्ग्रहमा जम्मा तेइसवटा कथा समावेश छन् । उनले ती कथामा ग्रामीण तथा कामका सिलसिलामा विदेशिनु परेको अवस्था, अमेरिकी संस्कार, धनिबाट गरीबले हेपिनुपरेको अवस्था आदि कथावस्तुलाई मुख्य विषयवस्तु बनाएका छन् । उनका कथा आयामका दृष्टिले कुनै लामा छन् भने कुनै छोटा रहेका छन् । यस कथा सङ्ग्रहभित्र विविध कथावस्तुलाई समेटेर निश्चित दिशा दिन सकेका छन् ।

सातौँ परिच्छेद अन्तर्गत यस शोधपत्रको निष्कर्ष प्रस्तुत गरिएको छ । समग्रमा भन्दा नेपाली साहित्यका क्षेत्रमा पद्य कविता लेखन तथा आख्यानात्मक विधा अन्तर्गत उपन्यास र कथा विधामा कलम चलाएका विश्वकर्मा एक कुशल स्रष्टा हुन् । विभिन्न क्षेत्रमा देखिएको उनको प्रतिभाले विश्वकर्मा नेपाली साहित्यका एक उच्च साधकका रूपमा चिनिँदै आएका छन् । २०४० सालबाट साहित्य यात्रा सुरू गरेका विश्वकर्माको अथक मिहिनेत, निरन्तर साधना र साहित्यमा समर्पित भूमिकाद्वारा नेपाली साहित्यलाई ठूलो योगदान दिएको देखिन्छ ।

## ७.२ निष्कर्ष

पदम विश्वकर्मा नेपाली साहित्यको आधुनिककालमा देखापरेका बहुमुखी प्रतिभाशाली साहित्यकार हुन् । नेपाली साहित्यका कविता, उपन्यास र कथा विधामा देखापरेका विश्वकर्मा गीत, गजल र निबन्ध लेखनमा पनि कलम चलाउँदै आएका छन् । उनले साहित्यका विभिन्न विधामा रहेर उल्लेख्य योगदान पुऱ्याएका छन् । उनका हालसम्म *शब्द सुमन, क्वारेन्टाइन* र *तमसुक* गरी तीनवटा कृतिहरू प्रकाशित छन् । यसरी साहित्यिक व्यक्तित्वमा कवि, कथाकार र उपन्यासकारका रूपमा चिनिँदै आएका विश्वकर्माको साहित्येतर व्यक्तित्वमा सामाजिक, सम्पादक र संस्थापक आदि पनि उनका चिनारी हुन् । नेपाली साहित्यका विविध विधामा रहेर कलम चलाउने साहित्यकारहरूको सूचीमा विश्वकर्मालाई पनि लिन सकिन्छ । उनका कृतिहरू सरल र सबल बन्दै गइरहेका छन् । नेपाली साहित्यका क्षेत्रमा कवि, उपन्यासकार र कथाकार आदि विभिन्न व्यक्तित्वका रूपमा आफूलाई स्थापित गर्नु नै विश्वकर्माको मह□वपूर्ण योगदान हो ।

विश्वकर्माले कविता विधामा रहेर उल्लेख्य योगदान पुऱ्याएका छन् । एउटा कविता सङ्ग्रह प्रकाशित गरेका उनका कवितामा सामाजिक यथार्थ, प्रकृतिप्रतिको मोह, राजनीतिक विसङ्गति, देशप्रतिको प्रेम, जातीय विभेद, आर्थिक अवस्था जस्ता विषयवस्तु पाउन सकिन्छ । एउटै सङ्ग्रहका कवितामा विषयगत विविधता प्रस्तुत गर्नु उनको एउटा नवीन प्रयोग मान्न सकिन्छ । विशेष गरेर उनका कवितामा प्रकृतिप्रतिको प्रेम, देशप्रतिको प्रेम, राजनीतिक विसङ्गति, विकृति, जातीय छुवाछुत जस्ता विषयवस्तु व्यापक रूपमा पाइन्छ । कवितामा हुनुपर्ने आवश्यक तत्वहरू पनि प्रयोग भएको छ । कविताको मुख्य कुरा भाव विधानलाई उनले यथोचित प्रयोग गरेका छन् । जसले गर्दा उनलाई कवि व्यक्तित्वका रूपमा चिनाएको छ । यसरी उनले कविताका क्षेत्रमा मह□वपूर्ण योगदान दिएका छन् ।

त्यस्तैगरी पदम विश्वकर्माले कलम चलाएको अर्को विधा उपन्यास हो । परिमाणात्मक रूपमा एउटा मात्रै उपन्यास प्रस्तुत गरे पनि गुणात्मक रूपमा उल्लेख्य रहेको छ । विश्व जगत्मा कोरोनाले पारेको प्रभाव, त्यसबाट मान्छेले भोग्नुपरेको दयनीय अवस्था, आफन्त गुमाउनुको पीडा, घरबारविहीन हुनुको पीडा, विश्व अर्थतन्त्र नै धरासायी बन्न पुगेको स्थिति जस्ता विषयवस्तुलाई उनले उपन्यासमा समावेश गरेका छन् । साहित्यका विभिन्न विधामा कलम चलाएका विश्वकर्मा साहित्येतर विधामा पनि उत्तिकै सक्रीय छन् । त्यसैले उनले उपन्यास विधामा कलम चलाउनु नै मह□वपूर्ण योगदान मान्नुपर्दछ । पदम

विश्वकर्माले नेपाली साहित्यमा कथा विधाबाट पनि उल्लेखनीय योगदान पुऱ्याएका छन् । परिमाणात्मक रूपमा धेरै कथा भएपनि गुणात्मक रूपमा पनि मह□वपूर्ण नै छन् । उनले ती कथामा ग्रामीण जीवन, अमेरिकन जीवन, पैसा कमाउने आशामा विदेशिन पुगेका युवाहरूको सङ्घर्षमय जीवन जस्ता कथावस्तुलाई मुख्य विषयवस्तु बनाएका छन् । सामाजिक विषयवस्तुलाई अङ्गालेर लेखिएका उनका कथामा व्यक्ति, समाज, विभिन्न वर्ग बीचको अन्तर, अमेरिकन संस्कार, विदेशी भूमिमा गर्नुपरेको सङ्घर्ष प्रष्टै देखिन्छ । आयामका हिसाबले छोटा र लामा दुबैखाले कथा लेखेपनि यसभित्र विविध कथावस्तुलाई समेटेर निश्चित दिशा दिन सक्नु उनको ठूलो योगदान हो ।

यसरी साहित्यका विविध विधामा कलम चलाएका विश्वकर्माले आफ्नो अमूल्य योगदान दिएका छन् । उनी जसरी कविता विधामा लागिपरेका छन् त्यसैगरी उपन्यास र कथा विधामा पनि सक्रीय देखिन्छन् । यसर्थ उनले साहित्यका विविध विधामा आफ्नो अमूल्य योगदान पुऱ्याएर आफूलाई बहुमुखी प्रतिभाशाली साहित्यकारका रूपमा स्थापित गर्न सफल भएका छन् । उनी कवि, उपन्यासकार, कथाकार, सम्पादक, संस्थापक, समाजसेवी आदि व्यक्तित्व हुन् । यिनै व्यक्तित्व भित्र फूलेको अर्को साहित्यिक व्यक्तित्वले नेपाली साहित्यको भण्डारमा थप नयाँनयाँ रचनाहरू थपेर मह□वपूर्ण योगदान पुऱ्याएको देखिन्छ ।

## परिशिष्ट १

**१. तपाईंको जन्म मिति, जन्मस्थान र खास नामका बारेमा बताइदिनुहोस् न ।**

जन्म मिति : २०२४ साल असोज १४ गते

जन्मस्थान : बलिथुङ, लमजुङ

खास नाम : पदमबहादुर विश्वकर्मा

**२. तपाईंका माता पिताको नाम के हो ?**

माता : जौमाया विश्वकर्मा

पिता : बुद्धिराम विश्वकर्मा

**३. तपाईंको पैतृक थलो कहाँ हो ?**

बलिथुङ, लमजुङ हो ।

**४. आफ्ना माता पिताको कतिऔं सन्तान हुनुहुन्छ ?**

तेस्रो सन्तान एवं कान्छो छोरो हुँ ।

**५. तपाईंको बाल्यकालका बारेमा केही बताइदिनुहोस् न ।**

म गरिब परिवारमा जन्मेर हुर्केको व्यक्ति हुँ । चार बर्षको हुँदा बा-आमा बलिथुङबाट धमिलीकुवा बसाई सर्नुभयो । ६ वर्षको उमेरमा धमिलीकुवा स्थित निम्नमाध्यमिक विद्यालयमा अध्ययन शुरु गरेँ । म १३ वर्षको हुँदा आमाको निधन भयो । जतिबेला म कक्षा ५ मा अध्ययन गर्दै थिएँ । त्यहीँ खेलेँ, हुर्केँ र बढेँ । मेरो बा मलायामा सुनको गहना बनाउने सिलसिलामा केही वर्ष विदेशिनु भयो । जेठा दाइ २० वर्षको भएपछि मात्रै माइला दाइ जन्मनु भयो र त्यसको चार वर्षमा म जन्मन पुगेँ । म जन्मदाँ आमाको उमेर ४५ वर्षको थियो । जेठा दाजुको बिहे भएर दुई सन्तान जन्मेपछि भएको मेरो जन्म भाउजुकै दुध खान पाएर हुर्केको भन्ने भनाइ छ ।

**६. यहाँको शिक्षा दिक्षाका बारेमा जानकारी दिनुहोस् न ।**

मैले तनहुँस्थित कालिका माध्यमिक विद्यालयबाट हाइस्कुल सकेँ । काठमाडौं रत्नराज्यक्ष्मी क्याम्पसबाट आइए, त्रिचन्द्र क्याम्पसबाट विए र कीर्तिपुरबाट समाजशास्त्र/मानवशास्त्रमा एमए उर्तीण गरेको छु ।

**७. तपाईंको विवाह कहिले भयो ? तपाईंको वैवाहिक जीवनका बारेमा बताइदिनुहोस् न ।**

२०४८ साल फागुन महिनामा कमला विश्वकर्मासँग मेरो विवाह भयो । मेरो एसएलसीको टेस्ट परीक्षाताका बुवा थला पर्नुभयो र बुवालाई गोरखाको आँपपिपल अस्पतालमा भर्ना गरेका थियौं । केही महिना बुवाको उपचार त्यस अस्पतालमा भयो । भदौ देखि थला पर्नुभएको बुवा कार्तिक महिनामा सिकिस्त बिरामी पर्नु भयो र पुष महिनामा त्यसै अस्पतालमा देहवसान भयो ।

कमला त्यसै अस्पतालमा कर्मचारी थिइन् । हाम्रो चिनजान अस्पतालमा नै भयो । उनका जेठा दाजु र मेरा जेठा दाजुको सामान्य चिनजान थियो । त्यसै नाताले उनका साँइला दाजुको किताबहरू पढ्न दिएर उनले सहयोग गरेकी थिइन् । मैले तिनै किताबहरू पढेर अस्पतालमै बसेर बिरामी कुर्दै एसएलसी परीक्षाको तयारी गरेको थिएँ । मायाका आँकुराहरू त्यति बेलादेखि नै पलाउन थालेको थियो हाम्रो जीवनमा ।

बुवाको काजक्रियाको काम सकेर भोलिपल्ट एसएलसी परीक्षा दिन पुगेको थिएँ । पर्सीपल्टदेखि एसएलसीको परीक्षा चल्दै थियो । एसएलसी परीक्षा सकेपछि म काठमाडौंतिर लागें । खासै सम्पर्क भएन त्यसपछि । उनका जेठा दाजु र मेरा जेठा दाजुको सामान्य चिनजान थियो । बिहेको लागि कुराकानी भएको दाजुबाट सुन्नमा आयो । त्यसपछि हाम्रो पत्राचार आरम्भ भयो । त्यो सम्बन्ध बिहेमा परिणत हुन पुग्यो ।

**८. तपाईंका सन्तान कति छन् ?**

दुई छोराहरू छन् ।

**९. तपाईंको पारिवारिक अवस्था कस्तो छ ?**

म १३ वर्षको हुँदा मेरो आमाको मृत्यु भयो र त्यसको ५ वर्ष भनौं म १८ वर्षको हुँदा बुवाको मृत्यु भएको हो । म अमेरिका आइपुगेको केही वर्ष पछि जेठा दाजुको पनि देहवसान भयो । माइला दाजु भारतको स्टेट बैंकमा काम गर्नुहुन्छ । दाइको घरबार उतै जमेको छ । लमजुङको घरमा जेठी भाउजु र उहाँका छोराछोरीहरू छन् । म भने अमेरिकामा श्रीमती र दुई छोराहरू सहित बसोबास गर्दै आइरहेको छु ।

**१०. तपाईंको आर्थिक अवस्था कस्तो छ ?**

आर्थिक अवस्था कस्तो भन्नु ? गरिब परिवारमा जन्मेको मान्छे म । धमिलीकुवामा पैत्रृक सम्पत्तिका रूपमा केही जग्गा छ । बाँकी अमेरिकामा एउटा घर र केही व्यापार छ बस् ।

**११. तपाईंको जीवनमा प्रभाव पार्ने खास त्यस्तो कुनै कुरा छ ?**

प्रभाव पार्ने मसँग दुःख छ । मैले जिन्दगीमा दुःखका धेरै पहाडहरू उक्लेको छु । सानो उमेरमा टुहुरो भएकोले पनि मानसिक रूपमा सानैदेखि पीडित हुनु पऱ्यो । आफ्नै मिहिनेतमा काम गर्दै पढाइ सकैँ । काठमाडौँमा सामान्य काम गर्दै जिविका चलाएँ । गरिबीले कहिल्यै छाड्न सकेन । गरिबीका तिनै कहाली लाग्दा दिनहरूले अमेरिका आइपुग्न बाध्य बनायो । अमेरिका आएपछि पनि धेरै दुःख सहनु पऱ्यो । धेरै मिहिनेत गर्नुपऱ्यो । तिनै दुःखहरू नै मेरा जीवनमा प्रभाव पार्ने खास तत्व बने ।

**१२. तपाईं आफूलाई कुन रूपमा चिनाउनुहुन्छ ?**

म खासमा केही होइन । म आफूलाई दुःखसँग लड्न सक्ने व्यक्तिको रूपमा चिनिन सक्छु । तर दुःखसँग लडेर पनि जिन्दगीमा केही गर्नुपर्छ भन्ने मान्यता बोकेको व्यक्ति हुँ ।

**१३. तपाईं नेपाली साहित्यमा स्नातक गरेर समाजशास्त्रमा स्नातकोत्तर गर्नुभएको रहेछ कुनै कारण छ कि ?**

म नेपाली साहित्य सारै मन पराउने व्यक्ति । आमा बितेपछिका टुहुरा दिनहरू *गौरी, मुनामदन* आदि पढेर दुःख साटेँ । ती किताबहरू सानैमा कण्ठ पारेको थिएँ । विभिन्न कविता सङ्ग्रह लगायत नेपाली *शिरीषको फूल, दोषी चस्मा* आदि किताबहरू सानै उमेरमा पढ्न पाएको थिएँ । हाइस्कूलमा त म नेपाली विषयमा उच्च अङ्क ल्याउनेमा पर्दथेँ । निबन्ध, कविता आदि प्रतियोगिताहरूमा पहिलो या दोस्रो हुने गर्दथेँ ।

कलेजमा पनि नेपाली विषय रोजेँ । तर त्यसबेला नेपालमा समाजशास्त्रको पढाई र यसको मह□व व्यापक हुन थाल्यो । त्यसैले यस विषयले तान्न सक्यो । समाजशास्त्रमा एमए गरेपछि नेपाली साहित्यमा पनि एमए गर्ने धोको थियो, तर समयले अमेरिका डोऱ्यायो । त्यो धोको अपुरो अधुरो रहन गयो ।

**१४. अमेरिका जानुको कारण के छ ?**

नेपालमा प्रजातन्त्र भर्खर भर्खर प्रादुर्भाव भएको थियो । कलिलो थियो भनौँ न प्रजातन्त्र । माओवादी जनयुद्धले देश प्रभावित पनि भइरहेको थियो । नेपाली युवाहरू विदेशिने लहर निकै चल्यो । हङकङ, कोरिया, जर्मन, जापान जान चाहनेहरूको लामो लस्कर थियो देशभरी । गरिबीले पनि उस्तै जकडिरहेको बेला केही कमाउन पनि विदेश नै जानुपर्छ भन्ने परिवारको पनि चाहना थियो । त्यसैले अमेरिका हामफालेँ ।

**१५. तपाईं अब उतै बस्ने कि नेपाल फर्किने ?**

फर्कन मन त छ नि । आफू जन्मेको देश, मातृभूमि । तर चाहनाले मात्रै पनि हुँदैन । छोराहरूको पढाइ पूरा गर्नुछ । योजना छ, हेरौँ समय र परिस्थितिले कत्तिको साथ दिन्छ ।

**१६. तपाईं नेपाली साहित्य लेखनमा कहिलेदेखि लाग्नुभयो ?**

वि.सं. २०४०, २०४१ मा हाइस्कुलदेखि नै हो । कलेज पढ्दा त धेरै कविता, लेखरचनाहरू पत्रपत्रिकामा पनि प्रकाशन भएका थिए । रेडक्रस मासिकमा त नियमित रूपमा प्रकाशन हुन्थे ।

**१७. कस्को प्रेरणाले साहित्यमा लाग्नुभयो ?**

प्रेरणाका स्रोत जेठा दाजु हुनुहुन्छ । उहाँ कविता, उपन्यासहरू खुब पढ्नुहुन्थ्यो । काठमाडौँ पोखराबाट फर्कँदा विभिन्न किताबहरू लिएर फर्कनुहुन्थ्यो । त्यति बेलादेखि नै नेपाली साहित्यप्रतिको रूचि बस्न थाल्यो ।

**१८. तपाईंलाई मनपर्ने साहित्यकार को हुन् ?**

मन पर्ने साहित्यकारहरू धेरै छन् । ती मध्ये पारिजात, विश्वेश्वर प्रसाद कोइराला, गुरूप्रसाद मैनाली । वर्तमानमा कृष्ण धराबासी, अमर न्यौपाने, नीलम कार्की निहारिका, नारायण ढकाल ।

**१९. पहिलो साहित्यिक सफलता पाउँदाको अनुभव भनिदिनुहोस न ।**

हाइस्कुल पढ्दा राष्ट्रव्यापी निबन्ध प्रतियोगितामा तेस्रो स्थान हाँसिल गर्दाको क्षण ।

**२०. साहित्य र तपाईंको व्यक्तिगत जीवनमा कत्तिको तालमेल छ ?**

छ वा छैन । दुवै छ । विदेशको बसाई, कामको व्यस्तता, सामाजिक जिम्मेवारी, विभेदको झस्का सबै जिम्मेवारी छन् । तर यी सबै भएर पनि समय छुट्टयाएर पढ्ने लेख्ने गर्छु ।

**२१. कुन समयमा बढी साहित्यिक रचनाहरू सृजना गर्नुहुन्छ ?**

विदेशमा सजिलो छैन । मनमा प्लटहरूले डेरा गरेपछि, कुनै प्रसङ्गले छोएपछि लेख्न मन लाग्छ ।

**२२. साहित्यका कति विधामा कलम चलाउनुभएको छ ? तपाईंको रूचिको विषय कुन विधा हो?**

कविता, गीत, गजल, कथा, उपन्यास, नियात्रा, स्मरण, निबन्ध । रूचि भने बढी कथा, उपन्यास, नियात्रा, स्मरण र निबन्धमा छन् ।

**२३. तपाईंका रचनाले विशेषगरी के कुरा व्यक्त गरिरहेका हुन्छन् ?**

सामाजिक विषयवस्तुका विषय । छुवाछुत, विभेद, सामाजिक घटना, सामाजिक परिवेश, गरिबी ।

**२४. समाजले के कस्ता पक्षले तपाईंको सृजनामा स्थान पाइरहेका हुन्छन् ?**

म इस्यु बेसमा रहेर लेख्न मन पराउँछु खासगरी । सामाजिक घटना, परिवेश, गरिबी यिनै हुन् मुख्य गरी ।

**२५. धेरै क्षेत्रमा हात हाल्नुभएको छ, तरपनि नेपाली साहित्यलाई समृद्धशाली बनाउन अहम भूमिका खेल्नुभएको छ यसको जडसुत्र के हो नि ?**

खास गरी म नेपाली साहित्यलाई मन पराउने, माया गर्ने व्यक्ति हुँ । विदेशमा पनि नेपाली साहित्यलाई बचाइ राख्नुपर्छ, हाम्रा सन्ततिले पनि नेपाली साहित्यलाई पढुन् भन्ने नै हो । र, अर्को कुरा साहित्य मनको भावना ओकल्ने बलियो माध्यम पनि भएकोले आफ्ना मनका भावनाहरू पस्कन सजिलो माध्यमका रूपमा पनि नेपाली साहित्य भएर होला, नेपाली साहित्यका कृतिहरू पढ्न सारै मन लाग्छ ।

**२६. नेपाली साहित्यको वर्तमान अवस्थालाई कुन रूपमा मूल्याङ्कन गर्नुहुन्छ ?**

नेपाली साहित्य फक्रँदो रूपमा छ । नेपालीहरूमा लेख्ने पढ्नेमा विकास निकै बढेको पाइन्छ । युवा पुस्ताहरूमा पनि नेपाली साहित्य पढ्न र लेख्नमा निकै रूचि देखिन्छ । वर्तमानमा नेपाली साहित्यको स्तर परिस्कृत र परिमार्जित हुँदै पनि आएको छ । आशा छ, यसले विश्व साहित्यमा राम्रो प्रभाव पार्नेछ ।

**२७. प्रकाशोन्मुख कुनै कृतिहरू छन् ?**

छन् । *लुसु* उपन्यास केही महिनामा बजारमा आउने आशा छ । त्यस्तै अर्को उपन्यास र कथा सङ्ग्रह केही वर्षभित्र बजारमा आउनेछन् ।

**२८. नेपाली साहित्यमा तपाईं आफ्नो स्थान कुन रूपमा पाउनुहुन्छ ?**

म त सामान्यरूपमा लेख्न र पढ्न मन पराउने मान्छे हुँ । म लेख्छु, आफूलाई लागेका विषयमा लेखिरहने छु, बस् । म कहाँ छु, कुन स्थानमा छु त पाठकहरूले छुट्टयाउने कुरा हो ।

**२९. प्रवासमा बसेर साहित्य सृजना गर्नु कत्तिको सहज छ ?**

सहज छैन । माथि पनि कतै त्यो असहता प्रकट गरेको छु । विदेशमा काम गर्नै पर्छ नत्र घर खर्च जुटाउन धौ धौ पर्छ । त्यसपछि सामाजिक जिम्मेवारी ।

**३०. तपाईं कुन वर्गका पाठकलाई लक्षित गरेर साहित्यिक सृजना गर्नुहुन्छ ?**

ग्रामीण जनजीवनका पाठक जो पीडामा छन्, जो दु:खका आहालमा डुबिरहेका छन्, जो सामाजिक भेदभावमा जकडिएका छन्, अन्याय, अत्याचारमा परिरहेका छन् ।

**३१. तपाईंका विचारमा साहित्य के हो ?**

साहित्य आफ्ना भावना पस्कने बलियो माध्यम हो । जसले समाजका विभिन्न पक्षहरूलाई समेटेको हुन्छ, सन्देशमूलक हुन्छ ।

**३२. तपाईको साहित्यिक पाटो जत्तिकै साहित्येतर पाटो छ नि । यो तपाईंको रूचि हो कि परिस्थितिको परिवन्ध ?**

रूचि मुख्य पक्ष हो र परिस्थिति परिबन्ध । नेपाली साहित्यको उन्नयनमा सरिक संस्थामा संलग्न भएकोले पनि यसबारे जान्ने बुझ्ने धेरै मौका पाएको छु, त्यसले पनि नेपाली साहित्यमा संलग्न हुन थप दायित्व बोध गराएको छ ।

**३३. आजसम्म के कति संस्थामा आबद्ध हुनुभएको छ बताइदिनुहोस् न ।**

धेरै भए त्यस्ता संस्था । नेपालमा रहँदा छुवाछुत विरोधी संघसंस्था । यता आएपछि पनि अनेसास, नासो, ग्लोवल फोरम, नासिया, ब्लड डोनर्स अमेरिका, रक्की माउन्टेन फ्रेण्ड अफ नेपाल, पदम विश्वकर्मा साहित्य प्रतिष्ठान । ती मध्ये धेरै संस्थाहरूमा अहिले पनि सल्लाहकारको भूमिकामा रहेको छु ।

**३४. यति धेरै संघ संस्थामा आबद्ध हुनुको कारण केही छ कि ?**

मुख्य उद्देश्य नेपाल र नेपालीलाई जोड्ने हो भने केही संस्था नेपाली साहित्यलाई विदेशमा बचाइ राख्ने अभियानमा र केही संस्थामार्फत छुवाछुत तथा सामाजिक भेदभाव विरुद्धको अभियानमा सरिक हुने कारण हुन् ।

**३५. यहाँ विभिन्न गरिमामय पदमा रहनुभएको रहेछ तिनीहरूका बारेमा केही जानकारी दिनुहोस् ।**

मुख्य त म लामो समयदेखि अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजमा संलग्न छु । यो संस्था नेपाली भाषा, साहित्य र संस्कृति बचाइराख्ने अभियानमा उन्नत छ । ३१ वर्ष पहिले स्थापित अनेसासले विश्वभरका नेपालीहरूलाई भाषा साहित्यको माध्यमबाट जोड्ने काम गरिरहेको छ भने अन्तर्राष्ट्रिय स्तरमा सभा, सम्मेलन गर्ने, पुरस्कारहरू प्रदान गर्ने, कृतिहरू प्रकाशन गर्ने काम गर्दै आएको छ ।

ग्लोबल फोरमले नेपालको दलित आन्दोलनमा ऐक्यवद्धता प्रकट गर्ने, विदेशमा रहेका दलित समुदायलाई संगठित गर्ने र विदेशमा हुँदै आएका छुवाछुत तथा विभेद विरुद्ध काम गर्दै आएको छ ।

त्यस्तै पदम विश्वकर्मा साहित्य प्रतिष्ठानले छुवाछुत विरुद्ध लेखिएका कविता प्रतियोगिता आयोजना गर्ने, विभेद विरुद्ध साहित्यिक कृतिहरू प्रकाशन गर्ने र विभेद विरुद्ध कलम चलाउँदै आएका साहित्यकारहरूलाई सम्मान-पुरस्कृत गर्दै आएको छ ।

**३६. उल्लिखित प्रश्नहरूदेखि बाहेक अन्य जानकारीहरू छन् कि ?**

धेरै कुराहरू प्रश्नहरू मार्फत आइसकेका छन् । यो अवसरका लागि हार्दिक आभार व्यक्त गर्दछु ।

## सन्दर्भ ग्रन्थसूची

अवस्थी, महादेव (२०५५), *नेपाली कथा भाग २ (सम्पा.),* ललितपुर : साझा प्रकाशन ।

खनाल, सुन्दर (२०६५), "गेहेन्द्रभूषण पोखरेलीको जीवनी, व्यक्तित्व र कृतित्व अध्ययन", अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

खत्री, अरूणबहादुर (२०७९), "क्वारेन्टाइनमाथि दुईचार कुरा", *अक्षरमार्ग,* (माघ चैत) ।

गौतम, लक्ष्मणप्रसाद र अधिकारी, ज्ञानु (२०६९), *नेपाली कथाको इतिहास,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

दाहाल, गायत्री (२०७१), "गोवर्द्धन पूजाको जीवनी, व्यक्तित्व र कृतित्व अध्ययन", स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर ।

भट्ट, सुशीला (२०६०), *गुरूप्रसाद मैनाली : व्यक्ति र कृति,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६०), *कविता सिद्धान्त र नेपाली कविताको इतिहास,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६७), *नेपाली काव्य समालोचना,* काठमाडौँ : पैरवी प्रकाशन ।

लुइटेल, लीला (२०६०), *नेपाली कथाकार (सम्पा.),* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

लुइटेल, सङ्गीता (२०७३), "पीताम्वर नेपालीको जीवनी, व्यक्तित्व र कृतित्व अध्ययन", स्नातकोत्तर, नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर ।

विश्वकर्मा, पदम (२०७०), *शब्दसुमन,* वाशिङ्टन डिसी अमेरिका : अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज ।

विश्वकर्मा, पदम (२०७६), *तमसुक,* काठमाडौँ : शिखा बुक्स ।

विश्वकर्मा, पदम (२०७८), *क्वारेन्टाइन,* काठमाडौँ : साङ्ग्रिला पुस्तक प्रा.लि.।

शर्मा, मोहनराज (२०५०), *कथाको विकास प्रक्रिया* (दोस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६२), *शोधविधि,* (तेस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।